काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

वर्ष १८, अंक ९५, पृष्ठ ८, मंगलबार, २६ साउन २०८३, श्रावण कृष्णपक्ष चतुर्दशी, Tuesday, 11 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-

nagariknews.com

**विचार**

नागरिकले दोस्रो सिलिन्डर जोहो गर्नु राज्यप्रतिको भरोसा टुटेपछिको स्वाभाविक र नैतिक आत्मरक्षात्मक व्यवहार हो ।

**समाचार**

लालबकैया बाँध उच्च जोखिममा




**प्रिन्स दाहाल पहिलो खेलमै पराजित**

नेपाल नम्बर एक खेलाडी प्रिन्स दाहाल १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको पहिलो खेलमै पराजित भएका छन् ।

### रंगशालामा पनि राजनीति

# १२ वर्षसम्म काम नहुँदा चरन क्षेत्र



विराटनगर-१९ स्थित गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला । *फाइल तस्बिर : नागरिक*

**विनोद सुवेदी**

*विराटनगर, साउन २५*

तत्कालीन सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा गरेको विराटनगर महानगरपालिका-१९ बैजनाथपुरस्थित गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला निर्माण प्राथमिकतामा नपर्दा अलपत्र अवस्थामा छ। तत्कालीन खेलकुदमन्त्री डिगबहादुर लिम्बूको पालामा गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला निर्माणका लागि डिपिआर तयार भएको थियो । रंगशाला निर्माणका लागि दुई अर्ब ९६ करोड रुपैयाँ लागत अनुमानसहितको डिपिआर बनाइए पनि त्यसपछिका सरकारले निर्माणमा प्राथमिकता नदिँदा काम अघि बढ्न नसकेको पूर्वमन्त्री लिम्बूको गुनासो छ।

रंगशाला निर्माणका लागि सकेजति प्रयास गरेको तर बजेट निर्माणअघि नै आफू मन्त्रीबाट हटेका कारण यसलाई बहुवर्षीय योजनामा राख्न नसकेको लिम्बूले बताए। रंगशाला अलपत्र पर्नुमा राजनीतिक कारण नै मुख्य रहेको उनको दाबी छ। 'राजनीतिक पूर्वाग्रहका कारण गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला निर्माण हुन नसकेको हो,' लिम्बूले भने। तत्कालीन सरकारले काठमाडौंको मूलपानीमा साढे ६ अर्ब, चितवनको भरतपुरमा तीन अर्ब र मोरङको विराटनगरमा करिब

> राजनीतिक दाउपेच, संघ-प्रदेश स्वामित्व विवाद र बेवास्ताले अलपत्र परेको विराटनगर-१९ बैजनाथपुरस्थित गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला करिब १७ बिघा क्षेत्रफलमा फैलिएको छ। संघीय सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको यो रंगशाला निर्माण प्राथमिकतामा नपर्दा चरन क्षेत्रमा परिणत हुँदै छ।

तीन अर्बकै डिपिआर बनाएर काम अघि बढाउने तयारी गरेको थियो। तर त्यसपछिका सरकारले अन्य रंगशाला निर्माणलाई निरन्तरता दिए पनि विराटनगरमा बनाउने भनिएको क्रिकेट रंगशालालाई प्राथमिकतामा नराखेको लिम्बू बताउँछन् ।

लिम्बूपछिका मन्त्रीहरू र सरकारले पनि हरेक वर्ष बजेटमा गिरिजाप्रसाद क्रिकेट रंगशालालाई प्राथमिकतामा राखेको भन्दै बजेट विनियोजन गरेको देखिन्छ। तर तीन अर्बको आयोजनालाई दुई/तीन करोड मात्रै बजेट विनियोजन गर्ने परिपाटीले रंगशाला निर्माणमा प्रगति हुन नसकेको हो। चालु आर्थिक वर्षको बजेटमा पनि यो रंगशाला निर्माणका लागि संघीय सरकारले एक करोड ६८ लाख रुपैयाँ डिपिआर पुनरवलोकन शीर्षकमा र प्रदेश सरकारले पाँच करोड रुपैयाँ बजेट विनियोजन गरेका छन्। तर संघ र प्रदेश सरकारले छुट्टाछुट्टै बजेट विनियोजन गरेका कारण चालु आर्थिक वर्ष पनि बजेट खर्च हुनेमा आशंका छ।

**संघ र प्रदेशको गोलचक्कर**

विगतमा क्रिकेट रंगशाला संघीय सरकारको मातहतमा थियो, पछि प्रदेश सरकारको मातहतमा ल्याइयो। प्रदेशले क्रिकेट रंगशाला निर्माणलाई प्राथमिकता दिने घोषणा पनि गरेको थियो। मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पहिलो कार्यकालमा कोसी प्रदेशको गौरवको आयोजनाका रूपमा साबिक बैजनाथपुर क्रिकेट रंगशाला निर्माणअघि बढाउने घोषणा गरेका थिए। उनले कोसी प्रदेशको नीति तथा कार्यक्रममा समेत क्रिकेट रंगशाला निर्माणको योजनालाई समेटे तर संघीय सरकारले बैजनाथपुर रंगशालाको नाम परिवर्तन गरी गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला नामकरण गऱ्यो। संघीय सरकारले रंगशालाको नाम मात्रै परिवर्तन गरेन रंगशालालाई प्रदेशबाट खोसेर राष्ट्रिय गौरवको आयोजना घोषणा पनि गऱ्यो।

बाँकी पृष्ठ २

## गौतमबुद्ध रंगशाला अलपत्र

**वसन्त ढुंगाना**

*चितवन, साउन २५*

चितवनको भरतपुर महानगरपालिका-१५ स्थित रामपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशालाको काम तोकिएको समयमा सम्पन्न गर्न कठिन हुने देखिएको छ। निर्माण सम्पन्न गर्ने निर्धारित समय सकिन करिब पाँच महिना मात्र बाँकी रहे पनि हालसम्म भौतिक प्रगति ६० प्रतिशत मात्रै सम्पन्न भएको हिमालयन कालिञ्चोक बिबिआरका इन्जिनियर धर्मेन्द्र गुप्ताले जानकारी दिए। यही कम्पनीले निर्माणको ठेक्का पाएको हो।

> निर्माण सम्पन्न गर्ने निर्धारित समय सकिन करिब पाँच महिना बाँकी, भौतिक प्रगति ६० प्रतिशत मात्र

'अहिलेसम्म रंगशालाको वित्तीय प्रगति ४५ प्रतिशतजति र भौतिक प्रगति ६० प्रतिशतजति भएको छ,' निर्माण कम्पनीका साइड इन्जिनियर गुप्ताले भने, 'पाँच महिनामा सक्ने गरी बाँकी काम अगाडि बढाएका छौं।' २०८१ असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनीबिच २०८३ पुस २२ मा काम सक्ने गरी कुल ७८ करोड ५० लाख ९१ हजार १८९ रुपैयाँमा सम्झौता भएको थियो। बागमती प्रदेश सरकारबाट बजेट निकासामा ढिलाइ भएकाले बिचमा पाँच महिना काम रोक्नुपरेको गुप्ताले बताए।

'प्रदेश सरकारबाट नौ करोड रुपैयाँ विनियोजन हुनुपर्ने थियो। त्यो बजेट भुक्तानी नभएर पुसदेखि जेठसम्म काम बन्द भयो,' उनले भने, 'समयमा भुक्तानी भएको भए काम समयमा सकिन्थ्यो।' उनका अनुसार रंगशाला निर्माणको सम्पूर्ण काम सम्पन्न गर्न तीन महिनाजति म्याद थप गर्नुपर्ने हुन सक्छ। ३० महिनासम्म सक्ने गरी सम्झौता भए पनि अहिलेसम्म चार वटा प्यारापिटमध्ये तीन वटाको सकिएको उनले बताए। बाँकी एउटाको ढलान गर्ने तयारी गरिएको इन्जिनियर गुप्ताले बताए। 'तीन वटा प्यारापिटको काम सबै सकिएको छ। बाँकी एउटा प्यारापिटको काम एक महिनाभित्र सक्छौं,' उनले भने, 'भिआइपी टावरको काम पनि सकिएको छ। एउटामा ब्रिकवालदेखि प्लम्बिङको काम भएर प्लाईको काम भइरहेको छ।'

उनका अनुसार पर्खालको काम पूरा भएको र मैदानको केही प्रतिशत काम भएको उनले बताए।

बाँकी पृष्ठ २

# सुगौली सन्धिको सक्कल कहाँ छ ?

### 'सरकारसँग जानकारी छैन'

**ईश्वरी सुवेदी**

*काठमाडौं, साउन २५*

नेपालको आधुनिक सीमा निर्धारण गर्ने सन् १८१६ को सुगौली सन्धि र भारतसँगको सन् १९५० को शान्ति तथा मैत्री सन्धिको सक्कल तथा औपचारिक दस्ताबेज नेपाल सरकारसँग छ वा छैन भन्ने विषय अन्योलमा छ। नेपाल-ब्रिटेनबिचको सुगौली सन्धि र नेपाल-भारतबिचको शान्ति तथा मैत्री सन्धिको सक्कल प्रति हराएको आशंका गर्दै नेपाली कांग्रेसका सचेतक निश्कल राईले सोमबार प्रतिनिधिसभामा सरकारसँग प्रश्न गरे।

जवाफमा परराष्ट्रमन्त्री शिशिर खनालले दस्ताबेजको प्रामाणिकताबारे नै स्पष्ट जानकारी नभएको स्वीकार गरे। 'मेरो जानकारीमा आएअनुसार हामीसँग सन् १८१६ को सन्धि र सन् १९५० को सन्धिका केही दस्ताबेज छन् तर सन्धिको औपचारिक दस्ताबेज नै छन् कि छैनन् भन्ने स्पष्ट जानकारी नेपाल सरकारसँग छैन। राष्ट्रिय अभिलेखालयमा सन्धिका केही कागजात रहेको तथ्य छ तर त्यो औपचारिक सन्धि नै हो/होइन भन्ने कुराको हामीसँग स्पष्ट जानकारी छैन।' यी विषयमा यसअघि पनि संसद्लाई जानकारी गराइसकिएको पनि उनले बताए। गत असार ८ गते कांग्रेस सचेतक निश्कल राईको संसद्मा दर्ता गरेको मौखिक प्रश्नको सोमबार उत्तर दिने क्रममा मन्त्री खनालले यसबारे बताएका हुन्।

सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको सक्कल प्रति नेपाल सरकारसँग छ वा छैन भन्ने प्रश्न नयाँ भने होइन। पहिलो पटक पूर्वपरराष्ट्रमन्त्री डा. नारायण खड्काले यी ऐतिहासिक दस्ताबेजका सक्कल प्रति नभएको स्वीकार गरेका थिए। २०७८ मंसिर ४ मा तत्कालीन परराष्ट्रमन्त्री खड्काले सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको सक्कल प्रति नभएको सार्वजनिक रूपमै बताएका थिए। नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिएनएएस) ले राजधानीमा गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनेका थिए, 'सरकारसँग सन् १८१६ को सन्धि र सन् १९५० को नेपाल-भारत मैत्री सन्धिसहितका महत्त्वपूर्ण दस्ताबेजको सक्कल प्रति नै छैन। यस्तो ऐतिहासिक दस्ताबेजहरूको सक्कल नहुनुले हाम्रो राष्ट्रिय चरित्र देखाउँछ।' गत जेठ ६ गते प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद धनञ्जय रेग्मीले सुगौली सन्धिको कपी पढ्न नपाएको बताएका थिए।

दुई शताब्दी नबित्दै नेपालको आधुनिक सीमारेखा कोर्ने यी दुई ऐतिहासिक दस्ताबेजको हविगत नै अन्योलमा रहनु कुनै सामान्य प्रशासनिक त्रुटि नभएको एक कूटनीतिक विश्लेषकले बताए। 'यो राष्ट्रिय स्मृति र सार्वभौमिकताको आधारशिलासँग जोडिएको गम्भीर विषय हो,' उनले भने, 'यसले आफैंमा सन्देश दिन्छ कि राज्यको संस्थागत सम्झना कमजोर छ र जवाफदेहिता प्रक्रियाभित्रै हराइरहेको छ।'

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का पूर्वसांसद प्रेम सुवालले सुगौली सन्धि खारेज हुनुपर्ने र त्यसबेला गुमेका भूभागहरू नेपालको हुनुपर्ने र सन् १९५० को सन्धि र महाकाली सन्धिलगायत असमान सम्झौताहरूले नेपालमाथि बाह्य हस्तक्षेप बढाएको भन्दै खारेज गर्नुपर्ने माग राख्दै आएका छन्।

एक परराष्ट्रविद्का अनुसार सुगौली सन्धिले नेपालको आधुनिक सीमाको कानुनी आधार तय गर्छ।

बाँकी पृष्ठ २



> प्रतिनिधिसभामा परराष्ट्रमन्त्री शिशिर खनालले भने, 'मेरो जानकारीमा आएअनुसार हामीसँग सन् १८१६ को सन्धि र सन् १९५० को सन्धिका केही दस्ताबेज छन् तर सन्धिको औपचारिक दस्ताबेज नै छन् कि छैनन् भन्ने स्पष्ट जानकारी नेपाल सरकारसँग छैन। राष्ट्रिय अभिलेखालयमा सन्धिका केही कागजात रहेको तथ्य छ तर त्यो औपचारिक सन्धि नै हो/होइन भन्ने कुराको हामीसँग स्पष्ट जानकारी छैन।'

## जेनजी विद्रोहमा ध्वस्त मन्त्रीनिवास बनाउन ४२ करोड

**भुवन शर्मा**

*काठमाडौं, साउन २५*

जेनजी आन्दोलनका क्रममा आगो लगाइएको ललितपुरको भैंसेपाटीस्थित मन्त्रीनिवासका भवन ४२ करोड रुपैयाँ लागतमा पुनर्निर्माण तथा मर्मत भइरहेको छ। सरकारले पुनर्निर्माण र मर्मतका लागि गत जेठमा ठेकेदार कम्पनीसँग सम्झौता गरेको थियो।

पूर्वाधार विकास मन्त्रालयमातहतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयका सूचना अधिकारी अरुण भुजेलका अनुसार आगामी असोजमा काम सक्ने गरी भएको सम्झौताअनुसार हाल काम भइरहेको छ। उनले भने, 'हाल भैंसेपाटीस्थित मन्त्रीनिवास पुनर्निर्माण तथा मर्मत सम्भारको काम भइरहेको छ।' उनका अनुसार पुनर्निर्माण पूरा भएपछि प्राथिमकताका आधारमा हाल पुल्चोकस्थित मन्त्रीनिवास र निजी निवासमा बस्दै आएका मन्त्रीलाई क्रमशः भैसपाटी लगिने छ।

तीन चरणमा काम सक्ने गरी ठेकेदार कम्पनीसँग सम्झौता भएको उनले बताए। 'पहिलो चरणको कामका लागि आठ करोड ६० लाख र दोस्रो चरणको कामका लागि १५ करोड ४९ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेका छौं', भुजेलले भने, 'यसबाहेक साजसज्जाका लागि १७ करोड ८९ लाख रुपैयाँमा छुट्टै सम्झौता गरेका छौं।' यो सबै रकम जोड्दा ४१ करोड ९८ लाख रुपैयाँ हुन्छ। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भैंसेपाटीस्थित मन्त्रीनिवासका २७ वटा ब्लकमध्ये २६ वटामा आगो लगाइएको थियो।

बाँकी पृष्ठ २

# कोसी पुरानै बाटोतर्फ, जोखिममा पाँच वडा

**अमर खड्का**

*श्रीलंका टापु (सुनसरी), साउन २५*

सप्तकोसी नदीको पश्चिम भँगालोले धार परिवर्तन गरी जग्गा कटान गर्न थालेको २० दिन भइसकेको छ। नदीले निरन्तर कटान गर्दा सुनसरी बराहक्षेत्र नगरपालिकाका-६ र ९ नम्बर वडासँगै

> सप्तकोसीको पश्चिम भँगालोले निरन्तर पश्चिमतर्फ कटान गरी पुरानो बाटो पक्रिन खोज्दा सुनसरी बराहक्षेत्र नगरपालिकाका-६ र ९ नम्बर वडासँगै उदयपुरको बेलका नगरपालिकाका-१, २ र ३ वडा उच्च जोखिममा।

उदयपुरको बेलका नगरपालिकाका-१, २ र ३ वडा उच्च जोखिममा परेका छन्। 'सप्तकोसीले तीन वर्षअघि पनि कटान गरेको थियो। त्यो बेला ३०/३५ घर पश्चिमतिर सरेका थिए। यसपटक धेरै नै कटान गरेको छ', बराहक्षेत्र- ६ की सुखी चन्द्रवंशीले भनिन्, 'नदीले निरन्तर पश्चिम हानिरहेको छ।' उनका अनुसार पहिला कोसी अहिले पश्चिम भँगालो भएको स्थानभन्दा दुई किलोमिटर दुरी पश्चिमबाट बग्थ्यो।

२०४५ सालअघि सप्तकोसीका दुवै किनारामा तटबन्ध थिएन, नदी पश्चिमबाट बग्थ्यो। त्यसबेला श्रीलंका टापु थिएन। कोसी पूर्वी र पश्चिम भँगालो भएर बग्न थालेपछि बिचमा टापु बनेको हो। पुराना जानकारहरूका अनुसार २०४५ सालको भूकम्पपछि सप्तकोसी धार परिवर्तन गरी पूर्वतर्फ बग्न थाल्यो। पछिल्ला वर्षमा सबैभन्दा बढी खतरा कोसीको पूर्वी तटबन्ध क्षेत्रमा थियो। २०६५ भदौ २ गते अहिलेको कोसी गाउँपालिका-३ पश्चिम कुसाहाबाट पूर्वी तटबन्ध भत्काएर कोसीले मानव बस्तीमा पसेर वितण्डा मच्चाएको थियो। पछिल्ला वर्षमा कोसीले पश्चिम धार परिवर्तन गरी पुरानै बाटो पक्रिन खोजेको स्थानीय बताउँछन्। 'कोसीले पुरानै ठाउँ ताकिरहेको छ', बराहक्षेत्र-६ की सुशीला चन्द्रवंशीले भनिन्, 'अहिले कोसी बगेको ठाउँमा हाम्रो नम्बरी जग्गा छ। नम्बरी जग्गा कोसीले बगाएपछि पश्चिमतर्फ सरेका हौं।' उनका अनुसार फेरि कोसी पुरानो धारमा फर्किए झन् बिचल्ली हुने छ। उनी अहिले बसेको जग्गा ऐलानी हो।

बाँकी पृष्ठ २



सप्तकोसी नदीको पश्चिम भंगालोले कटान गरेको बराहक्षेत्र-६ को जग्गा। *तस्बिर : अमर/नागरिक*

## प्रधानमन्त्रीसँग भारत र चीनका राजदूतको भेट

काठमाडौं, साउन २५ (नागरिक)- प्रधानमन्त्री बालेन्द्र शाहसँग सोमबार छिमेकी मुलुक भारत र चीनका राजदूतले छुट्टाछुट्टै भेटेर दुई पक्षीय हितका विषयमा कुराकानी गरेका छन्। चैत १३ गते प्रधानमन्त्री भएका शाह र विभिन्न देशका राजदूतबिच सामूहिक भेट भएको थियो। त्यसपछि सोमबार दुई छिमेकी मुलुकका राजदूतले प्रधानमन्त्रीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छुट्टाछुट्टै भेट गरेका हुन्।

प्रधानमन्त्री शाहले नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँगको भेटमा दुई पक्षीय हितका विषयमा चासो राखेका थिए। भेटमा दुई देशबिचको बहुआयामिक सम्बन्धलाई थप गहिरो बनाउने विषयमा कुरा भयो। प्रधानमन्त्री कार्यालयले भेटवार्ताका क्रममा नेपाल-भारतबिचको द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको जनाएको छ।

भारतीय राजदूतले प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट प्रधानमन्त्री शाहलाई शुभकामना दिएका थिए।

बाँकी पृष्ठ २

# पोखराका सडकमा धुवाँ आतंक

## सवारीसाधनले अधिक धुवाँ फ्याँकेको गुनासोपछि यातायात व्यवस्था कार्यालयद्वारा प्रदूषण मापन

सन्तोष पोखरेल

*पोखरा, साउन २५*



पोखरामा प्रदूषण मापन गर्न रोकिएका सवारीसाधन। *तस्बिर : नागरिक*

पोखरा नगरभित्र सञ्चालन हुने बसले अधिक धुवाँ फ्याँक्दा प्रदूषण बढेको छ। धुवाँले बसको पछिपछि दुईपांग्रे सवारीमा यात्रा गर्दा बाटो नै नदेखिने र निसास्सिने अवस्था आउँछ। नगरबसले अधिक धुवाँ फ्याँकेको गुनासो आउन थालेपछि यातायात व्यवस्था कार्यालयले गाडीको प्रदूषण मापन गर्न थालेको छ।

प्रदूषण मापन गर्दा धेरै सवारीसाधनले अधिक प्रदूषण गरेको पुष्टि भएको यातायात व्यवस्था कार्यालय कास्कीको भनाइ छ। कार्यालय प्रमुख ढाकाप्रसाद शर्माका अनुसार आइतबार पोखरा सहरभित्र गुड्ने ४० वटा नगरबस परीक्षण गर्दा १५ वटाले बढी धुवाँ उत्सर्जन गरेको पुष्टि भयो। अहिले सन् १९९५ पछि बनेका डिजेलबाट चल्ने सवारीसाधनका लागि धुवाँको घनत्व ६५ तोकिएको छ।

सामान्यतया नगरबसले उत्सर्जन गरेको धुवाँको घनत्व ६५ भन्दा तल हुनुपर्नेमा कतिपयको १०० सम्म पनि पुगेको उनले बताए। 'आइतबार १५ वटा सवारीलाई त अधिक धुवाँ उत्सर्जन गरेको प्रमाणित भएपछि कारबही गरिएको छ। यसअघि पनि यस्तै अवस्था आएको हो,' शर्माले भने, 'नगरबस मात्र नभई खानेपानी बोक्ने ट्यांकर र फोहोर बोक्ने सवारीको पनि प्रदूषण मापन गरिएको थियो।'

उनका अनुसार आइतबार ८० वटा सवारीसाधनको प्रदूषण मापन गरिएको थियो। तर तीमध्ये ४० वटाको परीक्षण प्राविधिकले मेसिनबिनै गरेका थिए। बाँकी ४० वटाको मेसिन नै प्रयोग गरेर परीक्षण गरिएको थियो। 'प्राविधिकले आँखाले हेरेरै पनि थाहा पाउन सक्ने अवस्था भएपछि ४० वटाको यत्तिकै परीक्षण गरियो। इन्जिन चलाएर प्राविधिकले नै परीक्षण गरेका थिए। बाँकी ४० वटाको प्रदूषण मापन मेसिनले गर्दा १५ वटाले घातक धुवाँ उत्सर्जन गरेको पुष्टि भएको हो।'

उनका अनुसार धुवाँको घनत्व ६५ भन्दा बढी देखिएमा त्यो स्वास्थ्यका लागि हानिकारक मानिन्छ। यसअघि असारमा पनि यसैगरि सवारीसाधनको प्रदूषण मापन गरिएको थियो। त्यो बेला पनि यस्तै अवस्थाका गाडी फेला परेका थिए। उनका अनुसार अहिलेसम्म प्रदूषण गर्ने सवारीसाधनलाई नियन्त्रणमा लिएर सर्भिसिङ गर्न लगाउने, मर्मतसम्भार गर्न लगाउने र पास भएपछि मात्र छाड्ने गरिएको छ। तर अब जरिवाना नै गर्नेपर्ने अवस्था देखिएको उनले बताए। 'अहिलेसम्म सामान्य चेतावनीसहित मर्मतसम्भारमा जोड दिएका छौं। अब भने जरिवाना नै गर्छौं,' उनले भने, 'प्रदूषण मापन गर्दा फेल हुने सवारीलाई कारबही हुनेछ।' उनका अनुसार प्रदूषण मापन गर्दा फेल भएका सवारीधनीलाई २ हजारदेखि १० हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने कानुनी प्रावधान छ।

अहिले पोखरा सहरभित्र चल्ने सवारीले बढी प्रदूषण गरेको देखिए पनि लामो दुरीमा चल्ने सवारीको अवस्था पनि उस्तै छ। लामो दुरीमा सञ्चालन हुने सवारीको पनि प्रदूषण मापन गर्ने उनले बताए। यात्रुबाहकबाहेक पानी र फोहोर बोक्ने सवारीको पनि प्रदूषण परीक्षण गरिने उनले बताए। 'स्थानीय स्तरमा चल्ने सवारीमा बढी समस्या देखिएको हो। लामो दुरीमा पनि उत्तिकै समस्या छ,' उनले भने।

ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख सुजितकुमार देवकोटाले अहिलेसम्म प्रदूषण गर्ने सवारीलाई नियन्त्रणमा लिएर कागजातसहित यातायात व्यवस्था कार्यालयलाई बुझाउने गरिएको बताए। अहिलेसम्म कारबाहीको अधिकार यातायात व्यवस्था कार्यालयलाई मात्र रहेको उनले बताए। 'बढी प्रदूषण गर्ने सवारीलाई नियन्त्रणमा लिएर कागजातसहित यातायात व्यवस्था कार्यालयमा बुझाउँछौं। कारबाहीको अधिकार ट्राफिक प्रहरीलाई छैन,' उनले भने, 'पोखरामा सवारीसाधनबाट हुने प्रदूषण डरलाग्दो छ। बाटोमा खटिएका ट्राफिक प्रहरीलाई पनि चूनौती छ।'

# सुगौली सन्धिको सक्कल कहाँ छ ?

पृष्ठ १ बाट

कालापानी, लिपुलेक, लिम्पियाधुरा, सुस्ताजस्ता सीमा विवादमा नेपालले कूटनीतिक र कानुनी रूपमा दाबी गर्दा यिनै ऐतिहासिक दस्ताबेज प्रमाणका रूपमा उभिनुपर्ने हो। यस्तो अवस्थामा सक्कल प्रतिको अस्तित्वबारे नै अन्योल रहनु भनेको भविष्यमा हुने कुनै पनि सीमा वार्तामा नेपालको पक्ष कमजोर बनाउने जोखिम हो। यो केवल 'पुरानो कागज हराएको' कुरा होइन, यो राष्ट्रिय हित सुरक्षित राख्ने क्षमताको प्रश्न हो। उनीहरूका अनुसार सुगौली सन्धिभन्दा पनि अघि जाने हो भने पनि यी दस्ताबेज हुनुपर्छ। गत जेठ १७ गते प्रधानमन्त्री बालेन्द्र शाहले संसद्को रोस्ट्रममै उभिएर भारतसँगको लिपुलेक, लिम्पियाधुरा सीमा विवादबारे 'बेलायत सरकारसँग कुरा भइरहेको' र यसमा बेलायत सरकारले पनि सरोकार राख्नुपर्छ भन्ने नेपाल सरकारको मान्यता रहेको अभिव्यक्ति दिएका थिए। यसका लागि पनि सुगौली सन्धिको सक्कल प्रति आवश्यक पर्ने देखिन्छ।

विज्ञहरूका अनुसार राष्ट्रिय अभिलेखालयमा रहेका कागजातहरू औपचारिक सन्धि हुन् कि होइनन् भन्ने कुरा विशेषज्ञ समिति गठन गरी तुरुन्त प्रमाणीकरण गरिनुपर्छ। सक्कल प्रति फेला नपरे पनि बेलायत र भारतका राष्ट्रिय अभिलेखालयहरूमा रहेका प्रमाणित प्रतिलिपिहरू कूटनीतिक च्यानलमार्फत संकलन गरी नेपालको स्थायी अभिलेखमा राख्नुपर्छ। भौतिक दस्ताबेज एकै ठाउँमा जोखिममा नराखी, प्रमाणित डिजिटल प्रतिलिपि विभिन्न सुरक्षित स्थानमा राख्नुपर्छ, ताकि मन्त्रालय सर्दा वा दुर्घटनामा पर्दा पनि दस्ताबेज नहराउन्।

विगत २० वर्षमा पटक-पटक सरेको मन्त्रालयलाई स्थायी ठेगाना दिनु दस्ताबेज सुरक्षाको पहिलो सर्त हो। परराष्ट्र मन्त्रालय पछिल्ला २० वर्षमा कहिले शीतल निवास त कहिले नारायणहिटी दरबार संग्रहालय परिसर र कहिले अर्थ मन्त्रालयको भवनमा सरेको उल्लेख गर्दै कांग्रेस सचेतक राईले भने, 'यसरी मन्त्रालय सरिरहँदा महत्त्वपूर्ण दस्ताबेज हराएका छन्। अझै हराउने सम्भावना हुन्छ।' परराष्ट्र मन्त्रालयले आफ्नो भवन कहिले बनाउँछ भन्ने प्रश्नमा परराष्ट्रमन्त्री खनालले मन्त्रालयको आफ्नै भवन निर्माणको काम आगामी आर्थिक वर्षदेखि सुरु हुने बताए। आर्थिक वर्ष २०८३/८४ मा परराष्ट्र मन्त्रालयको आफ्नै भवन निर्माणका लागि ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षमा निर्माणका लागि बोलपत्र आह्वान गरी निर्माण प्रारम्भ गरिने उनले जानकारी दिए।

विश्लेषकका अनुसार एउटा राष्ट्रको पहिचान, सीमा र सार्वभौमिकता जोगाउने कानुनी आधार नै अस्पष्ट रहनु भनेको त्यो राष्ट्रको भावी पुस्ताप्रति गरिने अन्याय हो। सन् १८१६ को सुगौली सन्धि र १९५० को शान्ति तथा मैत्री सन्धि जस्ता दस्ताबेज कुनै सामान्य फाइल होइनन्, ती दस्ताबेज नेपालको सार्वभौमिकता, स्वाधीनता र सीमाका मूक साक्षी हुन्। तिनलाई सुरक्षित, प्रमाणित र सर्वसुलभ राख्नु राज्यको न्यूनतम कर्तव्य हो।

राज्यले आफ्नै इतिहास र सम्पत्तिको रक्षा गर्न नसक्ने हो भने त्यसले अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रिय हित र सीमा सुरक्षाको वकालत कति प्रभावकारी ढंगले गर्न सक्ला भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ। यसैले यो विषयलाई अब 'फेरि उठेको पुरानो प्रश्न' भनेर बेवास्ता नगरी, राष्ट्रिय गौरव र सार्वभौमिकता सुदृढ पार्ने ठोस अवसरका रूपमा लिनुपर्ने विज्ञहरूको सुझाव छ।

# गौतमबुद्ध रंगशाला अलपत्र

पृष्ठ १ बाट



'मैदानका लागि आवश्यक पर्ने सबै सामान आइसकेको छ। अहिलेसम्म मैदानको सबै २० प्रतिशतका सकिएको छ,' उनले भने, 'पानी रोकिएपछि त्यसको काम पनि सुरु गर्छौं।' उनका अनुसार मैदानको काम दुई महिनामा सकिन्छ। चार वटा प्यारापिटमध्ये दुई वटाको ट्रस्टको काम बाँकी रहेको उनले बताए। विद्युत्, प्लम्बिङ, रङरोगन, टायललगायतको काम बाँकी छ।

२०७५ माघमा धुर्मुस-सुन्तली फाउन्डेसनले सहयोग जुटाएर रंगशाला निर्माण गर्न सुरु गरेको थियो। घोषणासभामा तत्कालीन प्रधानमन्त्री, प्रतिपक्ष दललगायत कलाकारहरू सहभागीसमेत थिए। त्रिभुवन विश्वविद्यालयका नाममा रहेको २० बिघा जमिनमा रंगशाला निर्माण भइरहेको छ। जग्गा उपलब्ध गराएपछि धुर्मुस-सुन्तली फाउन्डेसनले सहयोग जुटाएर करिब तीन अर्ब रुपैयाँको लागतमा दुई वर्षभित्रै ३० हजार क्षमताको रंगशाला बनाउने घोषणा गरेको थियो तर सहयोग जुट्न नसकेपछि फाउन्डेसनले २०७८ भदौदेखि रंगशाला निर्माणको काम बन्द गरेको थियो।

काम गर्न नसकेपछि फाउन्डेसनले सोही वर्षको पुस २ मा महानगरलाई स्वामित्व लिन पत्र लेखेको थियो। ५७ करोड १२ लाख रुपैयाँ बराबरको काम हुँदा उधारो १८ करोड ४३ लाख रुपैयाँ रहेको भन्दै धुर्मुस-सुन्तली फाउन्डेसन रंगशाला निर्माणबाट अलग भएको थियो। उक्त ऋण अझै चुक्ता भएको छैन। पछि फाउन्डेसनले आर्थिक सहयोग जुटाउन नसकेपछि भरतपुर महानगरपालिका, संघ र प्रदेश सरकारको लगानीमा रंगशाला निर्माण भइरहेको छ। प्रदेश सरकारको ७० र महानगरपालिकाको ३० प्रतिशत लगानीमा रंगशाला निर्माण हुने भनिएको छ। समयमा भुक्तानी नहुँदा निर्माण कार्यको प्रगति अपेक्षाअनुसार हुन नसक्दा तोकिएको समयभित्र सबै काम पूरा हुने आशंका बढेको छ। बाँकी अवधिमा निर्माणको गति तीव्र बनाइए मात्र निर्धारित समयमै रंगशाला सम्पन्न हुने भरतपुर महानगरपालिकाका इन्जिनियर सन्तोष आचार्य बताउँछन्। 'अब पेमेन्ट रोकिँदैन। उनीहरूले कामलाई तीव्रता दिए समयमै सकिन्छ,' उनले भने, 'ढिलो भए तीन चार महिना म्याद थप गर्नुपर्ला।' उनका अनुसार अमेरिका इरान युद्धका कारण पनि कामले तीव्रता पाउन सकेको छैन।

अहिलेसम्म प्रदेश सरकारले २३ करोड रुपैयाँ हालेको छ। यस वर्ष सात करोड रुपैयाँ विनियोजन गरेको उनले बताए। यद्यपि यस रकमले नपुग्ने अनुमान उनको छ। 'हामीले अहिलेसम्म चार करोड रुपैयाँ भुक्तानी गरेका छौं। प्रदेशले २३ करोड रुपैयाँ भुक्तानी गरेको छ,' उनले भने, 'आगामी आर्थिक वर्ष प्रदेश सरकारले सात करोड रुपैयाँ मात्र विनियोजन गरेको छ।' महानगरपालिकाले यस आर्थिक वर्षमा रंगशाला निर्माणका लागि १४ करोड रुपैयाँ बजेट विनियोज गरेको छ। यसअघि संघ सरकारले १५ करोड रुपैयाँ रंगशाला निर्माणका लागि भुक्तानी गरेको थियो। उनका अनुसार प्रदेश सरकारले २२ करोड हाराहारीमा बजेट विनियोजन गर्नुपर्ने हुन्छ।

# १२ वर्षसम्म काम नहुँदा चरन क्षेत्र

पृष्ठ १ बाट

संघीय सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरेपछि प्रदेशले आफ्नो बजेटमा उक्त रंगशालालाई समावेश गरेन। संघले डिपिआर तयार गरी करिब तीन अर्ब बजेट खर्च हुने अनुमान गऱ्यो। बजेट भने पर्याप्त विनियोजन गरेन।

आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारले थोरै बजेट विनियोजन गरेपछि रंगशाला निर्माण अघि बढेन। उक्त बजेट पनि फ्रिज भयो। चालु आर्थिक वर्षका लागि पनि संघीय सरकारले डिपिआर पुनरवलोकन शीर्षकमा एक करोड ६८ लाख रुपैयाँ बजेट विनियोजन गरेकाले उक्त बजेटले भौतिक पूर्वाधार निर्माणको काम अघि बढ्ने अवस्था छैन। प्रदेशले पनि आयोजनालाई बजेट विनियोजन गऱ्यो। तर संघीय सरकारमातहतको आयोजनामा प्रदेश सरकारले छुट्याएको बजेट कार्यान्वयन हुने अवस्था पनि देखिँदैन। रंगशालामा झार उम्रिएपछि स्थानीयले घाँस काट्ने र बाख्रा चराउने गरेका छन्। रंगशालाको केही क्षेत्रमा भने स्थानीयले खेती गर्दै आएका छन्।

रंगशाला मर्मत नगरेका कारण स्थानीय स्तरमा आयोजना हुने क्रिकेट प्रतियोगितासमेत हुन छाडेका छन्। विगतमा हिसानले यही मैदानमा क्रिकेट प्रतियोगिता सञ्चालन गर्थ्यो। गत वर्षदेखि मैदान खेल्नयोग्य नभएको जनाउँदै हिसानले उक्त प्रतियोगिता रानीस्थित विराटनगर जुटमिलको खेलमैदानमा गराउन थालेको छ। अन्य प्रतियोगिताहरू विराटनगर जुटमिलको खेलमैदान र केही मेलेबन क्रिकेट रंगशालामा हुने गरेका छन्। रंगशालालाई चलायमान बनाउन प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने कोसी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव विप्लव घोषले बताए। राष्ट्रिय खेलकुद परिषद्सँग पनि रंगशाला प्रदेशलाई हस्तान्तरण गर्न पहल गरिरहेको उनले जानकारी दिए।

घोषले मोरङ जिल्ला खेलकुद विकास समितिका नाममा जग्गा रहेकाले रंगशाला प्रदेशकै भएको दाबीसमेत गरे। प्रदेशको बजेट खर्च गर्न पनि उक्त रंगशाला आफ्नै मातहत आउनुपर्ने र रंगशाला हस्तान्तरण नगरी लगानी गर्न नसक्ने उनले स्पष्ट पारे। संघीय सरकारले रंगशाला हस्तान्तरण गर्न नमाने अन्य स्थानमा बहुउद्देश्यीय कभर्ड हल निर्माण गर्ने योजना रहेको उनले सुनाए। राजनीतिक दाउपेच, संघ-प्रदेश स्वामित्व विवाद र बेवास्ताको सिकार बनेको यो रंगशाला करिब १७ बिघा क्षेत्रफलमा फैलिएको छ।

**लय समाउनै सकस**

यो रंगशालाको निर्माण २०७१ सालदेखि सुरु भएको थियो। प्रारम्भिक डिजाइनअनुसार करिब २५ हजार दर्शक अट्ने प्यारापिट, अन्तर्राष्ट्रिय मापदण्डको मैदान, आधुनिक ड्रेसिङ रुम, मिडिया सेन्टर, भिआइपी प्यारापिट, अभ्यास मैदान, फ्लडलाइट, डिजिटल स्कोरबोर्ड, पार्किङ क्षेत्र तथा प्रशासनिक भवन निर्माण गर्ने योजना थियो। तर हालसम्म मुख्य मैदान र केही संरचनाबाहेक अधिकांश पूर्वाधार अधुरै छन्। मुख्य खेल मैदान तयार भए पनि त्यसमा माटो थप गरी अग्लो बनाउनुपर्छ तर यो कामसमेत भएको छैन। रंगशालावरपर केही भागमा आरसिसी संरचना बने पनि अधिकांश संरचना अधुरै छन्। खेलाडीका लागि आवश्यक सुविधासहितका भवन, दर्शक शौचालय, प्रसारण कक्ष, मिडिया सेन्टर र अन्य प्राविधिक संरचना पनि अधुरै छन्। विराटनगरका खेलाडीले नेपालको क्रिकेट गतिविधि विस्तार हुँदै जाँदा एउटा मात्र अन्तर्राष्ट्रियस्तरको मैदानमा निर्भर रहन सम्भव नभएको भन्दै चाँडो निर्माण अघि बढाउन दबाब दिइरहेका छन्।

काठमाडौंस्थित त्रिभुव विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा अत्यधिक चाप परेको अवस्थामा विराटनगर, भैरहवा र धनगढीजस्ता स्थानमा अन्तर्राष्ट्रिय स्तरका मैदान सञ्चालनमा ल्याउन आवश्यक रहेको खेलाडीहरूको धारणा छ। रंगशाला पूर्ण सञ्चालनमा आए पूर्वी नेपालमा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने सम्भावना पनि बलियो छ। अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुँदा होटल, यातायात, रेस्टुरेन्ट, पर्यटन, सञ्चार तथा सेवा क्षेत्रमा आर्थिक गतिविधि बढ्ने भएकाले यस विषयमा विराटनगरका उद्योगी व्यवसायीले पनि पटकपटक मन्त्रीहरूको ध्यानाकर्षण गराउँदै आएका छन्।

आइसिसीबाट मान्यता प्राप्त अन्तर्राष्ट्रिय खेल आयोजना गर्न आवश्यक सबै सुविधा एउटै स्थानमा उपलब्ध हुनुपर्छ। त्यसका लागि फ्लडलाइट, प्रसारण सुविधा, ड्रेसिङ रुम, मिडिया सेन्टर, सुरक्षा व्यवस्था, मेडिकल सुविधा, दर्शक व्यवस्थापन र पार्किङ पूर्वाधार अनिवार्य हुन्छ। सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताका खेलहरू यही रंगशालामा सञ्चालन भइसकेका छन्। सातौं राष्ट्रिय खेलकुदमा क्रिकेट, ब्याडमिन्टनलगायत विभिन्न खेल यस मैदानमा खेलिएका थिए।

## प्रधानमन्त्रीसँग...

पृष्ठ १ बाट

भारत-नेपालबिचको सुदृढ र बहुआयामिक साझेदारीलाई थप गहिरो बनाउने विषयमा अर्थपूर्ण र रचनात्मक विचार आदानप्रदान भएको उनले जनाएका छन्। प्रधानमन्त्री शाह अर्को महिना भारत भ्रमण निस्कने तयारीमा रहेको स्रोतहरूको दाबी छ।

त्यस्तै प्रधानमन्त्री शाहसँग भेट गर्न चिनियाँ राजदूत झाङ माओमिङ पनि सिंहदरबार पुगेका थिए। प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिएका छन्। त्यस अवसरमा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन एवं विकास साझेदारीलाई अभिवृद्धि गर्नेलगायत विषयमा छलफल पनि भएको सचिवालयले जनाएको छ।


## अधिकतम खुद्रा मूल्य (MRP) प्रकाशनको सूचना

जस्मिन हाईजिन प्रोडक्ट्स लिमिटेडद्वारा उत्पादित NS & ISO Certified " Safety" / "Softlove" ब्राण्डका सेनेटरी प्याडहरुको अधिकतम खुद्रा मूल्य प्रति प्याकेटको मूल्य सूचि निम्न अनुसार रहेको छ :

| विवरण | परिमाण (प्रति प्याकेट) | साइज | मूल्य |
|---|---|---|---|
| सेफ्टी अल्वेज क्लिन | 8 Pcs | 240mm | रु. ५०।- |
| सेफ्टी स्कुल गर्ल (13 mm thickness) | 8 Pcs | 240mm | रु. ७०।- |
| सेफ्टी अल्वेज एक्स एल | 6 Pcs | 280mm | रु. ६०।- |
| सेफ्टी अल्वेज एक्स एल प्लस | 8 Pcs | 290mm | रु. ७०।- |
| सेफ्टी अल्ट्रा अल नाईट | 8 Pcs | 280mm | रु. १००।- |
| सेफ्टी अल्ट्रा एक्स एक्स एल प्लस | 8 Pcs | 320mm | रु. १००।- |
| सेफ्टी स्कुल गर्ल प्राइम | 8 Pcs | 240mm | रु. ८०।- |
| सेफ्टी स्कुल गर्ल अल्ट्रा | 8 Pcs | 240mm | रु. ९०।- |
| सेफ्टी स्कुल गर्ल बायो | 8 Pcs | 280mm | रु. ८०।- |
| सेफ्टी स्कुल गर्ल अल्ट्रा एक्स एल | 8 Pcs | 280mm | रु. १२०।- |
| सेफ्टी स्कुल गर्ल वन्डर अल्ट्रा | 8 Pcs | 290mm | रु. १३०।- |
| सेफ्टी स्कुल गर्ल अल्ट्रा एक्स एक्स एल | 8 Pcs | 320mm | रु. १५०।- |
| सफ्ट लभ अल्ट्रा | 8 Pcs | 280mm | रु. ८०।- |
| सफ्ट लभ अल्ट्रा एक्स एल | 8 Pcs | 320mm | रु. १२०।- |
| सेनेटरी प्याड भेन्डिङ्ग मेशिन (Coin Type) | 1 Pcs | 30pcs Capacity | रु. ४०,०००।- |
| सेनेटरी प्याड भेन्डिङ्ग मेशिन (Card Type) | 1 Pcs | 60pcs Capacity | रु. ६०,०००।- |
| सेनेटरी प्याड डिस्पोजल मेशिन | 1 Pcs | 100pcs Capacity | रु. ६०,०००।- |
| सिल्ड फेस मास्क सर्जिकल | 1 Pkt | 50pcs per packet | रु. ४००।- |

**उत्पादक : जस्मिन हाईजिन प्रोडक्ट्स लिमिटेड**

**बुढीगंगा-१, मोरंग, नेपाल, फोन नं. ०२१ ४२२५५०**

AN ISO 9001:2015 Certified Company


## जेनजी...

सुरक्षित रहेको एउटा ब्लकमा हाल पूर्वाधार विकसमन्त्री सुनिल लम्साल बस्छन्।

आगलागीबाट मन्त्रिनिवासमा भएको क्षति अध्ययन गर्न सचिवालय तथा विशेष भवन आयोजना कार्यालयले संयुक्त प्राविधिक टोली बनाएका थिए। 'उक्त टोलीले प्रत्येक ब्लकमा भएको तोडफोड र आगजानीबाट भएको क्षतिको विवरण संकलन गऱ्यो', भुजेलले भने, 'तर यो ब्लकमा यति रकमबराबरको क्षति भयो भनेर हामीले रकमको हिसाब निकालेनौं। तोडफाड तथा आगजनीबाट क्षति भएको सम्पत्तिको विवरण मात्र निकाल्यौं।'

यसअघि २०८१ असारदेखि भदौसम्म केपी शर्मा ओली नेतृत्वको सरकारका मन्त्री भैंसीपाटीनिवासमा सरेका थिए। मन्त्री बस्न थालेको एक वर्षमै नयाँ मन्त्रीनिवास जेनजी आन्दोलनबाट ध्वस्त भएको थियो। भैंसेपाटी मन्त्रीनिवास तीन अर्ब रुपैया लागतमा बनेको थियो।

भैंसेपाटी मन्त्रीनिवास बनाउन सरकारले २०७६ कात्तिकमा केसी-समानान्तर जेभी व्यावसायिक कम्पनीसँग सम्झौता गरेको थियो। दुई वर्षभित्रै काम सक्नेगरी सम्झौता भएको थियो तर पटकपटक म्याद थप गर्नुपरेकाले निर्माण अवधि लम्बियो। पहिलो चरणको कामका लागि सरकारले एक अर्ब तीन करोड ४६ लाख ८३ हजार रुपैयाँ छुट्याएको थियो। त्यसपछि हरेक वर्ष सरकारले बजेट छुट्याउँदै आएको थियो। सबै काम पूरा गर्न तीन अर्ब रुपैयाँ हाराहारी खर्च लागेको थियो। भैंसेपाटीमा संघीय सरकारका मन्त्री, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, प्रतिनिधिसभाका उपसभामुखका लागि २७ वटा छुट्टाछुट्टै भवन निर्माण गरिएका छन्। मन्त्रीनिवासको क्षेत्रफल ९६ रोपनी १० आना छ। हरेक भवनले करिब सात आना क्षेत्रफल ओगटेका छन्।

**सात मन्त्री मात्रै सरकारी आवासमा**

हाल वर्तमान सरकारमा सात मन्त्री मात्रै सरकारी आवासमा बस्छन्। अन्य मन्त्रीहरू आआफ्नो निवासमा बस्दै आएका छन्। पूर्वाधार विकासमन्त्री सुनिल लम्साल भैंसपाटीस्थित मन्त्रीनिवासमा बस्छन्। अन्य ६ मन्त्री पुल्चोकस्थित पुरानो मन्त्रीनिवासमा बस्छन्। त्यहाँ सर्वोच्च अदालतका न्यायाधीश पनि बस्छन्।

संघीय सचिावलयका अनुसार गृहमन्त्री सुधन गुरुङ, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल पुल्चोकस्थित मन्त्रीनिवासमा बस्छन्। मन्त्रीनिवासको व्यवस्थापन खर्च संघीय सचिवालयले बेहोर्दै आएको छ।

## कोसी...

'ऐलानी जग्गा भए पनि खानलगाउन राम्रैसँग पुग्छ,' उनले भनिन्, 'कटान नरोकिने हो भने ढिलोचाँडो बसेको ठाउँ छाड्नुपर्छ। त्यसपछि कहाँ जाने होला ?' सुशीलामात्रै होइन, कोसी नम्बरी जग्गाबाट बगेपछि प्रायः ऐलानी जग्गामै बस्दै आएका छन्।

'अहिलेको अवस्था हेर्दा तत्काल कटान रोकिने छनक छैन', सोही वडाकी अर्की लीलादेवी चन्द्रवंशीले भनिन्, 'नगरपालिकाले त सक्दो सहयोग गरेकै छ। संघीय सरकारले पनि सहयोग गरे कटान रोकथाम गर्न सकिन्थ्यो कि ?' उनका अनुसार बेलकाको डुम्रिबोटदेखि बराहक्षेत्र-९ को तल्लो सिमानासम्म लगभग १० किलोमिटर क्षेत्र जोखिममा छ। २०७९ साउन अन्तिममा कोसी डुम्रीबोटबाट धार परिवर्तन गरी पश्चिम मानव बस्तीमा पस्दा बराहक्षेत्रका- ६ र ९ वडासँगै बेलकाका केही वडाका मानिस बिचल्लीमा परेका थिए। त्यतिबेला ठुलो संख्यामा विस्थापित भएका पछि पुनःस्थापित भएका थिए।

बेलका-२ शान्तिगर टोल विकास संस्थाका कविराज विकका अनुसार कोसीले धार परिवर्तन गरी बस्ती पसे सबैभन्दा बढी असर श्रीलंका टापुका बासिन्दालाई पर्नेछ। श्रीलंका टापुका बस्तीमा दुई हजार दुई सय हाराहारी घरधुरी रहेको बराहक्षेत्र नगरपालिकाले जनाएको छ। श्रीलंका टापु सप्तकोसीको पूर्वी र पश्चिमी भंगालोको बिचमा छ। कोसीबाट घेरिएको श्रीलंका टापुका

पृष्ठ १ बाट

**श्रीलंका टापुका बस्तीमा दुई हजार दुई सय हाराहारी घरधुरी रहेको बराहक्षेत्र नगरपालिकाले जनाएको छ। श्रीलंका टापु सप्तकोसीको पूर्वी र पश्चिमी भंगालोको बिचमा छ।**

बस्तीलाई कटानबाट जोगाउन बराहक्षेत्र र बेलका दुवै नगरपालिकाको सहयोगमा गाउँलेले दुई सातासम्म श्रमदानमा गरी तारजाली लगाएको स्थानीय मुस्कान राईले बताए। त्यहीबेला सुनसरीको कप्तानगन्जमा दुई समूहबिचको झडपले हिंसात्मक रुप लिएपछि सेना, प्रहरी र अरुको ध्यान त्यतै केन्द्रित हुँदा कोसी कटान रोक्न तारजाली लगाउने काम प्रभावित भयो।

स्थानीय जनश्रमदानबाट थकित भएपछि अब सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना विराटनगरले रोकथामको काम थाल्ने भएको छ। कार्यालय प्रमुख राजेन्द्रप्रसाद देवले कटान रोक्न आकस्मिक काम सिँचाइ तथा जलस्रोत व्यवस्थापनले गर्ने बताए। उनका अनुसार सप्तकोसीले पश्चिमतर्फ कटान गरिहेकाले पूर्वतर्फ फर्काउन अस्थायी काम गरिनेछ।

बराहक्षेत्र नगरपालिकाका मेयर रमेश कार्कीका अनुसार पश्चिमतर्फ होचो भएकाले गर्दा कटान बढी भएको हो। 'कटान कन्ट्रोल गर्न सकिएन भने इतिहास मात्रै बाँकी रहने खतरा छ,' उनले भने, 'हामीले स्थानीय स्रोतसाधनले धानेसम्म काम गरिरहेका छौं।' उनका अनुसार संघीय सरकार र प्रदेश सरकार गम्भीर भए नियन्त्रण सहज हुनेछ। 'कोसीको बहावले बालुवा बगाइहाल्छ,' मेयर कार्कीले भने, 'हाम्रै मात्र प्रयासले रोक्ने अवस्था छैन।' पछिल्लो समय कोसी पश्चिम भंगालोमा पानीको बहाव उच्च हुँदा बढी भएर बस्तीमा पस्ने गरेको छ। २०८१ असोज १२ र १३ गते पानीको बहाव बढेका बेला पनि कोसी बस्तीमा प्रवेश गरेको थियो।

यतिबेला कोसी नदीको पूर्वी भंगालो र पश्चिम भंगालोमा आधा/आधा जस्तो पानी छ। 'पुरानै बाटो पहिल्याउन थालेकाले पानी पश्चिमतर्फ बढी भए त्यतै बढी क्षति हुने निश्चित छ,' स्थानीय अगुवा बद्रीकुमार राईले भने। स्थानीयको नजिकको केन्द्र भागलपुर हो। हिउँदमा पश्चिमी भंगालो लगभग सुक्ने भएकोले आवतजावत गर्न सहज भए पनि वर्षामा दुवैतिरबाट कोसी बस्ती नजिकै आइपुग्छ। कोसीको भेल पार गर्न डुंगाबाहेक विकल्प स्थानीयसँग छैन।

श्रीलंका टापुका बासिन्दा कृषि र पशुपालनमा निर्भर छन्। यहाँ टमाटर, मकै, खुर्सानी, भिन्डी, मुलालगायत उत्पादन गरी स्थानीयले आर्थिक अवस्था सुधार गरेका छन्। जसले गर्दा यहाँका बासीन्दा अन्यत्र सर्न चाहदैनन्। केही वर्षअघिसम्म काहलीलाग्दो जीवन बिताएका टापुका बासिन्दाका लागि यतिबेला बिजुली बत्तीको सुविधा र सुरक्षाको व्यवस्था पनि छ। तर बर्खामा कोसीको गर्जनसँगै यहाँका बासिन्दा त्रासमा बस्छन्।



नेपाल सनातन धर्म-संस्कृति संगठनले सोमबार काठमाडौंमा आयोजना गरेको धार्मिक पदयात्रा। *तस्बिर : नागरिक*

# मुख्यमन्त्री बानियाँले भदौ ३ मा विश्वासको मत लिँदै

**वसन्त ढुंगाना**
*चितवन, साउन २५*

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आगामी भदौ ३ भित्र संसद्बाट विश्वासको मत लिने भएका छन्। शनिबार काठमाडौंमा बसेको कांग्रेस बागमती संसदीय दलको बैठकले मुख्यमन्त्री बानियाँले आगामी भदौ ३ भित्र विश्वासको मत लिने निर्णय गरेको हो।

गत साउन ६ गतेदेखि अल्पमतमा रहेका मुख्यमन्त्री बानियाँले आगामी भदौ ४ भित्र संसद्बाट विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक बाध्यता छ। सत्ता साझेदार दल नेकपा एमालेले सरकारको समर्थन फिर्ता लिएसँगै अल्पमतमा रहेका उनलाई सरकार टिकाउन अन्य साना दलहरूको समर्थन आवश्यक छ।

बागमती प्रदेशमा केन्द्रको सत्ता समीकरणका कारण २०८१ साउनबाट कांग्रेस र एमालेको गठबन्धनले सत्ता सञ्चालन गरेको थियो। दुई दलबिच २०/२० महिना सत्ता सञ्चालन हुने भनेपछि कांग्रेसभित्र विवादका कारण कार्यान्वयन हुन सकेको थिएन। दुई दलको सहमतिअनुसार चैत ८ गते कांग्रेसले एमालेलाई सत्ता हस्तान्तरण गर्नुपर्ने थियो। सत्ता समीकरणमा खटपट भएपछि एमाले सरकारबाट बाहिरिएको थियो।

यस परिस्थितिबिच मुख्यमन्त्री बानियाँले भदौ ३ भित्र विश्वासको मत लिने संसदीय दलले निर्णय गरेको हो। बैठकले विश्वासको मत लिनु एक दिनअघि नै हेटौंडामा उपस्थित हुन सांसदहरूलाई ह्विप जारी गरेको कांग्रेस संसदीय दलका सचिव मीनकृष्ण महर्जनले जानकारी दिए।



हाल बागमती प्रदेशसभामा १०४ सांसद छन्। प्रदेशसभामा कांग्रेस ३६, एमाले २५, तत्कालीन नेकपा (माओवादी केन्द्र) २०, राप्रपा १३, तत्कालीन नेकपा (एकीकृत समाजवादी) ६, नेमकिपा तीन र हामी नेपाल पार्टी दुई सिटसहित प्रतिनिधित्व छ। एमालेका दुई, तत्कालीन माओवादी केन्द्रका एक, कांग्रेसका एक, एकीकृत समाजवादीका एक सांसदले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार हुन राजीनामा दिइसकेका छन्। हाल नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टी मिलेर नेपाली कम्युनिस्ट पार्टी भएको छ। यसको अहिले २६ मत छ। एमालेको २५ मतमध्ये एक कार्यवाहक सभामुख भएका कारण मत हाल्न पाउने संख्या २४ हुने कांग्रेसको दाबी छ।

कांग्रेसको नेतृत्वमा सरकार गठनका लागि अन्य दललाई साथमा ल्याउन प्रयासरत रहेको उनले बताए। 'अहिलेको अवस्थामा हाम्रो पनि बहुमत पुग्दैन। एमाले र नेकपाको पनि बहुमत पुग्ने अवस्था छैन', उनले भने, 'विश्वासको मत ल्याउन पार्टीले सहमहामन्त्री तथा निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामा र मुख्यमन्त्रीलाई जिम्मा दिइएको छ।' १३ सिट रहेको राप्रपाको केन्द्रीय र संसदीय दलको बैठकले हाललाई कसैलाई पनि मत नदिने निर्णय गरेको छ। नेपाल मजदुर किसान पार्टीको कुनै निर्णय आएको छैन। दुई सिट रहेको हामी नेपाली पार्टी भने कांग्रेसको सरकारमा सामेल भएको छ।

सरकार गठनका लागि बहुमत पुर्याउन नसके कांग्रेस संविधानको धारा १६८(३) अनुसार अगाडि बढ्ने छ। सो धारामा सबैभन्दा ठुलो दलको नेताले सरकार सञ्चालन गर्ने व्यवस्था उल्लेख छ। समर्थन दिएको दलले फिर्ता लिएको ३० दिनभित्र सरकार प्रमुखले विश्वासको मत लिनुपर्ने हुन्छ। विश्वासको मत लिन नसके प्रदेश प्रमुखले बहुमतको सरकारका लागि १६८(२) अनुसार आह्वान गर्ने व्यवस्था छ। बहुमत कसैले पुर्याउन नसके सबैभन्दा ठुलो दलका आधारमा १६८(३) अनुसार प्रदेश प्रमुखले सरकार नियुक्त गर्छन्। यो धाराअनुसार कांग्रेसले सरकार बनाउन पाउँछ। त्यसपछि ३० दिनभित्र सरकार गठनका लागि फेरि प्रदेश प्रमुखले बहुमत पुर्याउन आह्वान गर्छन्। त्यसपछि पनि बहुमत नपुगेपछि संविधानको धारा १६८(५) अनुसार मुख्यमन्त्री बन्न अनुरोध गर्छन्। यस धारामा पार्टीको ह्विप लाग्दैन। सांसदले स्वतन्त्र रूपमा मत हाल्न पाउने व्यवस्था छ।

## स्वास्थ्यकर्मी कुटपिट प्रकरण

# 'अब हामी अस्पताल फर्कंदैनौं'

**ललित विष्ट**
*कालीकोट, साउन २५*

यहाँको एक अस्पतालमा औषधोपचार गरी बिरामीको जीवन बचाउने स्वास्थ्यकर्मीहरूको जीवन जोखिमपूर्ण बन्न पुगेको छ। सामान्य विवादमा चिकित्सक र नर्समाथि ज्यानै लिने गरी आक्रमण र अस्पताल तोडफोडका घटना भएपछि उनीहरूको जीवन जोखिमपूर्ण बनेको हो।

कालीकोटको पलाँता अस्पतालमा शुक्रबार दिउँसो दुई बालकले अस्पतालपरिसरमा भिडिओ गेम खेलेर बिरामीलाई डिस्टर्ब भएपछि सम्झाउने क्रममा विवाद भई उग्र रूप लिँदा चिकित्सकसहित तीनजना कुटिए। राति सोही समूहले अस्पतालमा तोडफोड गर्दै आक्रमण गरेको भिडियोसमेत बाहिरिएको छ।

उपचार नपाएको होइन, अस्पतालपरिसरमा मोबाइल गेम खेल्न नदिएको सामान्य निहुँमा दिउँसो अस्पतालमा कार्यरत डा. अली हैदर राइन, स्टाफ नर्स शान्ता गिरी र सुरक्षा गार्ड गजेन्द्र बम कुटिएका थिए। उक्त समूहले सोही राति पुनः अस्पतालमा छिरेर फार्मेसी, ओपिडी कक्षका साथै डाक्टरहरूको आवास गृह (क्वार्टर) मा समेत व्यापक तोडफोड र आक्रमण गर्‍यो, जसले गर्दा स्वास्थ्यकर्मीहरू रातभर ज्यान जोगाउन भाग्नुपर्ने स्थिति उत्पन्न भयो। राती अनमी उषा शाही, अहेव विष्णु रोकाया र सुरक्षा गार्ड दर्न दमाईमाथि आक्रमणसमेत भयो।

चिकित्सकमाथि हातपात, धम्की, घेराउ, अभद्र व्यवहार र अस्पताल तोडफोडका घटनाले स्वास्थ्य क्षेत्रलाई असुरक्षातर्फ धकेलेका छ। कालीकोटको दुर्गम मानिने पलाँता अस्पतालमा १६ महिनादेखि कार्यरत डा. राइन, नर्स गिरी र सुरक्षा गार्ड बम दिउँसो कुटिएपछि अस्पताल अशान्त रहेका बेला राती पुनः आक्रमण भएको जिल्ला प्रहरी प्रमुख डिएसपी हिमबहादुर खत्रीले बताए।

कुटपिट र तोडफोडमा संलग्न पलाँता- ९ थिर्पूकी ३२ वर्षीया मैना बम, स्थानीय तपेन्द्र बम, मैनाका पति सुशीलकुमार बम र उनका १३ वर्षीय छोरालाई प्रहरीले राति नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको डिएसपी खत्रीले बताए। 'सामान्य विवादले उग्ररूप लिएर कुटपिट र तोडफोड भएको पाइयो', उनले भने, 'थप अनुसन्धान गर्दै छौं।'

सुशीलकुमार र मैनाको घरमा भाडामा बस्दै आएका पलाँता अस्पतालका चिकित्सकसहितका स्वास्थ्यकर्मी एक साताअघि अस्पतालकै क्वाटरमा सरेपछि घरधनी बमले चिकित्सकसहितका स्वास्थ्यकर्मीलाई गालीगलौज गर्दै अपमानित गर्ने गरेको अस्पताल प्रमुख डा. राइनले बताए।

शुक्रबार दिउँसो बिरामीलाई भर्ना गरेर उपचार गरिरहेको बेला मैना बमका दुई छोरा अस्पतालपरिसरमा आएर भिडियो गेम खेल्न थालेका थिए। 'बिरामीलाई डिस्टर्ब हुन्छ, बाबु यता नखेल भनेर गार्डले सम्झाउँदा मानेनन्', डा. राइनले भने, 'मैले पनि बाबुहरू गइहाल भनेपछि आमाले गालीगलौज गर्न थालिन्।'

उनका अनुसार स्टाफ नर्स गिरीले सम्झाउन खोज्दा उनीमाथि आक्रमण भएको थियो। 'स्थानीय मैनाले हामीले दिएको जग्गा हो, त्यहीँ खेल भनेर मुख छाडिन्', उनले भने, 'स्टाफ नर्स गिरीले अस्पतालमा डिस्टर्ब गर्न पाइँदैन भनेपछि सुरुमा आमा-छोरा मिलेर उनीमाथि आक्रमण गरे। म छुट्याउन जाँदा ममाथि पनि कुटपिट भयो।'

पलाँता अस्पतालमा सामान्य कुरामा विवाद गरेर स्वास्थ्यकर्मीमाथि आक्रमण हुनु र अस्पतालको भौतिक संरचना तोडफोड हुनु दुःखद भएको गाउँपालिका अध्यक्ष विष्णुवहादुर रोकायाले बताए। चिकित्सकसहितका स्वास्थ्यकर्मी कुटपिट गर्नेहरूले आफ्नो घरबाट अस्पतालको क्वाटरमा सरेको विषयलाई निहुँ बनाएर आक्रमण गरेको उनको भनाइ छ। स्वास्थ्यकर्मी बसेवापत बम परिवारले मासिक १४ हजार भाडा बुझ्थे। क्वाटरमा सरेपछि उनीहरूले त्यसैको रिस फेरेको नर्स गिरीले बताइन्।

पलाँता गाउँपालिका- ९ थिर्पुस्थित पलाँता अस्पतालको सेवा बन्द भएको छ। अस्पतालमा कार्यरत चिकित्सक र नर्समाथि कुटपिट तथा अस्पतालमा तोडफोड भएपछि अस्पताल अनिश्चितकालका लागि बन्द गरिएको हो।

पलाँता गाउँपालिकाका स्वास्थ्य संयोजक धनप्रसाद न्यौपानेले अस्पतालले सेवा बन्द गरेको पुष्टि गरे। सेवा बन्द भएसँगै अस्पतालमा मेडिकल अफिसर डा. राइन र स्टाफ नर्स गिरी काममा नफर्कने भएका छन्। अस्पतालमा कार्यरत चिकित्सक र नर्समाथि कुटपिट तथा अस्पतालमा तोडफोड भएपछि आफूहरू सेवामा नर्फकने जनाएका छन्।

## कुटपिट गर्नेमाथि मुद्दा

**पवित्रा सुनार**
*काठमाडौं, साउन २५*

पलौता आधारभूत अस्पताल कालिकोटकी नर्स शान्ता गिरी यतिखेर जिल्ला अस्पताल कालिकोटमा उपचाररत छिन्। उनीसहित सोही अस्पतालमा कार्यरत डा. अली हैदर राइन, सुरक्षाकर्मी विष्णु रोक्का र कर्मचारी दर्ना दमाईमाथि कुटपिट भएको छ। डा. राइन सामान्य कुटपिटमा परेका हुन् भने नर्स गिरी गम्भीर कुटपिटबाट असक्त बनेकी छन्। कुटपिटबाट नर्स गिरीको ढाड, घाँटी र टाउकोमा दुखाइ कायम छ। आक्रमणको भोलिपल्ट शनिबार प्रहरीले उपचारका लागि जिल्ला अस्पताल पुर्‍याएको थियो। आक्रमणमा परी शारीरिक यातना झेलेका चिकित्सक तथा नर्सको मनोबल पनि घटेको छ। नर्स गिरीले भनिन्, 'अब त्यो अस्पतालमा फर्कन सक्दिनँ, डर लाग्छ।'

सोही आक्रमणमा परेका चिकित्सक अलि हैदर रेनले पनि अब त्यो अस्पतालमा काम गर्न नसक्ने बताए। उनले सोमबार नागरिकसित भने, 'म भोलि घर जाँदै छु। फेरि आक्रमण हुन सक्छ। म त्यो अस्पताल फर्कन सक्दिनँ', उनले भने।

घटना विवरणअनुसार गत शुक्रबार दुईपटक गरी अस्पतालमै स्थानीय मैना बम, उनका पति सुशील बम, उनकै छोरा डार्बिन बम, देवर तपेन्द्र बम र छोरी समीक्षा बमले चिकित्सक, नर्स र अस्पतालका कर्मचारी र सुरक्षाकर्मीमाथि कुटपिट गरे। घटनाका दोषीलाई जिल्ला प्रहरी कालिकोटले पक्राउ गरी कानुनी कारबाही अघि बढाएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय कालिकोटका इन्स्पेक्टर सुरेश खत्रीका अनुसार उनीहरूलाई स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीमाथि आक्रमण भएको विषयमा दुईवटा फौजदारी मुद्दा दर्ता भएको छ।

# मध्यपुरमा भदौभित्र जग्गा पुर्जा

**कृष्ण किसी**
*भक्तपुर, साउन २५*

भक्तपुरको मध्यपुर थिमी नगरपालिकाले नगर क्षेत्रमा लामो समयदेखि रहेका जग्गा प्रशासनसम्बन्धी समस्या समाधान गर्न पहल तीव्र बनाएको छ। यसैक्रममा सोमबार नापी कार्यालय भक्तपुरका प्रमुखसँग भेटघाट गरी स्ववासी जग्गा पुर्जा वितरण, नाप-नक्सा तथा पुर्जा लागु गर्नेलगायतका विषयमा छलफल गरिएको छ। छलफलका क्रममा साविक वडा नं ७, ८, ११ र १० तथा हालका वडा नं ५ र ६ का स्ववासी जग्गा पुर्जा वितरणका विषयमा जानकारी लिइएको थियो। करिब २० वर्षअघि नापी भएको उक्त क्षेत्रको पुर्जा २०७८ सालमा तत्कालीन भूमिसुधारमन्त्री शशी श्रेष्ठको उपस्थितिमा पाटी विहारबाट वितरण सुरु गरिएको थियो। त्यस्तै, २०८० सालमा नगरपालिकाको पहलमा साविक वडा नं ४, ५ र ६ तथा हाल वडा नं ७ र ५ का बाँकी पुर्जासमेत वितरण गरिएको थियो। नाप-नक्सा बाँकी रहेका क्षेत्रमा नाप-नक्सा सम्पन्न गरी पुर्जा वितरण गर्ने तथा पुर्जा वितरण भइसकेका क्षेत्रमा पुर्जा लागु गर्ने कार्यमा नगरपालिका सक्रिय हुँदै आएको जनाएको छ।

नगरपालिकाले लामो समयदेखि समाधान हुन नसकेका स्ववासी जग्गा पुर्जा वितरण, नाप-नक्सा तथा पुर्जा लागु गर्ने कार्यलाई प्राथमिकतामा राखेको जनाएको छ। मध्यपुर थिमी नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले नगरपालिकाले यसका लागि तदारुकता देखाएको जनाए। भदौभित्र बाँकी प्रक्रिया पूरा गरी पुर्जा वितरण तथा लागु गर्ने काम अघि बढेमा वर्षौंदेखि जग्गाको स्वामित्वसम्बन्धी समस्या झेल्दै आएका स्थानीयवासी लाभान्वित हुनेछन्।


भेटघाटमा मध्यपुर थिमी नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठ र नापी प्रमुख पूर्णप्रसाद पाण्डे।

नापी कार्यालय भक्तपुरका प्रमुख पूर्णप्रसाद पाण्डेले पुर्जा लागु गर्ने सम्बन्धमा भदौभित्र सूचना प्रकाशन गरी प्रक्रिया अगाडि बढाइने जानकारी दिएका छन्। साथै, बाँकी रहेका क्षेत्रको पुर्जा वितरणसमेत भदौभित्रै गर्ने तयारी भइरहेको जानकारी उनले दिएका छन्। यसैगरी हालको वडा नं ८ तथा साविक वडा नं १ र २ का नाप-नक्सा सम्पन्न भएका स्ववासी जग्गा पुर्जा वितरणका लागि सम्बन्धित विभागबाट सहमति प्राप्त भइसकेको बताइएको छ। अब तत्काल प्रक्रिया अगाडि बढाएर पुर्जा वितरण गर्ने तयारी रहेको नापी कार्यालयका प्रमुख पाण्डेले जानकारी दिए।

वडा नं ५ स्थित सिद्धिकालीको उपल्लो नासननी क्षेत्रमा हाल भएको नाप-नक्साअनुसार कार्यपालिकाबाट निर्णय भएपछि नापी कार्यालयले आवश्यक सूचना जारी गर्ने र प्रक्रिया पूरा गरी भदौभित्र पुर्जा वितरण गर्ने जानकारीसमेत प्राप्त भएको छ।

नगरपालिकाले जग्गा प्रशासनसँग सम्बन्धित यस्ता समस्या समाधानका लागि नगरपालिका आफैंले सञ्चालन गर्ने गरी भूमि प्रशासन केन्द्र स्थापना तथा सञ्चालनको प्रक्रिया पनि अघि बढाएको छ। चालु आर्थिक वर्ष २०८३/८४ का लागि भूमि प्रशासन केन्द्र सञ्चालन गर्न नगरपालिकाले एक करोड रुपैयाँ बजेट विनियोजन गरेको जनाएको छ।

भूमि प्रशासन विभागबाट समेत नगरपालिका आफैंले भूमि प्रशासन केन्द्र सञ्चालन गर्ने गरी स्वीकृति प्राप्त भइसकेको बताइएको छ। केन्द्र सञ्चालनमा आएपछि जग्गा प्रशासनसँग सम्बन्धित स्थानीय तहमा देखिँदै आएका समस्या समाधान गर्न तथा सेवाग्राहीलाई सहज र छिटो सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# शिलालेखमा कुँदिए यौन हिंसापीडितका माग

**दिनेश सुवेदी**
*रोल्पा, साउन २५*

माओवादी भूमिगत हुनुअघि पहिलो आक्रमण गरिएको होलेरी चौकीपरिसरमा बनाइएको सहिद स्तम्भमा पतिको नाम खोज्दै गर्दा आँखाबाट आँसु झारेकी 'कमरेड ८' ले अलिपरको अर्को स्तम्भमा आफूजस्तै यौन हिंसामा परेका महिलाका मागपत्र र घोषणापत्रमा पीडा लुकेको देखिन्। बीसौं वर्षसम्म मनमा दबिएका पीडा शिलालेखमा कुँदिएको देखेर उनका आँखा अनायासै रसाए।

गोठालो गएकी उनी २०५७ सालमा रोल्पाको एक जंगलमा सुरक्षाकर्मीबाट सामूहिक बलात्कारमा परेकी थिइन्। तीनजनाले बलात्कार गर्दा उनी बेहोस हुन पुगेकी थिइन्। साढे १६ वर्षको उमेरमा बलात्कारमा परेकी उनलाई अर्को वर्ष परिवारले पल्लो गाउँको युवकसँग बिहे गराइदिए। बलात्कारको चोटले पुरुषसँगको सामीप्यता टुटेको 'कमरेड ८' ले पतिसँग मुस्किलले औपचारिक सम्बन्ध मात्र निभाउन सकिन्।

निरस सम्बन्धका बिचमा छोरो जन्मिएको एक वर्षपछि पतिको गोली लागेर मृत्यु भयो। यसपछि उनको जीवनमा दुःखका पहाडले थिच्न थाल्यो। २० वर्ष नपुग्दै एकल महिला हुन पुगेकी उनले घर समाजमा आफूलाई स्थापित गराउन मुस्किल पर्‍यो। कुनै पुरुषसँग बोल्नु समाजका लागि अपराध हुन्थ्यो। उमेर पुगेका सासू-ससुराको स्याहारदेखि नाबालक छोराको हेरचाहमा खेल्ने खाने उमेर खर्चेकी 'कमरेड ८' मानसिक समस्याबाट पनि गुज्रिइन्।

होलेरीमा रहेको सहिद स्तम्भछेउमा यौन हिंसापीडितका सवाल कवितात्मक शैलीमा शिलालेखमा कुँदेर राखिएको देखेपछि उनले ढुंगाको पनि माया लागेको बताइन्। 'हाम्रा पीडा ढुंगामा कुँदिएको देखें। आफ्नो सवाल देखेर मनदेखि खुसी भएँ। कसैले नसुनेका कुरा ढुंगाले सुनेछ जस्तो लाग्यो', कमरेड ८ ले थपिन्, 'पतिको नाम सहिद स्तम्भमा छ अनि अलिपर न्याय खोज्दै आएका हाम्रा सवाल छन्।'

ग्लोबल सरभाइभर फन्ड स्विट् जरल्यान्डसँगको साझेदारीमा नागरिक आवाज ललितपुर र नेपाल महिला सामुदायिक सेवा केन्द्रले स्थानीय सरकारसँगको सहकार्यमा रोल्पाका तीन स्थानमा यौन हिंसापीडितको आम भेलाले जारी गरेको घोषणापत्र शिलालेखमा कुँदेर स्मारक तयार गरेका हुन्। होलेरीजस्तै रोल्पा नगरपालिका- ३ सातदोबाटोमा रहेको जनयुद्ध स्मृति भ्युटावर प्रांगणमा र लुङ्ग्री गाउँपालिकाको गुम्चालस्थित सहिदपार्कमा घोषणापत्रलाई शिलालेखमा कुँदेर स्तम्भ तयार गरिएको छ।

यही कार्यक्रमअन्तर्गत रोल्पा, रुकुमपूर्व, दाङ, कैलाली र कञ्चनपुरमा द्वन्द्वका समयमा यौन हिंसामा परेका चार सय ३९ जनाका लागि मानसिक स्वास्थ्यमा मनोविमर्श सेवा र उपचारसँगै अन्तरिम परिपूरणीय उपायअन्तर्गत व्यवसायका लागि प्रतिव्यक्ति एक लाख ८५ हजारका दरले व्यक्तिगत परिपूरण गरिएको छ भने अन्तरिम परिपूरणका उपायअन्तर्गत सामूहिक स्मृतिका लागि सरभाइभरकै सल्लाहमा उनीहरूले नै जारी गरेको घोषणापत्रलाई शिलालेखमा राखी स्तम्भ तयार गरेको हो।



होलेरीमा रहेको यौन हिंसापीडितले जारी गरेको घोषणापत्रसहितको स्तम्भ। *तस्बिर : दिनेश/नागरिक*

रोल्पालगायत रुकुमका तीन स्थान सिस्ने, महत, पुथा र दाङको बंगलाचुलीमा पनि स्मारक तयार गरिएको छ। गएको वैशाखमा मध्यनेपालको एक स्थानमा करिब ३५० यौन हिंसापीडितको आम भेलाले घोषणापत्रमार्फत दशबुँदे माग अघि सारेका थिए। न्याय भोलि होइन, आजै पाइयोस्, कानुनले तुरुन्तै देखोस्, दोषीलाई सजाय होस्, उपचार र सुरक्षाका लागि चिकित्सक, मनोविमर्शकर्ता र सुरक्षित स्थान उपलब्ध गराइयोस्, शारीरिक, मानसिक, सामाजिक र आर्थिक रूपमा परिपूरण दिइयोस्।

सुरक्षा प्रदान गरियोस्, निगरानी र स्वतन्त्र अनुगमन गरियोस् ताकि न्याय नमरोस्, न्याय प्रक्रिया पारदर्शी र प्रभावकारी होस्, हाम्रो पीडामा राज्यले पनि पीडाबोध गरोस्, सम्मानका साथ समाजमा घुलमिल हुने वातावरण तयार पारियोस्, २०६३ को शान्तिसम्झौताको वाचा कार्यान्वयन होस्- राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालनासहित राज्यका नीति तथा कार्यक्रममा हाम्रो आवाज प्रतिबिम्बित होस्, योजना निर्माणदेखि कार्यान्वयन तहसम्म सहभागी गराइयोस्, कानुनी जटिलतामा कसैको पनि आवाज नहराओस्, निःशुल्क कानुनी सहयोग र न्याय प्रक्रिया उपलब्ध गराइयोस् जस्ता माग उनीहरूले अघि सारेका छन्।

द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाअन्तर्गत बलात्कार र यौनजन्य हिंसाका सवालमा आजसम्म राज्यका तर्फबाट सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत उजुरी माग गर्नेबाहेक अन्य कुनै काम गरिएको छैन।

> तथ्यांक र प्रमाण अभाव भन्दै पन्छिँदै आएको सरकारी निकायले पीडितका मनमा परेको चोट अनि उनीहरूले भोगिरहेका मानसिक प्रताडनाको हेक्का राख्न नसक्दा पीडितमध्ये धेरै मानसिक समस्या बोकेर हिँडिरहेका छन्।

तथ्यांक र प्रमाण अभाव भन्दै पन्छिँदै आएको सरकारी निकायले पीडितका मनमा परेको चोट अनि उनीहरूले भोगिरहेका मानसिक प्रताडनाको हेक्का राख्न नसक्दा धेरै पीडित मानसिक समस्या बोकेर हिँडिरहेका छन्।

यतिबेला सत्य निरूपण तथा मेलमिलाप आयोगमा पुराना तीन सय १४ र गत वर्ष थपिएका तीन हजार नौ सय १२ गरी चार हजार दुई सय २६ यौन हिंसा प्रभावितका उजुरी न्यायको पर्खाइमा छन्। हिजो सशस्त्र द्वन्द्वमा सहभागी दल सत्तामा रहँदा सम्बोधन हुन नसकेको संक्रमणकालीन न्यायलाई नयाँ सरकारले टुंगोमा पुर्‍याओस् भन्ने माग पीडितहरूको छ।

भगवान्‌को मन हामी मानवका लागि अझै मरेको छैन।
– रवीन्द्रनाथ ठाकुर

# कृषि नीतिका अपेक्षा

सरकारले २२ वर्ष पुरानो राष्ट्रिय कृषि नीति, २०६१ लाई विस्थापन गर्दै राष्ट्रिय कृषि नीति, २०८३ गत साता जारी गरेको छ। कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने लक्ष्यसहित ल्याइएको यो नीतिले खाद्य सुरक्षा, खाद्य सम्प्रभुता, किसानको आय वृद्धि, उत्पादन विस्तार, आयात प्रतिस्थापन र कृषि निर्यात प्रवर्धनलाई प्राथमिकतामा राखेको छ।

नेपालको कृषि क्षेत्र लामो समयदेखि गम्भीर चुनौतीबाट गुज्रिरहेको अवस्थामा नयाँ नीति आएको हो। कुनै समय अर्थतन्त्रको मुख्य आधार रहेको कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान निरन्तर घटिरहेको छ। ठुलो जनसंख्या अझै कृषिमा निर्भर रहे पनि कृषि व्यवसायका रूपमा आकर्षक बन्न सकेको छैन। उत्पादन प्रणाली परम्परागत छ, उत्पादकत्व न्यून छ, बजार असुरक्षित छ र किसानले आफ्नो श्रमको उचित मूल्य पाउन संघर्ष गरिरहेका छन्।

यसको सबैभन्दा ठुलो असर युवा जनशक्तिको पलायनमा देखिएको छ। गाउँका खेतबारी बाँझो हुँदै गएका छन् भने उत्पादन गर्ने उमेर समूहका लाखौं युवा वैदेशिक रोजगारीमा गइरहेका छन्। विप्रेषणले अर्थतन्त्रलाई धाने पनि त्यसले कृषि उत्पादन प्रणालीलाई पुनर्जीवित गर्न सकेको छैन। परिणामस्वरूप नेपाल चामल, तरकारी, फलफूललगायत धेरै कृषि उपजमा आयात निर्भर बन्दै गएको छ।

यस्तो अवस्थामा नयाँ कृषि नीतिले उठाएका विषय सकारात्मक छन्। नीतिले कृषियोग्य भूमिको खण्डीकरण रोक्न कृषि चलनमा रहेको करिब २० लाख हेक्टर खेतीयोग्य जमिन संरक्षण गर्ने लक्ष्य राखेको छ। भूमि चक्लाबन्दी, बाँझो जमिनको उपयोग र सामूहिक, करार तथा सहकारी खेतीलाई प्रोत्साहन गर्ने व्यवस्था पनि गरिएको छ। तर यसको सफलता कानुनी व्यवस्था मात्र होइन, स्थानीय तहको प्रभावकारी कार्यान्वयन क्षमतामा निर्भर हुनेछ।

कृषिलाई व्यवसायका रूपमा विकास गर्न साना र सीमान्त किसानलाई व्यवसाय धितो राखेर सुलभ कर्जा उपलब्ध गराउने व्यवस्था महत्त्वपूर्ण छ। नेपालमा किसानको ठुलो समस्या लगानी अभाव हो। बैंकिङ प्रणालीले जमिनको धितो खोज्ने तर वास्तविक उत्पादन क्षमतालाई नहेर्ने अवस्थाले धेरै किसानलाई औपचारिक वित्तीय पहुँचबाट बाहिर राखेको छ। नयाँ व्यवस्थाले यही समस्या समाधान गर्न सके कृषि उद्यमशीलताको नयाँ बाटो खुल्न सक्छ।

> कृषि उपजको सुरक्षित ढुवानीका लागि 'कृषि एम्बुलेन्स' सञ्चालन, डिजिटल बजार प्रणाली, शीत भण्डारण, प्रशोधन उद्योग र खाद्यान्न भण्डारण गृह निर्माणजस्ता विषयलाई प्राथमिकतामा राख्नु राष्ट्रिय कृषि नीति, २०८३ का सकारात्मक पक्ष हुन्।

त्यस्तै, किसान परिचयपत्र वितरण, विद्युतीय अनुदान प्रणाली, उत्पादनमा आधारित अनुदान, न्यूनतम समर्थन मूल्य र बजार नपाए सरकारले व्यवस्थापन गर्ने व्यवस्था किसानको आत्मविश्वास बढाउने कदम हुन सक्छन्। विगतमा अनुदान प्रणाली प्रभावकारी नहुँदा वास्तविक किसानभन्दा पहुँच भएका व्यक्तिले लाभ लिने गुनासो थियो। अब प्रविधिमा आधारित पारदर्शी प्रणाली आवश्यक छ। नेपालको कृषि समस्या उत्पादन मात्र होइन, बजार र पूर्वाधारको पनि हो। कृषि उपजको सुरक्षित ढुवानीका लागि 'कृषि एम्बुलेन्स' सञ्चालन, डिजिटल बजार प्रणाली, शीत भण्डारण, प्रशोधन उद्योग र खाद्यान्न भण्डारण गृह निर्माणजस्ता विषयलाई प्राथमिकतामा राख्नु सकारात्मक पक्ष हो। किसानले उत्पादन गरेपछि बजार खोज्नुपर्ने होइन, उत्पादनअघि नै बजार सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्छ।

यसैगरी, खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षासँग जोड्दै प्रदेशस्तरीय 'बफर स्टक' र स्थानीय खाद्य भण्डार निर्माण गर्ने योजना पनि दीर्घकालीन दृष्टिले महत्त्वपूर्ण छन्। प्राकृतिक विपत्ति, महामारी वा अन्तर्राष्ट्रिय आपूर्ति अवरोधका समयमा खाद्यान्न सुरक्षाका लागि यस्तो व्यवस्था आवश्यक हुन्छ।

नेपालको कृषि भविष्य आयात प्रतिस्थापनमा मात्र होइन, आफ्नो मौलिक कृषि उत्पादनहरू कोदो, फापर, चिनो, कागुनोजस्ता रैथाने बाली तथा हिमाली क्षेत्रका याक, चौंरी, च्याङ्ग्राजस्ता उत्पादनलाई भौगोलिक पहिचान र अन्तर्राष्ट्रिय बजारसँग जोड्नु पनि हो। त्यसो गर्न सके नेपालले नयाँ कृषि अर्थतन्त्र निर्माण हुन सक्छ। त्यसमा सरकारले जोड दिनुपर्छ। विदेशमा उत्पादन भएका मदिरा हामीले बर्सेनि करोडौं मूल्यबराबरको आयात गर्ने गरेका छौं तर हाम्रै बारीमा फल्ने कोदोलगायत उत्पादनलाई गुणस्तरीय र बजारीकरण गर्न सकेका छैनौं।

त्यसैले नीति मात्र होइन, हाम्रो नियत परिवर्तन गर्नुपर्छ। हिजो पनि कृषि योजना र नीति बेलाअनुसार ठिकै थियो तर कार्यान्वयन पक्ष कमजोर हुँदा अपेक्षित परिणाम आउन सकेन। नयाँ नीतिको सफलता संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय, पर्याप्त बजेट, दक्ष जनशक्ति, कृषि अनुसन्धान र नियमित अनुगमनमा निर्भर हुनेछ। अब नेपालको प्राथमिकता कृषि क्षेत्रलाई जीविकोपार्जनको माध्यमबाट आधुनिक व्यवसायमा रूपान्तरण गर्नु हुनुपर्छ। राष्ट्रिय कृषि नीति, २०८३ ले दिशा देखाएको छ तर युवालाई कृषिमा फर्काउने, किसानको आम्दानी बढाउने, आयात निर्भरता घटाउने र कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने स्पष्ट रणनीति आवश्यक छ। अन्यथा यो नीति पनि विगतका दस्ताबेजजस्तै सीमित हुने जोखिम रहनेछ।



डा. राजेश्वर कुशवाहा

# ग्यास अभावका दोषी नागरिक कि सरकार ?



**नागरिकले दोस्रो सिलिन्डर जोहो गर्नु कुनै सामाजिक अपराध वा गैरजिम्मेवारपन होइन । यो राज्यप्रतिको भरोसा टुटेपछिको स्वाभाविक र नैतिक आत्मरक्षात्मक व्यवहार हो ।**

काठमाडौं उपत्यकासहित देशका प्रमुख सहरी क्षेत्र र तराई-मधेसका विभिन्न जिल्लामा फेरि खाना पकाउने एलपिजी ग्यासको हाहाकार भएको छ। बिहानै खाली सिलिन्डर बोकेर डिपो र खुद्रा बिक्रेताका ढोकामा घण्टौं लाइन बस्नु नेपाली नागरिकको नियतिजस्तै बनेको छ। स्वयं पंक्तिकारले पनि विगत एक महिना अगाडि ल्याएको आधा सिलिन्डर सकिनै लाग्दा विगत एक सातादेखि सधैं ल्याउने गरेको बिक्रेतालाई दैनिक फोन गरिरहेको छ। तर, बिक्रेताबाट हरेक पटक एउटै जवाफ आउँछ, 'दाइ, भोलि आउँछ; दाइ, पर्सि आउँछ।' एकजना सचेत नागरिकले भोगिरहेको यो अनिश्चितता र मानसिक तनावले देशभरका लाखौं आमउपभोक्ताको वास्तविक चुलोको अवस्था कति भयावह होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ।

अर्कातर्फ, आपूर्ति व्यवस्थापनको जिम्मा पाएको नेपाल आयल निगम र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मात्र होइन, समस्या चुलिँदै गएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय र स्वयं प्रधानमन्त्रीले समेत चासो दिँदै द्रुत आपूर्ति र बजार अनुगमनका लागि निर्देशन दिनुपर्ने अवस्था सिर्जना भएको छ। तर, राज्य संयन्त्र र तालुकदार निकायहरू भने बजारमा ग्यासको कुनै अभाव नरहेको र आयात नियमित भइरहेको दाबी गरिरहेका छन्। उनीहरूको तर्क छ, अभाव ग्यासको होइन, उपभोक्ताको अस्वाभाविक माग र होल्डिङ गर्ने मानसिकताको हो। नागरिक दैनिक उपभोग्य वस्तुका लागि भौंतारिनुपर्ने र राज्यका उच्च अधिकारीहरूले उल्टै नागरिककै मानसिकतामाथि प्रश्न उठाउने यो विरोधाभासपूर्ण स्थिति नयाँ भने होइन। विगतमा ग्यासको हाहाकार र कालोबजारी यतिसम्म चुलियो कि गत फागुनमा सर्वोच्च अदालतमा ग्यास आपूर्ति सहज बनाउन माग गर्दै रिट निवेदन नै दर्ता भएको देखिन्छ। देशको कार्यकारी प्रमुखदेखि सर्वोच्च अदालतसम्म तरंगित हुनुपर्ने यो अवस्थाले नेपालमा ग्यास अभावको समस्या कति गम्भीर र संरचनात्मक छ भन्ने स्पष्ट पार्छ। यिनै समस्या, राज्यले नागरिकको मानसिकतामाथि उठाएको प्रश्न, यसका सैद्धान्तिक आयामहरू र यसको दीर्घकालीन प्राविधिक समाधानका उपायहरूमा यो लेख केन्द्रित रहेको छ।

**नागरिक अधिकार**

कुनै दिन एलपिजी ग्यासलाई विलासिताको वस्तुको सूचीमा राख्ने गरिन्थ्यो तर अब यो अधिकांश भान्साको दैनिक जीवनयापनको प्राथमिक आवश्यकता बनिसकेको छ। राष्ट्रिय जनगणना २०२१ अनुसार देशका ४४.३ प्रतिशत र काठमाडौं उपत्यकाका ८० प्रतिशतभन्दा बढी घरधुरी खाना पकाउन पूर्ण रूपमा एलपिजी ग्यासमा निर्भर छन्। यस्तो संवेदनशील र आपत्‌कालीन प्रकृतिको वस्तुको आपूर्तिमा बारम्बार आइपर्ने अवरोधले नागरिकको दैनिक जीवन र भान्साको चक्र ठप्प बनाउने गरेको छ। नेपालको संविधानको धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हकको मौलिक अधिकार दिएको छ। काँचो अन्नलाई पकाएर खाने इन्धन नै उपलब्ध नहुनु प्रत्यक्ष रूपमा नागरिकको खाद्य अधिकार र स्वच्छ जीवन जिउन पाउने हकको गम्भीर हनन हो। त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकअन्तर्गत गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र बजारको अनियमितताबाट क्षतिपूर्ति पाउने अधिकारको स्पष्ट ग्यारेन्टी गरेको छ तर बजारमा हुने कृत्रिम अभाव, कालोबजारी, बिचौलियाको दबदबा र राज्यको फितलो अनुगमनले यी संवैधानिक मौलिक अधिकारहरूको निरन्तर धज्जी उडाइरहेको छ।

यहाँ मुख्य समस्या राज्यले दाबी गरेझैं नागरिकको 'अस्वाभाविक माग' होइन, राज्य र नागरिकबिच वर्षौंदेखि गहिरिँदै गएको अविश्वासको ठुलो खाडल हो। कुनै उपभोक्तालाई आफ्नो घरको सिलिन्डर सकिनेबित्तिकै एकदुई घण्टामै वा सहजै अर्को रिफिल पाइन्छ भन्ने राज्य र बजारप्रति शतप्रतिशत विश्वास हुन्थ्यो भने उसले सीमित बजेट र साँघुरो कोठामा बसेर दोस्रो वा तेस्रो सिलिन्डरका लागि दुईचार हजारको अनावश्यक लगानी गर्ने थिएन। नागरिकले अतिरिक्त ग्यास राख्नु उसको लोभ, अज्ञानता वा खराब मानसिकता होइन, जुनसुकै बेला चुलो बन्द हुन सक्ने डरबाट उब्जिएको अविश्वासको चक्र र बाध्यात्मक कदम हो। सरकारले यो अविश्वासको जग र संरचनात्मक समस्यालाई सम्बोधन गर्नुको साटो सोझा उपभोक्ताको मानसिकतामाथि प्रश्न उठाएर आफ्नो गम्भीर प्रशासनिक असफलता र नालायकीपनको ढाकछोप गरिरहेको छ।

**सैद्धान्तिक विश्लेषण**

यहाँ राज्यले आफूप्रतिको नागरिकको अविश्वासलाई अस्वाभाविक भनिरहँदा, सामाजिक विज्ञान, राजनीतिशास्त्र र व्यावहारिक अर्थशास्त्रका स्थापित सिद्धान्तहरूले भने यसलाई धेरै गहिरो र तार्किक ढंगले व्याख्या गर्छ। यस्ता सैद्धान्तिक विश्लेषणलाई सरकार र नागरिक दुवैले बुझ्न जरुरी हुन्छ। १७औं शताब्दीका राजनीतिक दार्शनिक थोमस हब्स र जोन लाकको 'सामाजिक सम्झौता'को सिद्धान्तअनुसार नागरिकले राज्यलाई कर तिर्छन् र नियम मान्छन्। बदलामा राज्यले नागरिकको जीवन, सम्पत्ति र आधारभूत आवश्यकताको निरन्तरताको सुरक्षा दिन्छ। जब राज्य आधारभूत इन्धनको सहज आपूर्ति गराउन असफल हुन्छ, तब राज्य र नागरिकबिचको यो अदृश्य सम्झौता टुट्छ। हब्सका अनुसार राज्यको संरक्षण पाउन छाडेपछि मानिस स्वयं आफ्नो रक्षा र अस्तित्व जोगाउने प्राथमिक चरणमा उत्रिन्छ। यहाँ राज्यका तालुकदारहरूले बुझ्नुपर्छ कि नागरिकले दोस्रो सिलिन्डर जोहो गर्नु कुनै सामाजिक अपराध वा गैरजिम्मेवारपन होइन, यो राज्यप्रतिको भरोसा टुटेपछिको स्वाभाविक र नैतिक आत्मरक्षात्मक व्यवहार हो।

> नागरिकले राज्यलाई कर तिर्छन् र नियम मान्छन्। बदलामा राज्यले नागरिकको जीवन, सम्पत्ति र आधारभूत आवश्यकताको निरन्तरताको सुरक्षा दिन्छ। जब राज्य आधारभूत इन्धनको सहज आपूर्ति गराउन असफल हुन्छ, तब राज्य र नागरिकबिचको यो अदृश्य सम्झौता टुट्छ।

यसैगरी, हार्वर्डका अर्थशास्त्री सेन्धिल मुलैनाथम र प्रिन्स्टनका मनोवैज्ञानिक एल्डार सफिरको 'स्क्यार्सिटी माइन्डसेट'को अवधारणाअनुसार मानिसलाई कुनै अत्यावश्यक वस्तुको कमी हुने डर हुँदा उसको मस्तिष्कको सोच्न सक्ने क्षमता सीमित हुन्छ। अनिश्चितताको स्थितिमा नागरिकले बिहानै लाइन बसेर भए पनि ग्यास जोहो गर्न खोज्नुलाई बाहिरबाट हेर्दा अस्वाभाविक देखिए पनि उपभोक्ताको दृष्टिकोणबाट यो पूर्ण रूपमा 'तार्किक भय' हो। यस्तै, नोबल विजेता जोन नासको 'गेम थ्योरी' र 'प्रिजनर्स डिलेमा'ले पनि बजारमा अविश्वास हुँदा कसरी सामूहिक प्रणाली ध्वस्त हुन्छ भन्ने व्याख्या गर्छ। तत्कालको ग्यास समस्यालाई जोनको नजरबाट हेर्ने हो भने यसले भन्छ, सबै उपभोक्ताले एक-एक सिलिन्डर मात्र किनेर अनुशासनको पालना गरेको खण्डमा बजारको अवस्था सामान्य रहन्छ तर अरू कसैले नियम मान्दैन र आफू पछाडि परिन्छ भन्ने अविश्वासका कारण हरेक नागरिकले आफ्ना लागि सुरक्षित विकल्प रोज्छ, जसले सामूहिक रूपमा बजारमा कृत्रिम अभाव सिर्जना गर्छ। यस्तो अवस्थामा राज्य पलायन होइन, नागरिकमा विश्वास जगाउनु पर्छ।

**राज्यको पलायनवाद**

जब-जब बजारमा अभाव हुन्छ, तब-तब राज्य संयन्त्रले आफ्नो कमजोरी ढाक्न 'पीडितमाथी दोषारोपन' र 'तथ्यगत भ्रम'को सहारा लिन्छ। ग्यासलाइटिङ त्यस्तो मनोवैज्ञानिक छल हो, जहाँ सत्तामा बस्नेहरूले पीडित नागरिकलाई नै आफ्नो तर्क, भोगाइ र वास्तविक स्थितिमाथि शंका गर्न बाध्य पार्छन्। नागरिक बिहानैदेखि लाइनमा बस्न बाध्य छ, खुद्रा बिक्रेताले ग्यास छैन भनिरहेको छ तर सरकारी निकाय र मन्त्रालयका प्रवक्ताहरू पत्रपत्रिका र टेलिभिजनमा, सचिव संसदीय समितिमा गएर 'ग्यासको कुनै अभाव छैन, आयात साविकभन्दा बढी भइरहेको छ' भन्दै भ्रम छरिरहेका छन्। सरकारले बजारमा हुने सिन्डिकेट, बिचौलियाको खेल र डिलरहरूले पछाडिको ढोकाबाट होटल, रेस्टुरेन्ट तथा व्यापारिक फर्महरूलाई बढी मूल्यमा ग्यास बेच्ने कालोबजारीमाथि नियन्त्रण गर्न सकेको छैन। आफ्नो अनुगमन क्षमताको पंगुपनलाई ढाकछोप गर्न उल्टै 'जनताको मानसिकता नै खराब छ' भनेर पन्छिनु राज्यको नैतिक, राजनीतिक र प्रशासनिक पलायनवाद हो।

**दीर्घकालीन समाधान**

ग्यास अभावको यो समस्या मौसमी अनुगमन, मन्त्री वा प्रधानमन्त्रीको मौखिक निर्देशन र खुद्रा टोली पठाएर छापा मार्ने कामले मात्र स्थायी रूपमा हल हुँदैन। दुईतिहाइ नजिकको जनमत र युवा नेतृत्व समावेश भएको वर्तमान सरकारले परम्परागत ढर्रा छाडेर वैश्विक अनुभवहरूबाट सिक्दै प्रविधिमा आधारित संरचनात्मक र स्थायी समाधानको बाटोमा अग्रसर हुनुपर्छ।

पहिलो, दक्षिण कोरिया र सिंगापुरजस्ता देशले संकटका बेला अपनाएको मोडलअनुसार हरेक ग्यास उपभोक्तालाई राष्ट्रिय परिचयपत्र वा नागरिकता वा मोबाइल नम्बरसँग आबद्ध गरी 'डिजिटल क्युआर कोड पासबुक प्रणाली' लागु गरिनुपर्छ। यसले गर्दा एउटै व्यक्ति वा परिवारले निश्चित दिनको समयसीमा (जस्तै २५ वा ३० दिन) भित्र धेरै सिलिन्डर लिन पाउँदैन। यसरी डिजिटल प्रविधि प्रयोगबाट होर्डिङ तथा कालोबजारीलाई निर्मूल गर्न सकिन्छ।

दोस्रो, बेलायतले फ्युल क्राइसिस व्यवस्थापन गरेजस्तै नेपाल आयल निगमले एउटा पारदर्शी र सार्वजनिक 'डिजिटल ड्यासबोर्ड' वा मोबाइल एप सञ्चालनमा ल्याउनुपर्छ। कुन ग्यास उद्योगले कुन डिपो वा बिक्रेतालाई कति सिलिन्डर पठायो र बिक्रेतासँग कति स्टक बाँकी छ भन्ने विवरण सर्वसाधारणले लाइभ हेर्न पाउने व्यवस्था हुनुपर्छ। यस्तो सूचनाको पारदर्शिताले नागरिकको भ्रम र प्यानिक घटाउँछ भने बिक्रेतालाई पनि ग्यास लुकाउने मौका दिँदैन।

तेस्रो, आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार नेपालको हालको कुल पेट्रोलियम भण्डारण क्षमता औसतमा जम्मा १६ दिनका लागि मात्र पर्याप्त छ, जबकि एलपिजी ग्यासका सन्दर्भमा यो क्षमता अझै दयनीय छ। अन्तर्राष्ट्रिय मापदण्ड र आपत्‌कालीन व्यवस्थापनका लागि सरकारले कम्तीमा तीन महिनाको 'रणनीतिक ग्यास भण्डारण गृह'को निर्माण गर्नेतर्फ बजेट र नीति विनियोजन गरी तत्काल काम सुरु गर्नुपर्छ। चौथो, बजार अनुगमनलाई डिजिटलाइज गर्दै उपभोक्तासँग तोकिएको एमआरपीभन्दा बढी मूल्य लिने वा कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्ने डिलर तथा उद्योगहरूको व्यावसायिक लाइसेन्स तुरुन्त रद्द गर्ने र आपराधिक ऐन अनुसार कडा दण्डात्मक कानुनी कारबाही गर्ने कठोर प्रणाली बसालिनुपर्छ।

*- कुशवाहा सुशासन पाठशालाका अनुसन्धान निर्देशक हुन्।*

# सरकार र विपक्षीको रचनात्मक भूमिकाबाटै स्थिरता सम्भव



वीरेन्द्रप्रसाद यादव

२०४७ सालदेखि जनताले स्थायी सरकारका लागि पटक-पटक निर्वाचित गरी बहुमत दिए तर दलका नेताको आपसी विवाद, गुटबन्दी, निहित स्वार्थ तथा सत्तालोलुपताका कारणले स्थिर सरकार बन्न सकेन। दुर्भाग्यवश, अल्पआयुमै सरकारहरू मात्र विघटन भएनन्, कैयौं पटक संसद् पनि विघटन भए, दलहरू पनि विभाजित भए। जसले गर्दा लोकतन्त्रबाट नै जनता बेलाबखत वितृष्णसमेत भए पनि नेपाली जनता लोकतन्त्रप्रेमी भएको कारण नेताहरूको गल्ती सुधारको अपेक्षा राखी पटक-पटक उही नेताहरूलाई निर्वाचित गरी अवसर दिए। तैपनि दलहरूमा लोकतान्त्रिक प्रवृत्तिको अभावले लोकतन्त्रमा पनि पटक-पटक आन्दोलन भए। निरंकुशतन्त्रको विरुद्धमा आन्दोलन हुनु स्वाभाविक भए पनि लोकतान्त्रिक सरकारका विरुद्धमा आन्दोलन हुनु निरंकुशताको चरमोत्कर्षको निसानी हो।

२०४७ सालपछिको प्रजातान्त्रिक सरकारको विरुद्धमा माओवादी जनयुद्ध भयो। राजतन्त्र विरुद्ध २०६२/६३ को जनआन्दोलन भयो। अन्तरिम संविधान जारी भएपछि सात दलको सरकारविरुद्ध मधेस आन्दोलन भयो। संविधानसभाबाट संविधान जारी भएपछि मधेसमा लामो आन्दोलन भयो। पश्चिमतिर थारू आन्दोलन भयो। पछि लोकतान्त्रिक सरकारको विरुद्ध जेनजी आन्दोलन भई २४ घण्टाभित्र नै जनताकै सरकार जनताद्वारा ढालियो र संसद् विघटन गरी संविधानबाहिरबाट सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भयो। उक्त तमाम आन्दोलनबाट दल तथा नेताहरूमा परिपक्व लोकतान्त्रिक संस्कार विकसित नभएको सन्देश दिन्छ। यी तमाम आन्दोलनको अगुवाइ गर्ने र आन्दोलनपछि सरकारको नेतृत्वकर्ता पनि उही पुराना दलका पुराना नेता भएको देखी पछिल्लो पटक यी पुराना दल तथा पुराना नेतामा सुधार हुँदैन भनी आशा जनतामा पलायो र जेनजी आन्दोलनपछि जनताले पुराना दल तथा नेतालाई पूर्णरूपले बढारी नयाँ सोच, ऊर्जा तथा पद्धति सिकेका युवा पुस्ताउपर भरोसा राखी जनताले प्रचण्ड बहुमत दिई युवा पुस्ताको एकलौटी सत्ता दिएको छ। जनताले युवा पुस्तालाई यस्तो एकलौटी अवसर दिनुको पछाडिको मुख्य दुई कारण छन्। पहिलो, पाँच वर्षका लागि स्थिर सरकार तथा दोस्रो, पुराना नेता तथा दलले अपनाएको अलोकतान्त्रिक प्रवृत्तिको अन्त्य।

वर्तमान सत्ताधारी दल तथा सरकारबाट पुनः अस्थिर सरकार निर्माणको खेल खेलियो र पुरानै अलोकतान्त्रिक प्रवृत्ति हावी भयो भने नेपाली जनताको लोकतान्त्रिक पद्धतिबाट नै विश्वास टुट्न सक्छ। जसले जे पनि हुन सक्छ। निरंकुशता मात्र आउने होइन, राज्य पनि असफलतातर्फ उन्मुख हुन सक्छ। यसकारण वर्तमान सरकारलाई विस्थापन गर्नेतर्फ सवाल उठाउन उचित छैन। सत्ताधारी दलले नै वर्तमान सरकारको विकल्प खोज्नु भनेको आफ्नो खुट्टामा आफैं बन्चरो हान्नु हो भने विपक्षी दलले वर्तमान सरकारको विकल्प खोज्नु भनेको अझै जनताको नजरमा अलोकतान्त्रिक एवं सत्तामुखी चरित्र देखाउनु हो। यस्तो चरित्रले आगामी निर्वाचनमा झनै ठुलो क्षति बेहोर्नुपर्ने हुन सक्छ। यद्यपि विपक्षी दलहरू अहिले यति कमजोर भइसकेका छन् कि सत्ताधारी दललाई तथा सरकारलाई केही गर्न सक्ने हैसियत नै छैन। दुई पुराना ठुला दलमा कांग्रेस अद्यापि आफ्नो आन्तरिक कलहबाट बाहिर आउन सकेको छैन। जसले गर्दा उनीहरू जति एकता गरे पनि सरकारलाई हल्लाउन सक्ने कुनै सम्भावना नै छैन। तथापि विपक्षी दलहरूले सरकारको राजीनामा माग्नबाट पछाडि हटेका छैनन्। यद्यपि उनीहरूसँग सरकार बनाउने हैसियत नै छैन। जब सरकार बनाउने हैसियत नै छैन भने वर्तमान सरकारलाई हटाई ल्याउने सत्ताधारी दलकै अर्को व्यक्तिको नेतृत्व हो, जसको औचित्य छैन। यसर्थ विपक्षी दलहरूले सरकारको राजीनामाका लागि विरोध गर्नुको औचित्य नै छैन। विपक्षी दलको एकता वा अन्य कुनै पहलबाट सरकार फेरियो भने फेरि बदनामी कमाउने पुराना दल नै हुन्छन्, जसले आगामी निर्वाचनमा पनि कठिनाइ भोग्नुपर्छ। यसर्थ विपक्षी दलको हित पनि वर्तमान सरकारलाई पाँच वर्षसम्म काम गर्नमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग गर्नु नै हो। यद्यपि वर्तमान सरकारले पनि विपक्षी दललाई पूर्ण रूपले उपेक्षा गर्न मिल्दैन किनभने सत्तामा विपक्षी दलको भूमिका आवश्यकता नभए पनि राष्ट्रिय आपत् तथा विपद्‌मा विपक्षी दलका पुराना नेताको अनुभवको खाँचो छ।

पुराना नेताले विगतमा गरेका संघर्षबाट प्राप्त गरेका अनुभव राष्ट्रको सम्पत्ति हो, जसलाई सदुपयोग गरी लाभ लिन सकिन्छ। जस्तै, केही हप्ता अगाडि मात्र मधेसमा फैलिएको हिंसाको समाधानका लागि सत्ताधारी दलले सर्वदलीय बैठक बोलायो, जसमा केही प्रमुख दलका नेता उपस्थित मात्र भएनन्, राष्ट्रको संकटमा जस्तोसुकै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे, जुन परिपक्व लोकतान्त्रिक संस्कार हो। तर केही दलका नेताहरू उक्त बैठकमा नै गएनन्। जसले गर्दा आमजनतामा उक्त नेता तथा दलप्रति ठुलो नकारात्मक सन्देश गयो।

यस्ता बैठकमा प्रधानमन्त्री तथा गृहमन्त्री नै गएनन्। जसको ठुलो आलोचना भयो। आलोचना भए पनि अनुभवको कमी जनताले महसुस गरे। यद्यपि गृहमन्त्री आफैं घटनास्थलमा तथा पीडितको घरमा पुगी समस्या समाधान गरे भने प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गरी सभापतिले बोलाएको सर्वदलीय बैठकलाई सरकारको स्वामित्व स्वीकार गरेपछि प्रधानमन्त्रीले पनि राष्ट्रप्रमुखलगायत विपक्षी दलहरूको पनि आवश्यकता महसुस गरी विगतभन्दा धेरै नरमपन्थी व्यवहार देखाए। जसले जनतामा सकारात्मक सन्देश गयो। सरकारको यस कदमपछि वर्तमान सरकारको निरन्तरताको अपेक्षा अझै बढ्न गएको छ।

केही नेताहरूले प्रधानमन्त्रीको विकल्पको चर्चा मात्र गरेनन्, दलको विधानमा प्रधानमन्त्रीलाई फेर्न सक्ने कानुनी प्रावधानको सम्बन्धमा सांसदहरूबाट प्रश्न उठ्दा सभापतिले यो पाँच वर्ष मात्र होइन, आगामी पाँच वर्षका लागि पनि त्याग गर्छ भने, जसले वर्तमान सरकारको निरन्तरताको ऊर्जा थप वृद्धि भएको छ। वर्तमान सरकारले विगतका सरकारहरूको गल्ती नदोहोऱ्याई पूरा कार्यकाल जनताको सेवा गरी समृद्धि ल्याउला भन्ने आशा राखेका छन्। जुन सकारात्मक विषय हो तर यसै बेला सत्ताधारी दलका सांसदबाट नै वर्तमान सरकारको विकल्पको कुरा उठेका छन्। सत्ताधारी सांसदबाट नै सरकारको आलोचना भएका छन्। विगतजस्तै विभेद मधेसलगायतका केही क्षेत्रमा भएको कुरा संसद्‌मा उठाइएका छन्।

लोकतन्त्रमा आलोचना हुनै पर्छ। आलोचनाबाट नै गल्ती सुधार हुन्छ। सत्ताधारी दलको नेताबाट आलोचना हुनु अझै लोकतान्त्रिक संस्कार मात्र होइन, राम्रो काम गर्ने अवसर पनि हो। तर यस्ता आलोचना सकारात्मक हुनुपर्छ, मार्गदर्शक हुनुपर्छ। आफ्नै शक्तिबाट सरकार कमजोर बन्न सक्छ। जुन विगतकै कमजोरीको निरन्तरता हुन्छ, जुन जनताले चाहेका छैनन्। यसले सत्ताधारी दललाई आगामी निर्वाचनहरूमा ठुलो चुनौती बढ्न सक्छ। दुईतिहाइ नजिकको बहुमत जनता दिए पनि पूरा कार्यकाल सरकार सञ्चालन गर्न नसक्नु सत्ताधारी दलको ठुलो असफलता हुन्छ। जसले पुरानै दलको कित्तामा उभ्याउँछ।

अहिलेको बहुमत वास्तवमा भन्ने हो भने जनताले कुनै दललाई नदिएर खास व्यक्तिलाई दिएको छ। कुनै एक व्यक्तिको इमानदारिता, दक्षता, सुशासनप्रतिको कठोर प्रतिबद्धता, भ्रष्टाचारप्रतिको शून्य सहनशीलता, निरपेक्षता र साहसलाई हेरेर एकहोरो रूपमा मत दिएका छन्। यसबाट जनताले सत्ताधारी दलभन्दा पनि उक्त व्यक्ति उपर अत्यधिक भरोसा गरेको पुष्टि हुन्छ। यस अवस्थामा सत्ताधारी दलले चाहेर पनि ती नेतालाई सत्ताबाट अलग गर्न सक्दैन किनभने जनताले स्वीकार गर्दैनन्।

यस अवस्थामा वर्तमान सरकारको निरन्तरताकै लागि सभापतिले पटक-पटक दोहोऱ्याउनु उनको ठुलो दूरदर्शिता मात्र होइन, उनी आफू त्यागी नेता रहेको पनि पुष्टि गरेका छन्। यस अवस्थामा उक्त दलका पछिल्लो तहका नेताले सरकारको विकल्पको कुरा गर्नुको औचित्य छैन।

अहिलेको अवस्थामा वर्तमान सरकारको विकल्प खोज्नुको अर्थ हो, मुलुकलाई असफल बनाउनु र लोकतन्त्रप्रति जनताको वितृष्णा फैलाउनु। यसर्थ, वर्तमान सरकारमा भएको कमजोरी सुधार गर्दै वर्तमान सरकारलाई पूरा कार्यकाल सञ्चालनमा सबैले सहयोग गर्नुको विकल्प छैन। सबैले सरकारलाई सहयोग गरी जनताको भरोसालाई पूरा गर्नुपर्छ। विगत ३५ वर्षदेखि ल्याउन नसकेको समृद्धि ल्याउनुपर्छ। विगत ३५ वर्षदेखि बस्न नसकेको लोकतान्त्रिक संस्कार मुलुकभरि बसाई विभेदहरू हटाउन सक्नुपर्छ।



# सरकारी कार्यालयका भौतिक संरचना संरक्षण अभावमा

अर्जुन ओली
*नेपालगन्ज, साउन २५*



प्रयोगविहीन 'नेपालगन्ज सिटी हल'। *तस्बिर : अर्जुन/नागरिक*

जिल्लास्थित सरकारी कार्यालयको भौतिक संरचना संरक्षणमा अभाव खड्किएको छ। कार्यालयका पुराना भौतिक संरचना जीर्ण अवस्थामा पुगेका बेला नवनिर्मित संरचना पनि संरक्षणमा चुनौती थपिएको छ। यस्तै मध्येको एक हो- नेपालगन्ज सिटी हल। यो लामो समयदेखि प्रयोगविहीन अवस्थामा पुगेको छ।

संघीय आयोजना कार्यान्वयन एकाइ कार्यालयले डेढ वर्षअघि नेपालगन्ज- १४ भवानीयापुरमा निर्माण सम्पन्न गरेर उपमहानगरपालिका कार्यालयलाई हस्तान्तरण गरेको थियो। तत्कालीन उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले उद्घाटन गरेपछि सिटी हलको संरक्षण र प्रयोग गर्ने जिम्मा उपमहमानगरपालिका कार्यालयले पाएको थियो। हस्तान्तरणपश्चात् उपमहानगरपालिकाले दुईपटक नगरसभाबाहेक अन्य कुनै पनि कार्यक्रम गरेको छैन।

सिटी हलको संरक्षण र नियमित प्रयोगबारे स्थानीय स्तरमा चिन्ता भइरहेको छ। सिटी हल नेपालगन्ज बजारबाट करिब चार किमि टाढा (नेपाल-भारत सीमानजिक) ग्रामीण क्षेत्रमा पर्छ। ठुलो क्षमताको सभा हल नहुँदा यहाँका अधिकांश कार्यक्रम होटलमा हुन्छन्। सिटी हल बनेपछि नेपालगन्जबासीका लागि सुविधा थपिए पनि नियमितरूपमा प्रयोगमा आउन सकेको छैन। 'नेपालगन्जमा विगतदेखि नै सरकारी संरचना बेवारिसे अवस्थामा छाड्ने प्रवृत्ति छ। पछिल्लो समयमा बनेको सिटी हलसहित नयाँ संरचना पनि कतै पुरानैको हालतमा पुग्ने हुने कि भन्ने चिन्ता छ', नागरिक समाजका अगुवा कृष्णप्रसाद श्रेष्ठले भने।

पञ्चायतकालमा तत्कालीन सरकारले सोही ठाउँनजिक महेन्द्रनगरमा निर्माण गरेका करोडौंका भौतिक संरचना पनि प्रयोगमा आउन नसकेर जीर्ण बनेका छन्। त्यहाँ रहेका दर्जनौं सरकारी भवन जीर्ण बनेका छन्। तीमध्ये केही भवनलाई लुम्बिनी प्रदेश सुशासन केन्द्रले मर्मत गरी प्रयोगमा ल्याएको छ। यहाँका अधिकांश सरकारी भवनमा प्रयोग भएका सामान चोरी भएका छन्।

नेपालगन्ज उपनगरपालिकाका प्रवक्ता प्रमोद रिजालले सिटी हल बनेपछि दुईवटा नगरसभाबाहेक अरू कुनै कार्यक्रम गर्न नसकिएको स्वीकार गरेका छन्। 'अहिले सिटी हलका लागि थप बजेट आएर मर्मत भइरहेकाले नगरसभा गर्न सकेनौं', उनी भन्छन्, 'एक हिसाबले बजार क्षेत्रभन्दा टाढा पनि छ। खाजा नास्ताको सुविधा पनि छैन। त्यसकारण कोही पनि त्यहाँ कार्यक्रम गर्न चाहँदैनन्।' उपमहानगरपालिकाले सिटी हलको रेखदेख गर्न आफ्नै सुरक्षाकर्मी खटाएको प्रवक्ता रिजालले बताए।

सिटी हल प्रयोगवापत दैनिक २० हजार रुपैयाँ उपमहानगरपालिकाले शुल्क निर्धारण गरेको छ। 'राजनीतिक दल वा कुनै संघ, संगठनका अधिवेशन तथा महाधिवेशन गर्नेबाहेक सानातिना कार्यक्रमका लागि कसैले पनि सिटी हल प्रयोग गर्न चाहँदैनन्, सबैले होटलमा कार्यक्रम गर्न खोज्छन्। त्यसकारण सिटी हललाई नियमित रूपमा प्रयोगमा ल्याउन चुनौती नै छ।'

नेपालगन्जबासीको आवश्यकता र मागअनुसार सिटी हल निर्माण भए पनि बजार क्षेत्रबाट केही टाढा हुँदा नियमित रूपमा प्रयोगमा ल्याउन कठिनाइ भइरहेको उपहानगरपालिकाका कर्मचारी बताउँछन्। मूल्य अभिवृद्धि करबाहेक २९ करोड ४५ लाख ५५ हजार नौ सय ५१ रुपैयाँमा ठेक्का सम्झौता भएर सिटी हल निर्माण सम्पन्न भएको थियो। सिटी हलमा कुल सात सय ९५ सिट क्षमताको ठुलो हलसहित अन्य चारवटा साना हल, प्रशासनिक कक्ष, पार्किङलगायत पूर्वाधार रहेको छ। करोडौं रुपैयाँ खर्च गरेर निर्मित भौतिक संरचनाको सुरक्षाबारे नागरिक स्तरबाट चिन्ता छाएको छ। राज्यको ठुलो रकम खर्च भएर बनेको सिटी हललाई नियमित रूपमा सञ्चालनमा ल्याउनुपर्ने नेपालगन्जबासीको सुझाव छ।

नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त बिष्ट नेपालगन्ज क्षेत्रमा पुराना सरकारी संरचना जीर्ण बन्दै गएको स्वीकार गर्दै नेपालगन्ज सिटी हललाई नियमितरूपमा सञ्चालन गराउने दाबी गरे। 'अहिले केही निर्माण गरेर बन्द गरिएको छ। सिटी हल हामी नियमित चलाउने वातावरण तयार गर्छौं।'

# लालबकैया बाँध उच्च जोखिममा



मदन ठाकुर
*रौतहट, साउन २५*

लालबकैया नदीमा पानीको बहाब बढेसँगै रौतहटको मौलापुर नगरपालिका- १ मर्यादपुरस्थित पुनर्निर्माण गरिएको बाँध फुट्ने उच्च जोखिममा परेको छ। जिल्ला प्रशासन कार्यालय रौतहटले बाँध फुटेर आसपासका बस्तीमा बाढी पस्न सक्ने सम्भावना रहेकाले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालका अनुसार लालबकैया खोलामा पानीको सतह निरन्तर बढिरहेको अवस्थामा मर्यादपुरस्थित बाँध जोखिमपूर्ण अवस्थामा पुगेको हो। बाँधको करिब ०.५ मिटर भाग मात्र बाँकी रहेकाले कुनै पनि बेला बाँध फुट्न सक्ने अवस्था रहेको प्रशासनले जनाएको छ। बाँध फुटेमा आसपासका बस्तीमा एक्कासि बाढी पस्न सक्ने र ठूलो जनधनको क्षति हुन सक्ने भन्दै प्रशासनले जोखिम क्षेत्रका बासिन्दालाई विशेष सावधानी अपनाउन आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकारी भुसालले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायलाई आवश्यक तयारी अवस्थामा रहन र आआफ्नो क्षेत्रबाट सहयोग गर्न अनुरोध गरेका छन्।

प्रशासनले नदी तथा बाँध आसपास अनावश्यक रूपमा नजान, जोखिमको अवस्था देखिए तत्काल सुरक्षित स्थानतर्फ जान र स्थानीय प्रशासन तथा सुरक्षा निकायले जारी गर्ने सूचनालाई पालना गर्न सर्वसाधारणलाई आग्रह गरेको छ। बाँधको अवस्था थप कमजोर हुँदै गएकाले सम्भावित बाढीबाट मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न स्थानीय तह र सुरक्षा निकायले उद्धार तथा व्यवस्थापनका लागि आवश्यक तयारीलाई तीव्रता दिनुपर्ने देखिएको छ।

## सर्वसाधारणलाई सतर्क रहन आग्रह

रौतहटको राजपुर नगरपालिकाको पिपरा भगवानपुर क्षेत्रमा लालबकैया नदीले बाँध कटान गर्न थालेपछि आसपासका बस्तीमा त्रास बढेको छ। नदीमा अचानक बाढी आएर पानी बहाब बढेसँगै बाँध कटान तीव्र हुन थालेपछि स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। गौर नगरपालिकाका मेयर शम्भु साहले पिपरा भगवानपुरमा लालबकैया नदीले बाँध कटान सुरु गरेको जानकारी दिँदै आसपासका बस्तीका बासिन्दालाई सावधानी अपनाउन आग्रह गरेका छन्।

मेयर साहले 'पिपरा भगवानपुरलगायत आसपासका बस्तीका बासिन्दाले उच्च सावधानी अपनाउन' आग्रह गर्दै विपद्को जोखिमबाट जोगिन स्थानीय तह र सुरक्षा निकायसँग समन्वय भइरहेको बताए। मेयर साहका अनुसार बाँध कटानको अवस्थाबारे रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई समेत जानकारी गराएको बताए। कटान नियन्त्रणका लागि सदरमुकाम गौरबाट प्राविधिक तथा सुरक्षाकर्मीसहितको टोली पठाउने तयारी भइरहेको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए। बकैया नदीमा आएको बाढीले बाँध कटान गर्दै गएमा सदरमुकाम गौरसहित आसपासका बस्ती तथा खेतीयोग्य जमिनमा बाढी पस्ने जोखिम बढेको छ। सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीयवासीलाई नदी तथा कटान भइरहेको क्षेत्र नजिक नजान र आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ।

# त्रिवेणी पाटन : आकर्षक पर्यटकीयस्थल

ललित विष्ट
*साउन, कालीकोट २५*



धर्तीको स्वर्ग अर्थात् भू-स्वर्ग। कर्णालीमा लुकेको प्राकृतिक सुन्दर रचना। मानव जातिका लागि अमूल्य उपहार जो अलौकिक, अद्भूत, अकल्पनीय, मनमोहक अनि बेजोड छ। समुद्री सतहदेखि तीन हजार आठ सय ६० मिटर उचाइमा अवस्थित। आँखाले नभ्याउने विशाल क्षेत्रफल। प्राकृतिक कुचीले रङ्गिएको फराकिला फाँट।

पछिल्लो समय त्रिवेणी पाटन पश्चिम नेपालकै सुन्दर र पर्यटकीय स्थल बन्दै गएको छ। त्रिवेणी पाटन सौन्दर्यका हिसाबले मात्र नभई धार्मिक हिसाबले पनि महत्त्वपूर्ण छ। नजिकै देखिने सुन्दर हिमाल र मनोरम प्राकृतिक दृश्य त्रिवेणी पाटनका विशेषता हुन्। पाटनबाट तीनवटा मुहान फुटेर बगेको खोलाको संगम रहेकाले यसलाई त्रिवेणी पाटन भनिएको हो।

त्रिवेणी पाटनमा दुइटा खोला छन्- गंगा र जमुना। यहाँ नुहाउँदा रोग र पाप पखालिन्छ भन्ने जनविश्वास छ। त्रिवेणी पाटन घुम्नका लागि वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ। नजिकै रहेको बडिमालिका मन्दिरमा जनैपूर्णिमाको अघिल्लो दिन मेला लाग्छ। मेला भर्न भारतबाट समेत यहाँ आउने गरेका छन्। उनीहरूले पनि एकपटक त्रिवेणी पाटनमा पुगेरै फर्कने गरेको सान्नीत्रिवेणी गाउँपालिका अध्यक्ष मोहनबहादुर केसीले बताए।

त्रिवेणी पाटन आसपासमा २२ पाटन छन्, जहाँ सयौं प्रजातिका फूल फुल्छन्। जुनसुकै भागमा उभिएर हेर्दा पनि प्रकृतिको मनोहक बिपुल छटाले घेरिएको देख्न पाइन्छ। करिब एक सय ४० भन्दा बढी जातका फूल, सयौं जातका जडिबुटी र चरा, ६ महिना घोडा र भेडा चराउन पुग्ने २२ घाँसे मैदान र तीन नदीको संगम रहेको पवित्र धाम। हिमशृंखलाले यसको महत्त्व भनै बढाएको छ।

यस पाटनको अर्को आकर्षण जंगली जनावर पनि हुन्। कस्तुरी, मृग, हिउँ चितुवा, हिमालयन थार, हिमाली भालु, वन कुकुर, नायरलगायत वन्यजन्तु यस क्षेत्रमा पाइने गरेको स्थानीयले बताए। जडिबुटीका लागि त्रिवेणी क्षेत्र प्रख्यात छ। यस क्षेत्रमा ४५ भन्दा बढी प्रजातिका दुर्लभ तथा बहुमूल्य जडिबुटी पाइन्छ। त्रिवेणी पाटन, आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा परिचित छ। पर्यटनका लागि त्रिवेणी पाटन आकर्षक गन्तव्य हो। यहाँ पर्यटक भित्र्याउन सक्ने हो भने त्रिवेणी सिमाना कालीकोट, सुदूरपश्चिम प्रदेशका बभाङ, बाजुरा, अछाम र डोटी जिल्लाको आन्तरिक आयस्रोतमा ठुलो सहयोग पुग्ने स्थानीय बताउँछन्। पर्यटकीय क्षेत्र भएकाले यहाँ विदेशी पर्यटक भित्र्याउन सकिने स्थानीय बताउँछन्।

बहुचर्चित बडीमालिका मन्दिरका कारण त्रिवेणी पाटन चर्चामा छ। धार्मिक मान्यताअनुसार यही त्रिवेणी पाटनमा टेकेर मात्र बडीमालिका दर्शन गर्न जानुपर्छ। यही मान्यताअनुसार त्रिवेणीमा नुहाएर बडीमालिकामा गई माईको पूजा गर्ने प्रचलन रहिआएको हो। हरेक वर्ष जनैपूर्णिमाका दिन त्रिवेणीमा धार्मिक मेला लाग्छ। जनैपूर्णिमामा भारतको कुमाउ र गढवालदेखि भक्तजन त्रिवेणी आउने गरेको पूजारी कृष्णप्रसाद धमला बताउँछन्। उनी भन्छन्, 'त्रिवेणी हुँदै बडिमालिका जाने हजारौं तीर्थालु हुन्छन्।'

बडिमालिका मन्दिर चार हजार दुई सय मिटरको उचाइमा नेपालकै सबैभन्दा उच्च स्थानमा अवस्थित शक्तिपीठ हो। यसको धार्मिक, ऐतिहासिक र प्राकृतिक महत्त्व छ। नेपाली सेनाले अनेकौं चुनौती छिचोल्दै गत वर्ष पुरानो मन्दिर जीर्णोद्वार गर्दै पुरातात्त्विक मापदण्डमा नयाँ मन्दिर निर्माण गरेपछि बडिमालिकाले चर्चा पाएको छ। बडिमालिका दर्शन गरेमा इच्छाएको वरदान प्राप्त हुने जनविश्वासका कारण यहाँ घुइँचो लाग्छ।

## पूर्वाधार निर्माण थालियो

धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको त्रिवेणी पाटनमा पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माण गरिएको छ। त्रिवेणी पाटनमा घुम्न पुग्ने पर्यटक तथा बडिमालिकाको दर्शन गर्ने भक्तजनका लागि धर्मशाला, स्नानका लागि एक सय आठ धारा, शौचालय, ड्रेसचेन्ज रुम, हेलिप्याड तथा प्रवेशद्वारलगायत संरचना निर्माण भएपछि आन्तरिक पर्यटक तथा भक्तजनलाई सहज भएको हो।

पर्यटकीय गन्तव्य बनाउने उद्देश्यसहित पूर्वाधार निर्माणपछि त्रिवेणी पाटन पुग्ने भक्तजन र पर्यटकलाई बास बस्न सहज भएको डिभिजन वन कर्यालय कालीकोटका प्रमुख धर्मराज उपाध्यायले बताए। वर्षौंदेखि आवश्यक पूर्वाधार अभावमा समस्या भोग्दै आएका आन्तरिक पर्यटक तथा भक्तजनलाई अहिले भने सहजरूपमा दर्शन तथा भ्रमण गर्न सक्ने अवस्था बनेको उनको भनाइ छ।

तीर्थयात्री तथा पर्यटकलाई लक्षित गरेर विभिन्न संरचना निर्माण भएको सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले बताए। उनले संरचना निर्माणसँगै पालिकालाई हस्तान्तरणसमेत भएको बताए। त्रिवेणी पाटनलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य पालिकाले राखिएको बताए।

त्रिवेणी पाटन धार्मिक आस्थाका साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल भएकाले यसको संरक्षण र व्यवस्थित विकासले पालिकाको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने उनको विश्वास छ। बडिमालिका-त्रिवेणी पाटन धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्य मानिन्छ। निर्माण सम्पन्न भएका पूर्वाधारले तीर्थयात्री र पर्यटकलाई सहज सेवा उपलब्ध गराउनुका साथै पर्यटन क्षेत्रको प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार निर्माण थालेको हो।आर्थिक वर्ष २०७९/८० बाट पूर्वाधार निर्माण कार्य सुरु गरिएको थियो। अहिले पूर्वाधार निर्माण सकिई सान्नीत्रिवेणी गाउँपालिकालाई हस्तान्तरणसमेत गरिएको छ।

'त्रिवेणी बडिमालिका पर्यटकीय निर्माण योजना' नामाकरण गरेर पूर्वाधार निर्माण थालिएको डिभिजन वन कार्यालय कालीकोटका इन्जिनियर प्रकाश सेजुवालले जानकारी दिए। पूर्वाधार निर्माणका लागि मजदुर कन्स्ट्रक्सन प्रालि सुर्खेतसँग २०७९ असारमा पाँच करोड ५५ लाखमा ठेक्का सम्झौता भएको उनले बताए।

# सफ्टवेयरबाटै स्वास्थ्य संस्था अनुगमन

भीम चापागाईं
*इलाम, साउन २५*




सूर्योदय नगरपालिकाले स्वास्थ्य क्षेत्रको सुधार गरी स्थानीयलाई घर-गाउँमै प्रभावकारी सेवा दिने उद्देश्यले भौतिक पूर्वाधार सुधार, जनशक्ति व्यवस्थापन र डिजिटल अनलाइन प्रणालीलाई प्राथमिकता दिएको छ। नगरले कार्यालयमै बसेर नगरभरका सबै स्वास्थ्य संस्था, औषधिलगायत अनुगमन गर्ने व्यवस्थासमेत गरेको छ।

नगरले स्वास्थ्य शाखामै बसेर नगरभरका स्वास्थ्य संस्थामा औषधिको पर्याप्तता, बिरामीको अभिलेख अनुगमन गर्ने गरी अनलाइन प्रणाली विकास गरेको छ। यही सफ्टवेयरमार्फत नगरभरका स्वास्थ्य संस्थामा उपचार सेवा लिनेको दैनिक विवरणसमेत शाखामा आउने व्यवस्था मिलाइएको स्वास्थ्य शाखा प्रमुख विपुल अधिकारीले जानकारी दिए।

'स्वास्थ्य सेवालाई सकेसम्म प्रविधिमैत्री बनाउने र छिटो-छरितो बनाउने प्रयास गरिएको छ', उनले भने, 'अहिले नगरको शाखामै बसेर कुन स्वास्थ्य संस्थामा औषधिको अवस्था कस्तो छ भन्नेबारे अनुगमन गर्न सकिन्छ।' नगरले नसर्ने रोग खोडपड्ताल गरी नसर्ने रोगका २५ हजार बिरामीको नियमित उपचार सेवाको व्यवस्थासमेत मिलाएको छ। तराईका ठुला र सुविधासम्पन्न अस्पताल नजिकै भए पनि सूर्योदय नगरपालिकाको केन्द्र फिक्कलस्थित सूर्योदय नगर अस्पतालमा बिरामीको भीड लाग्ने गरेको छ।

यहाँ दिनहुँ तीन सयसम्म बिरामी आउने गरेका छन्। अस्पतालको भौतिक पूर्वाधार सुधार, जनशक्ति र औषधि-उपकरणको सुविधाले पनि बिरामीलाई स्वास्थ्य सेवा लिन केही सहज भएको नगरले जनाएको छ। 'फिक्कल अस्पतालमा धेरै बिरामी सेवा लिन आउने गरेका छन्', अधिकारीले भने, 'नगर अस्पतालसहित पालिकाभरका स्वास्थ्य संस्थालाई आवश्यकताअनुसार जनशक्ति र उपकरण पर्याप्त बनाउने प्रयत्न गरिरहेका छौं।'

फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रलाई २०७९ सालमा सूर्योदय नगर अस्पतालमा रूपान्तरण गरिएको थियो। अहिले १५ शय्याको नयाँ भवनसमेत निर्माण गरिएको छ। नयाँ भवनमा उपकरण र सामग्री व्यवस्थापनको तयारी गरिएको नगरले जनाएको छ। 'नगर अस्पतालमा थप विशेषज्ञ सेवा सञ्चालन हुँदा बिरामीलाई अहिलेभन्दा अझ सुविधा पुग्नेछ', कार्यवाहक मेयर दुर्गाकुमार बरालले भने, 'नागरिकको स्वास्थ्यजस्तो संवेदनशील विषयलाई नगरले प्राथमिकता दिएको छ। उपचार सहज रूपमा पाउने वातावरण बनाउन लागिपरेका छौं।' सूर्योदय नगरका ७१ प्रतिशत घरका बासिन्दाले स्वास्थ्य बिमा गराएको स्वास्थ्य शाखाको तथ्यांक छ। स्वास्थ्य बिमाको सुविधा फिक्कल अस्पताल र पशुपतिनगर प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालन भइरहेको छ।

नगरका ६ स्वास्थ्य संस्थामा ल्याबसहितको उपचार सेवा छ। एउटा नगर अस्पताल, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ स्वास्थ्य चौकी, ५ आधारभूत स्वास्थ्य केन्द्र, एउटा सहरी स्वास्थ्य केन्द्र र एउटा हेल्थ डेस्क छन्। सबै वडाका स्वास्थ्य केन्द्र, ३८ गाउँघर क्लिनिक, ३६ बाह्य खोपकेन्द्र र ५ बर्थिङ सेन्टरबाट बर्सेनि एक लाख १३ हजारभन्दा धेरैले सेवा लिइरहेका छन्।

सूर्योदयकै वडा ४, श्रीअन्तुको स्वास्थ्य चौकीले लगातार ४ वर्षयता जिल्लाकै पहिलो स्वास्थ्य संस्थाको स्थान हासिल गरिरहेको छ। जनशक्ति व्यवस्थापनलगायत ४ सय ३१ सूचकको न्यूनतम् सेवा मूल्यांकनमा यो स्वास्थ्य चौकी निरन्तर पहिलो भएको हो। यो स्वास्थ्य चौकीमा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका विशेषज्ञ चिकित्सकले बिरामीलाई भिडियो कलमार्फत टेलिमेडिसिन सेवासमेत दिने व्यवस्था मिलाइएको छ। नगरका अन्य स्वास्थ्य संस्थासमेत जिल्ला तहमा उत्कृष्ट घोषित भइरहेका छन्।

सूर्योदय वडा ७ र ९ लाई गत मंसिर २७ मा सम्भवतः कोसी प्रदेशमै पहिलोपटक 'पोषणमैत्री वडा' घोषणा गरिएको थियो। तोकिएका सूचक पूरा गरेपछि यी वडालाई पोषणमैत्री घोषणा गरिएको हो, तर नगरका एक सय ७६ स्वयंसेविकाले यी वडा मात्र होइन, सबै वडाका घर-घर पुगेर बालबालिकाको नियमित स्वास्थ्य जाँच गर्ने गरेका छन्। पोषणमैत्री वडाका १० देखि १९ वर्षका किसोरीको रक्तअल्पता जाँच, खानपानको अवस्था निरीक्षण र नियमित स्वास्थ्य जाँचलगायत सुविधा नगरका स्वास्थ्य संस्थाले उपलब्ध गराइरहेको शाखाले जनाएको छ।

# वडाध्यक्षसहित चारजनाविरुद्ध भ्रष्टाचार मुद्दा

गणेश विशु
*बाँके, साउन २५*

नेपालगन्ज उपमहानगरपालिका- २० का वडाध्यक्ष कौशलकुमार धोबीसहित चारजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। सरकारी कागजात सच्याएर गलत लिखत तयार गरेको तथा अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा प्रमाण सिर्जना गर्न खोजेको आरोपमा आयोगले विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

आयोगका अनुसार वडाध्यक्ष धोबी, वडासचिव वीरबहादुर थापा मगर तथा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी विकासकुमार चापागाईं र रवीन्द्र लामिछानेविरुद्ध आरोपपत्र दायर गरिएको हो। उनीहरूबिच आपसी मिलेमतोमा गैरकानुनी लाभ लिने उद्देश्यले कार्य गरेको अनुसन्धानबाट खुलेको आयोगको दाबी छ। आयोगका अनुसार विशेष अदालतमा विचाराधीन घुसरीसवत बुझी सम्पत्ति शुद्धीकरण गरेको मुद्दामा प्रमाण सिर्जना गर्ने उद्देश्यले २०७९ साउन १० गते लामिछाने र चापागाईंले भक्तपुरको मध्यपुर थिमी नगरपालिका- १७ स्थित कित्ता नम्बर ९९८ को १६४.१४ वर्गमिटर जग्गा खरिद गर्न ७० लाख रुपैयाँ लेनदेन गरेको देखाउने झुटा तथा नक्कली करारनामा तयार गराएका थिए।

उक्त कारोबारसँग सम्बन्धित वडा कार्यालयको आर्थिक वर्ष २०७९/८० को लिखत प्रमाणित दर्ता किताबमा समेत २०८३ सालमा सच्याइ हेरफेर गरी प्रमाणित गरिएको आयोगले जनाएको छ। त्यसका साथै वडा कार्यालयमा प्रयोगमा रहेको सरकारी छापसमेत दुरुपयोग गरिएको आरोपपत्रमा उल्लेख छ। आयोगले वडा अध्यक्ष धोबी र वडा सचिव थापा मगरले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी २०८३ असार २९ गते चलानी नम्बर ७२४० को विवरणमा फेरबदल गराएको र त्यसपछि चलानी नम्बर ७२४२ बाट झुटा विवरणसहितको गलत लिखत तयार गरी आयोगको अभिलेखमा रहने गरी पत्राचार गरेको दाबी गरेको छ।

उनीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ अन्तर्गतको कसुर भएको भन्दै आयोगले वडाध्यक्ष धोबीविरुद्ध दुवै दफाबमोजिम कैद तथा जरिवानाको सजाय माग गरेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान**

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पत्तिको विवरण |
| --- | --- |
| १. | सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा । |
| २. | सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रिय कार्यालय (केन्द्रिय असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

## बजार

सुन तोला - ३०१,५००
चाँदी तोला - ४६७०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| $ अमेरिकी डलर - | १५२.१९ | १५२.७९ |
| € युरो - | १७५.८९ | १७६.९८ |
| £ पाउन्ड स्टर्लिङ - | २०५.३७ | २०६.१८ |

# नाइमा मोबिलिटी एक्स्पो आजबाट




काठमाडौं, साउन २५ (नागरिक)- मंगलबार (साउन २६) देखि ३१ गतेसम्म भृकुटीमण्डपमा सञ्चालन हुने नाइमा नेपाल मोबिलिटी एक्स्पोको सम्पूर्ण तयारी पूरा भएको नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले जनाएको छ। भृकुटीमण्डपको प्रदर्शनीस्थलमा यसवर्ष ५५ वटा ब्रान्ड सहभागी भएका छन्। एक्स्पोमा ४० बढी नयाँ सवारी साधन सार्वजनिक हुँदैछन्।

आयोजक संस्था नाइमाले यो दोस्रो संस्करणको एक्स्पो गर्न लागेको हो। यसपटक पहिलो संस्करणभन्दा अझै व्यवस्थित तवरले सम्पन्न गर्ने लक्ष्य नाइमाको छ। यस एक्स्पोमा लर्निङ सेसन समेत रहेको र त्यसमा सहभागी हुने अवलोकनकर्तालाई नयाँ प्रविधिसम्बन्धी जानकारी निःशुल्क उपलब्ध गराइने जनाइएको छ। यस एक्स्पोमा ५५ अटोमोबाइल ब्रान्डहरूको सहभागिता र ५१ स्टलबाट नयाँ गाडीहरूको प्रदर्शनी गरिने भएको छ। सोमबार साँझसम्म यो एक्स्पो सजाउने तयारी पनि पूरा भएको नाइमाले जनाएको छ। सोमबार दिनभर केही स्टलमा सहभागी व्यवसायीले आफ्नो ब्रान्डको पहिचान झल्काउने गरी विशेष र विलासी डिजाइनहरू तयार पारेका छन्। यस पटकको एक्स्पोको मुख्य आकर्षण भनेको ४० वटा नयाँ ब्रान्ड तथा मोडलहरू सार्वजनिक हुनु हो। सवारी साधन पारखीका लागि यो निकै उत्साहजनक कुम्भ मेला हो।

यस पटकको एक्स्पोमा बिवाइडी, निसान, टाटा, टोयोटा, अथर, हुन्डाई, किया, महिन्द्राजस्ता लोकप्रिय र स्थापित ब्रान्डका साथै फोर्थिङ, डोङफेङ, लिपमोटर र म्याक्ससजस्ता नयाँ ब्रान्ड पनि सहभागी हुनेछन्। यसैगरी पारामाउन्ट मोटर्सको स्टलमा विशेष आकर्षण रहनेछ। किनभने त्यस स्टलमा होङ्ची गुओली ब्रान्डको गाडी राखिने भएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले प्रयोग गर्दै आएको भएकाले यो गाडीको ब्रान्ड र चर्चा चुलिएको बताइएको छ। यस एक्स्पोमा टोयोटाले आफ्नो स्टलमा दुईवटा नयाँ मोडल सार्वजनिक गर्ने तयारी गरेको छ। टोयोटाले एक्स्पो अवधिभर गाडी खरिदमा ३ देखि २१ लाख रुपैयाँसम्मको आकर्षक छुट दिने घोषणा समेत गरेको छ। जसले ग्राहकलाई निकै आकर्षित गर्ने देखिन्छ। यसैगरी पारामाउन्ट मोटर्सले पनि आठ वटा नयाँ मोडल सार्वजकि गर्ने बताएको छ।

नाइमाका अनुसार यस एक्स्पोमा दुई पांग्रे सवारी र विद्युतीय चार पांग्रे मात्र नभई तीन पांग्रे सवारी साधनहरूको उपस्थिति रहनेछ। टिभीएस लगायतका ब्रान्डले आफ्ना नयाँ स्कुटर र बाइकहरू प्रदर्शन गर्ने जनाइएको छ।

# 'लगानी बढाउनुस्, नाफाको सुरक्षा सरकारले लिन्छ'

नागरिक संवाददाता

*काठमाडौं, साउन २५*



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालमा लगानी गरेका बहुर्राष्ट्रिय ठूला करदाता कम्पनीहरूलाई थप लगानी भित्र्याउन आग्रह गरेका छन्। सोमबार अर्थमन्त्रालयमा आयोजित छलफलमा अर्थमन्त्री वाग्लेले यस्तो आग्रह गरेका हुन्। नेपालमा नयाँ लगानी भित्र्याउन, भइरहेको लगानी विस्तार गर्न र नयाँ रोजगारी सिर्जना गर्न २० वटा ठूला बहुर्राष्ट्रिय करदाता कम्पनीलाई यस्तो आग्रह गरेका हुन्। 'नेपालमा अझ ठूलो लगानी गर्नुहोस्, भइरहेको उद्योग विस्तार गर्नुहोस्', अर्थमन्त्री वाग्लेले भने, 'नयाँ उत्पादन र प्रविधिमा प्रवेश गर्नुहोस्। सरकार तपाईंहरूको साथमा छ।'

अर्थमन्त्री वाग्लेको आग्रहपछि एकपछि अर्को गर्दै पालैसँग सो छलफलमा आफ्नो धारणा राखेका विभिन्न कम्पनीका प्रतिनिधिहरूले छिट्टै नेपालमा दुई खर्ब रुपैयाँ लगानीको प्रक्रिया अघि बढिरहेको भन्दै थप नीतिगत स्थिरता भएको खण्डमा लगानी बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे।

जलविद्युत्, पेन्ट उद्योग, होटल र पेय पदार्थलगायतका उत्पादनमूलक क्षेत्रका विभिन्न परियोजनाहरूमा आफूहरूले लगानी विस्तारको प्रक्रिया अघि बढाएको जानकारी विभिन्न कम्पनीका उच्च अधिकारीहरूले अर्थमन्त्रीलाई गराएका थिए। 'जलविद्युत्, खाद्य, होटल, पेन्टजस्ता उद्योगमा हामी दुई सय अर्ब लगानी गर्दैछौं', बहुराष्ट्रिय कम्पनीका प्रमुखहरूले भने, 'सरकारले अनुकूल वातावरण बनाओस्, हामी लगानी विस्तार गर्न तयार छौं। यसले रोजगारी र अर्थतन्त्र दुवैको वृद्धिमा भूमिका निर्वाह गर्छ।'

यो सरकारले ल्याएको बजेटले विदेशी लगानीकर्ताहरूको मनोबल उल्लेख्य रूपमा उच्च बनाएको भन्दै उनीहरूले केही नीतिगत र व्यावहारिक पाटोहरूमा भने सरकारलाई उदार बन्न पनि आग्रह गरे। बहुराष्ट्रिय कम्पनीहरूको कच्चा पदार्थ आयातमा स्थिर भन्सार दर, नेपालमा उपलब्ध हुने कच्चा पदार्थ प्राप्तिमा सहजीकरण र मूल्य नियन्त्रण, जग्गाको हदबन्दी फुकुवा, स्थानीय तहपिच्छेको कर निर्धारणलगायतका विषयमा सरकारले सहजीकरण गर्न जरुरी रहेको उनीहरूको माग थियो। यस्तै, औद्योगिक वातावरण राम्रो बनाउन आवश्यक पर्ने आधारभूत सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउन पनि उनीहरूले अर्थमन्त्रीको ध्यानाकर्षण गराए। दोहोरो करको झन्झट हटाउन र प्रतिफल फिर्ताको प्रक्रियालाई सहज बनाउन पनि उनीहरूले अर्थमन्त्री वाग्लेसमक्ष आग्रह गरे।

सो छलफलमा सूर्य नेपाल, एनसेल आजियाटा लिमिटेड, आरती स्ट्राइप्स, गोर्खा ब्रुअरी, हिमालय एयरलाइन्स, होङ्सी शिवम् सिमेन्ट, डुसान इनरबिलिटी, डाबर नेपाल, बोटलर्स नेपाल, युनिलिभर नेपाल, एसियन पेन्टस्, पावर कन्स्ट्रक्सन, गोर्खा लाहारी, हुवासिन सिमेन्ट नारायणी, न्युहोप एग्रो बिजनेस, नेपाल वेलहोप एग्री टेक, वरुण बेभरेज, टर्किस एयरलाइन्स, भोटेकोशी पावर कम्पनी र बर्जर पेन्टस् जस्ता बहुराष्ट्रिय कम्पनीका नेपाल प्रमुख तथा स्वदेशी लगानीकर्ताहरूको सहभागिता थियो।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी, काठमाडौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०४/२६ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/०५ गते सोमबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौं**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौं**मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी :** नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०५३ बमोजिम मिति २०६०/०१/२४ गते प्रा.लि.नं. २३६१७/०५९/०६० मा दर्ता भई नेपाल सरकार अर्थमन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाण्डौं १ बाट मिति २०६०/०३/०५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१३३४८६४ को प्रमाणपत्र प्राप्त **मार्क फर्मुलेसन्स प्रा.लि.**। रजिष्टर्ड ठेगाना : काठमाण्डौं जि. काठमाण्डौं म.न.पा. वडा नं. ३५ (हाल का.म.न.पा. वडा नं. ३२)। हालको ठेगाना : काठमाण्डौं जि. काठमाण्डौं म.न.पा. वडा नं. १०। | **सञ्चालक तथा जमानतकर्ता : मनोज अधिकारी** (ना.प्र.नः १७९८/०४६) जारी मिति २०४६/०२/१७, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं)। स्थायी ठेगाना : रामेछाप जिल्ला, गेलु सावाडांडा वडा नं.४ (हाल मन्थली न.पा. वडा नं. १२)। हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १०। बाबु : भूपध्वज अधिकारी। बाजेः सैनध्वज अधिकारी। |
| **सञ्चालक तथा जमानतकर्ता : अरुण अधिकारी** (ना.प्र.नं ३८२१-४७०-१९१७, जारी मिति २०३६/०४/१३ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं)। स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं १०। हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. १, लोकन्थली। बाबु : देभोतम शर्मा। बाजेः रेवती रमन अधिकारी। | **सञ्चालक तथा जमानतकर्ता : राम चन्द्र लोहनी** (ना.प्र.नं. २०३८/०३५) जारी मिति २०४८/०६/१३ जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ३ (हाल भरतपुर म.न.पा. वडा नं. २२)। बाबुः केहर सिहं लोहनी। बाजेः रण बहादुर लोहनी। |
| **सञ्चालक तथा जमानतकर्ता : प्रदिप कुमार राजभण्डारी** (ना.प्र.नं. ८२४४/४६४३ जारी मिति २०३९/०७/२१ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं। ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. २९ हाल का.म.न.पा. वडा नं. २६)। बाबु : मोती कुमार राजभण्डारी। बाजेः राज कुमार राजभण्डारी। | **सञ्चालक तथा जमानतकर्ता : सन्तोष भट्टराई** (ना.प्र.नं. क६५, जारी मिति २०४४/०८/०४, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर। स्थायी ठेगाना : भत्तपुर जिल्ला, दिव्वेश्वरी गा.वि.स. वडा नं. ३। हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. ३, कौशलटार। बाबु : श्री प्रसाद भट्टराई। बाजेः खडानाथ भट्टराई। |
| **सञ्चालक तथा जमानतकर्ता : नवराज तिवारी** (ना.प्र.नं. १८२१, जारी मिति २०३९/१२/२१ जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर। स्थायी ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. १, (साविक लोकन्थली गा.वि.स. वडा नं. ३)। बाबु : भक्त लाल तिवारी। बाजेः दुर्गा लाल तिवारी। | **सञ्चालक तथा जमानतकर्ता : राजेन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. ८ जारी मिकित २०४३/०४/०१ जारी गर्ने कार्यालय जि.प्र.का. स्याङ्गजा)। स्थायी ठेगाना : स्याङ्जा जिल्ला, आरुचौर गा.वि.स. वडा नं. ४ (हाल अर्जुन चौपारी गा.पा. वडा नं. १)। बाबु : दिवाकर शर्मा पौडेल। बाजेः बलभद्र पौडेल। |

**ख. धितो सुरक्षण वापत रहेको सम्पत्तिको विवरण :**

१. **मार्क फर्मुलेसन्स प्रा.लि.**को नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाडौ जिल्ला, थानकोट गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ख कित्ता नं ६२, २५५ र २५६ क्षेत्रफल ३-०-३-०, १-१४-०-० १-१४-०-० (रोपनी)को घर/जग्गा, उक्त घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत........१

२. ऋणी **मार्क फर्मुलेसन्स प्रा.लि**.को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेस सुरक्षण ............१

**नोट** :धितो वापत यस बैकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ।

सवारी साधनको विवरण :

३. धनी प्रभु बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **मार्क फर्मुलेसन्स प्रा.लि.** भई बाग्मती अञ्चल यातायात कार्यालयमा दर्ता भएको, ईन्जिन नं. SLTHT3AR261467 र च्यासिस नं. MBUWEL4X-AR0268375 बनाउने कम्पनी SML Isuzu Pvt. Ltd. बनौट/ १७ सिट सवारी नं ना. प्र ३ ०१ ००३ क ७८१२ को BUS...............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित **कर्जा असुली विभाग र शाखा कार्यालय कमलादी**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ** स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कमलादीमा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**


## साइमेक्सको 'बिवाइडी अपडेट टु केयर प्लस' अभियान



काठमाडौं, साउन २५ (नागरिक)- साइमेक्स इंक प्रालिले ग्राहकको स्वामित्व अनुभवलाई सहज, सुरक्षित र प्रविधिमैत्री बनाउने उद्देश्यले 'बिवाईडी अपडेट टु केयर प्लस' अभियान सुरु गरेको छ।

साइमेक्स केयर, गुहेश्वरीमा आयोजित कार्यक्रममा सुरु गरिएको अभियान देशभरका १३ वटा बिवाइडी सर्भिस सेन्टरमा एक साथ लागु भएको कम्पनीले जनाएको छ। यस अभियानअन्तर्गत व्यावसायिक मर्मत तथा सर्भिस, स्मार्ट भेइकल कनेक्टिभिटी र स्वामित्व सुरक्षासम्बन्धी सेवा उपलब्ध गराइनेछ। सेप्टेम्बर २०२४ अघि डेलिभरी भएका तथा बिवाइडी एप कनेक्टिभिटी र इन्फोटेनमेन्ट एक्टिभेसन सुविधा नपाएका योग्य सवारीसाधनमा यी सुविधा निःशुल्क उपलब्ध गराउने कम्पनीले जनाएको छ। यसबाट पुराना ग्राहकले समेत नयाँ कनेक्टेड भेइकल अनुभव लिन सक्नेछन्। अभियानका लागि साइमेक्सले एनसेल, हिमालयन एभरेस्ट इन्स्योरेन्स र शिखर इन्स्योरेन्ससँग सहकार्य गरेको छ।

## दूधखोला जलविद्युत् आयोजनामा एनएमबी बैंकको वित्तीय व्यवस्थापन




काठमाडौं, साउन २५ (नागरिक)- एनएमबी बैंक लिमिटेडको अगुवाइमा ६५ मेगावाट क्षमताको मनाङस्थित दूधखोला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन गरिएको छ। दूधखोला हाइड्रो पावर कम्पनी प्रालिले प्रवर्धन गरिरहेको आयोजनामा एनएमबी बैंक अग्रणी बैंक तथा सानिमा बैंक सह-अग्रणी बैंकका रूपमा सहभागी छन्।

आयोजनाको प्रमुख लगानीकर्तामा माउन्टेन इनर्जी नेपाल लिमिटेड र सीताराम तिमिल्सिनाको समूह रहेका छन्। आयोजनाको कुल अनुमानित लागत १२ अर्ब ९० करोड रुपैयाँ रहेकोमा बैंकहरूको ऋण लगानी नौ अर्ब ६७ करोड रुपैयाँ रहनेछ। ऋण सम्झौतामा एनएमबी बैंकका सहायक महाप्रबन्धक दिनेश दुलाल र कम्पनीका अध्यक्ष अरुण केसीले हस्ताक्षर गरेका छन्।

नेपाल राष्ट्र बैंकको वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका, २०२२ अनुसार बैंकले आयोजनाको वातावरणीय तथा सामाजिक पक्षको मूल्यांकन गरेको जनाएको छ। अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार हाइड्रोपावर सस्टेनेबिलिटी एलायन्स (एचएसए) को उपकरण प्रयोग गरी प्रारम्भिक वातावरणीय, सामाजिक तथा सुशासन परीक्षणसमेत गरिएको छ। बैंकले ५० भन्दा बढी जलविद्युत् आयोजनामा लगानी गरिसकेको जनाएको छ।

## हुलास फिनसर्भको नाफा ४० करोड, लाभांश क्षमता ९३ प्रतिशत

HULAS FINSERV HIRE PURCHASE LTD.

काठमाडौं, साउन २५ (नागरिक)- व्यवसायी शेखर गोल्छाको हुलास फिनसर्भ हायर पर्चेजले गत आर्थिक वर्ष २०८२/८३ मा ३९ करोड ८७ लाख २३ हजार रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीको नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा ८४.४५ प्रतिशतले बढेको हो। अघिल्लो वर्ष कम्पनीले २१ करोड ६१ लाख ६९ हजार रुपैयाँ नाफा गरेको थियो। कम्पनीको चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणअनुसार व्यवसाय विस्तारसँगै खुद ब्याज आम्दानी उल्लेख्य मात्रामा बढेको छ। खुद ब्याज आम्दानी २२ करोड १० लाखबाट बढेर ४८ करोड २३ लाख रुपैयाँ पुगेको छ। कुल कर्जा लगानीसमेत आठ अर्ब दुई करोड ५५ लाखबाट ५२ प्रतिशतले बढेर १२ अर्ब २१ करोड ८५ लाख रुपैयाँ पुगेको छ।

कम्पनीको चुक्ता पुँजी ८३ करोड रुपैयाँ रहेको छ। हुलास फिनसर्भले बुक बिल्डिङ विधिबाट २० लाख ७५ हजार कित्ता आइपिओ निष्कासनको तयारी गरिरहेको छ। कम्पनीले दुई वर्षअघि नै एनएमबी क्यापिटललाई बिक्री प्रबन्धक नियुक्त गरिसकेको छ।

## होनर एक्स ५ डी सिरिज र एक्स ६ डी स्मार्टफोन सार्वजनिक




काठमाडौं, साउन २५ (नागरिक)- होनर नेपालले बजेट स्मार्टफोन बजारलाई लक्षित गर्दै होनर एक्स ५ डी सिरिज र होनर एक्स ६ डी सार्वजनिक गरेको छ। कम्पनीले बजेट स्मार्टफोन सेग्मेन्टमा पहिलो पटक शून्य प्रतिशत इएमआई सुविधा उपलब्ध गराएको जनाएको छ। होनर एक्स ५ डी सिरिजमा ५,२६० एमएएच क्षमताको ब्याट्री, १५ वाट फास्ट चार्जिङ र ५० मेगापिक्सेल मुख्य क्यामेरा उपलब्ध छ। १२८ जी बीसम्म स्टोरेज रहेको यस सिरिजमा एक्स ५ डी को ४ जी बी र्‍याम र ६४ जी बी स्टोरेज संस्करणको मूल्य २५ हजार ४९९ रुपैयाँ तथा एक्स ५ डी प्लस(४ जी बी र्‍याम/१२८ जी बी स्टोरेज) को मूल्य २८ हजार ९९९ रुपैयाँ तोकिएको छ।

यस्तै, होनर एक्स ६ डीमा २५६ जी बीसम्म स्टोरेज, ५,२६० एमएएच ब्याट्री, १५ वाट चार्जिङ र ५० मेगापिक्सेल मुख्य क्यामेरा रहेको छ।

## भदौ ९ देखि भृकुटीमण्डपमा 'नाडा अटो सो'




काठमाडौं, साउन २५ (नागरिक)- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले स्वर्ण जयन्तीको पूर्वसन्ध्यामा नेपाली अटोमोबाइल क्षेत्रको प्रमुख प्रदर्शनी 'एचपी प्रेजेन्ट्स नाडा अटो सो २०२६' आयोजना गर्ने भएको छ। १८औं संस्करणको 'अटो सो' भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी परिसरमा सञ्चालन हुनेछ। आयोजकका अनुसार यस वर्षको प्रदर्शनीमा साना तथा ठूला गरी करिब २०० स्टल रहनेछन्। प्रदर्शनीमा २२ ब्रान्डका यात्रुवाहक कार, १६ ब्रान्डका हल्का व्यावसायिक सवारीसाधन र १२ ब्रान्डका दुईपांग्रे सवारी साधन सहभागी हुनेछन्। त्यसैगरी आठ नेपाली उत्पादकसहित ६९ वटा कम्पोनेन्ट तथा अन्य सरोकारवाला व्यवसायीले आफ्ना उत्पादन तथा सेवा प्रदर्शनीमा राख्नेछन्। अटो व्यवसायीबाट स्टलका लागि उच्च माग आए पनि भृकुटीमण्डपमा पर्याप्त स्थानको अभावका कारण सबै इच्छुक व्यवसायीलाई स्टल उपलब्ध गराउन कठिन भएको नाडाले जनाएको छ।

## 'लगानी वातावरणमा धरपकड र असमान नीतिले चुनौती थप्यो'



काठमाडौं, साउन २५ (नागरिक)- एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर डिल्लीराम श्रेष्ठले व्यवसायीमाथि भइरहेको धरपकड र फौजदारी मुद्दाको त्रासले लगानी सुरक्षामाथि प्रश्न उठाएको बताएका छन्। उनले एनसेलका लगानीकर्तासमेत बैंक तथा वित्तीय संस्थाको लिलामी प्रक्रियामा सहभागी भएकै कारण विभिन्न आरोप र कारबाहीको जोखिममा परेको दाबी गरे। श्रेष्ठले नेपालमा विदेशी लगानी आकर्षित गर्न पूर्वानुमानयोग्य कर प्रणाली आवश्यक रहेको बताए। उनका अनुसार कर अधिकृतले फरक-फरक कर निर्धारण गर्ने प्रवृत्ति अन्त्य गरी कर निर्धारण प्रक्रिया छोट्याउनुपर्छ। उनले आयकर ऐनको दफा ५७ सम्बन्धी व्यवस्था स्पष्ट गर्नुपर्ने भन्दै यही प्रावधानका कारण कम्पनीहरू मर्जर तथा एक्विजिसनमा जानसमेत हिचकिचाइरहेको बताए।

श्रम कानुन, फ्रिक्वेन्सी वितरण र विदेशी मुद्रा सटहीमा पनि समान व्यवहार हुनुपर्ने उनको भनाइ छ। एनसेलले विदेशी मुद्रा भुक्तानीका लागि तीन तहको सरकारी सिफारिस लिनुपर्ने तर प्रतिस्पर्धीलाई सहज व्यवस्था रहेको उनले बताए। एनसेलले अनुमतिपत्र नवीकरण शुल्कबापत २० अर्ब रुपैयाँ बुझाउनुपर्ने अवस्था असमान भएको भन्दै समान सेवा प्रदायकबिच शुल्क र फ्रिक्वेन्सी वितरणमा समान नीति आवश्यक रहेको पनि उनले बताएका छन्।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### वन पैदावार बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति
२०८३/०४/२६

यस श्री थारु सामुदायिक वन उपभोक्ता समुह गुलरिया न.पा. ५को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको वन पैदावार विभिन्न जात र ग्रेडको काठ ३२६३।८५, दाउरा ४ चट्टा तथा (वेत) ११३९३ के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारमा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री थारु सामुदायिक वन उपभोक्ता समुह,**
गुलरिया न. पा. ५ बालापुर, बर्दिया।
मो. नं. ९८६४७०५४५८

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति
२०८३/०४/२६

यस टप्पर महिला सामुदायिक वन उपभोक्ता समुह गुलरिया न. पा. ०४, तुल्सिपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जातको गोलिया थान ७२९ को २३३८।३३घ.फि. काठ तथा दाउरा ३।५० चट्टाजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समुह,**
गुलरिया न. पा. ०४ तुल्सिपुर, बर्दिया।
मो. नं. ९८५८०२५५४८ र
९८४४८२२६१९

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२६)**

यस बीमकका तपसिल बमोजिमका संस्थापक शेयरधनीले आफ्नो नाममा कायम संस्थापक शेयर बिक्री गर्ने निवेदन पेश गर्नु भएकाले, संस्थापक शेयर खरिद-बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावित शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीले श्री नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको Fit & Proper Test को मापदण्ड पूरा हुने आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस इन्स्योरेन्सको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौंमा निवेदन दिनुहुन सूचित गरिन्छ। उक्त म्यादभित्र प्रस्तावित शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरुले निवेदन नदिएमा विद्यमान संस्थापक शेयरधनी बाहेकका अन्य व्यक्ति/संस्थालाई शेयर बिक्री गर्ने सम्बन्धमा आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १. | श्री भेञ्चर ट्रेडिङ एण्ड इन्भेष्टमेन्ट | ३०,८८८ कित्ता | |

PRABHU Mahalaxmi Life

**प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड**
कमलादी, काठमाडौं, नेपाल
फोनः ०१-५९७०७४८
ई-मेलः info@pmlil.com

# 'अटोमोबाइल्स बजारमा नीतिगत स्थिरताको खाँचो छ'

नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) की अध्यक्ष रितुसिंह वैद्य चर्चित व्यावसायिक घराना वैद्य अर्जनाइजेसनकी सञ्चालक तथा नेपालका लागि टोयोटा मोटर्सको आधिकारिक बिक्रेता युनाइटेड ट्रेडर्स सिन्डिकेटकी प्रबन्ध निर्देशक हुन्। वैद्यको अध्यक्षतामा २०८१ साल फागुन ९ गते स्थापना भएको अटोमोबाइल्स, इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स व्यवसायीहरूको छाता संस्था हो- नाइमा। संस्थापक अध्यक्ष रितुसिंहको नेतृत्वमा अटोमोबाइल्स क्षेत्रका १० व्यवसायीको सहभागिता रहने गरी नाइमाको स्थापना भएको थियो। अहिले नाइमामा झन्डै तीन दर्जन व्यवसायी आवद्ध भएका छन्। 'वैद्यज् अर्गनाइजेसन अफ इन्डस्ट्रिज् एन्ड ट्रेडिङ हाउसेज् समूह अटोमोबाइल, निर्माण उपकरण, कृषि क्षेत्र, सिमेन्ट उत्पादन, चिया उत्पादन तथा प्रशोधन, शिक्षा क्षेत्र र अन्य औद्योगिक उत्पादन एवं व्यापारिक क्षेत्रमा सक्रिय छ। यस समूहको वैद्य इन्भेस्टमेन्ट प्रालि, अर्थर इनर्जी नेपाल, हुवासिन सिमेन्ट नारायणी प्रालि, निर्माण उपकरण (विशेषगरी एक्ससिएमजी), कृषि, चिया उत्पादन र प्रशोधन तथा अन्य ट्रेडिङ क्षेत्रहरूमा पनि लगानी छ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा वैद्य समूहका अध्यक्ष सुरज वैद्यसँग विवाह भएपछि अटो व्यवसायमा प्रवेश गरेकी हुन्। रितु सिंह वैद्य सन् १९९१ की 'मिस इन्डिया' पनि हुन्। हाल उनी व्यावसायिक रियालिटी सो 'सार्कट्यांक नेपाल' मा समेत आबद्ध छिन्। सामाजिक योगदानको क्षेत्रमा पनि सक्रिय उनले महिला उद्यमशीलताको प्रवर्धन, युवा उद्यमीलाई प्रोत्साहन, सडक सुरक्षा र जिम्मेवार ड्राइभिङ अभियान, शिक्षा तथा सामाजिक परियोजनामा सहयोग गर्दै आएकी छन्। वैद्यले नेपालमा इभी प्रवर्धन र आधुनिक मोबिलिटीबारे सक्रिय वकालत गर्दै आएकी छन्। प्रतिष्ठित महिला उद्यमी, व्यावसायिक नेतृत्वकर्ता र नाइमाकी अध्यक्ष तथा नेपालका लागि टोयोटा गाडीको आधिकारिक वितरक युनाइटेड ट्रेडर्स सिन्डिकेटकी प्रबन्ध निर्देशक रितुसिंह वैद्यसँग **नागरिक दैनिकका लागि मधुजंग पाण्डेले** वर्तमान अटोमोबाइल बजार र नाइमा मोबिलिटी एक्स्पोबारे गरेको वार्ताको सार संक्षेप :



रितुसिंह वैद्य, अध्यक्ष, नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)

**नेपालमा ८० भन्दा बढी ब्रान्डका गाडी आइसकेको अवस्था छ। दैनिक नयाँ ब्रान्ड र मोडलका गाडी भित्रिरहेका छन्। जसमध्ये सामान्य वर्गको रोजाइमा पर्ने सस्तोदेखि धेरै मूल्यका लक्जरी गाडी भित्रिने क्रम पनि जारी छ। यस्तो अवस्थामा देशको अर्थतन्त्र सुधार भयो भने अटोमोबाइल्स क्षेत्रको बजार पनि स्वतः बढ्छ।**

**संसारभर मोबिलिटीको भविष्य विद्युतीय गाडीतर्फ अघि बढिरहेको छ। हाम्रो देश पनि जलस्रोतमा धनी देशमध्ये एक हो। त्यसैले विद्युतीय गाडीमा सक्दो करछुट दिएर पेट्रोल र डिजेलको आयात घटाउनेतर्फ सरकार अग्रसर हुनुपर्छ। नाइमाले सरकारलाई यसबारे ध्यानाकर्षण गराइरहेको छ।**

**हाल अटोमोबाइल क्षेत्रको बजारको अवस्था कस्तो छ ?**

विगतका वर्षको तुलनामा अहिले नेपालको अटोमोबाइल्स क्षेत्रको बजार बढ्दो क्रममा छ। हाल नेपालमा ८० भन्दा बढी ब्रान्डका गाडी आइसकेको अवस्था छ। दैनिक नयाँ ब्रान्ड र मोडलका गाडी भित्रिरहेका छन्। जसमध्ये सामान्य वर्गको रोजाइमा पर्ने सस्तोदेखि धेरै मूल्यका लक्जरी गाडी भित्रिने क्रम पनि जारी छ। यस्तो अवस्थामा देशको अर्थतन्त्र सुधार भयो भने अटोमोबाइल्स क्षेत्रको बजार पनि स्वतः बढ्छ। जसका लागि सरकार एवम् मुलुकको तर्फबाट नीतिगत स्थिरता, सडक र पूर्वाधारको विकास हुनुपर्छ। त्यसपछि उपभोक्ताको क्रयशक्ति बढ्नुपर्छ। क्रयशक्ति बढ्यो भने अटोमोबाइल्स क्षेत्रको बजारमा विस्तारै सुधार आउने छ। मुख्य चुनौतीको रूपमा रहेको नीतिगत स्थिरता र पूर्वाधार विकासको खाँचोतर्फ सरकारले विशेष ध्यान दिएर निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्न सक्यो भने अटोमाबाइल्स क्षेत्रको बजार अझै राम्रो हुने छ। अहिले एकातिर उपभोक्ताको आवश्यकता र सवारी साधनप्रतिको आकर्षण कायम छ भने अर्कोतर्फ समग्र अर्थतन्त्र, उपभोक्ताको क्रयशक्ति, वित्तीय पहुँच र नीतिगत वातावरणले अटोमोबाइल्स बजारलाई प्रभावित परिरहेको छ।

**बजारमा आइरहेका नयाँनयाँ गाडी खरिद गर्ने उपभोक्ता कति सचेत छन् त ?**

हाल बजारमा आइरहेका नयाँनयाँ ब्रान्ड र मोडलका गाडी खरिद गर्ने क्रममा उपभोक्ता निकै सचेत भइसकेको देखिन्छ। विशेषगरी पछिल्लो समय उपभोक्ता धेरै सचेत छन्। अहिलेका उपभोक्ताले गाडी खरिद गर्दा ब्रान्ड वा मूल्य मात्र हेर्नेभन्दा पनि फ्युल इफिसिएन्सी, इलेक्ट्रिक वा हाइब्रिड प्रविधि, सुरक्षा, फिचर, स्पेयर पार्ट्सको उपलब्धता र बिक्रीपछिको सेवाजस्ता विषयलाई निकै प्राथमिकता दिन थालेका छन्। पछिल्लो समय नेपाली उपभोक्ताबिच इभी बजारमा पनि विविधता निकै बढेको छ। अहिले उपभोक्तासँग मूल्य र सेग्मेन्टमा धेरै विकल्प छन् तर बजारमा विकल्प बढ्दै जानु मात्र पर्याप्त हुँदैन। उपभोक्ताको क्रयशक्ति बढ्नु, सहज फाइनान्सिङ उपलब्ध हुनु र सरकारको नीति स्थिर हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। त्यसैले हामी अटोमोबाइल्सको क्षेत्रलाई विलासिताको वस्तु भन्दा पनि अर्थतन्त्र, रोजगारी, यातायात र दैनिक जीवनसँग जोडिएको आवश्यक क्षेत्रका रूपमा हेर्नुपर्छ भन्ने पक्षमा छौं। नाइमाको तर्फबाट हामीले सरकारसँग पनि यही विषयमा निरन्तर छलफल र संवाद गर्दै आएका छौं।

**सवारी साधनमा लाग्ने कर, बैंक ब्याजदर र आयातसम्बन्धी नीतिले हाल अटोमोबाइल्स बजारमा कस्तो प्रभाव पारेको छ ?**

अहिले बैंक ब्याजदर न्यून भएकाले सवारी साधन खरिद गर्ने बेला हो। अटोमोबाइल व्यवसायमा नीतिगत स्थिरता अत्यन्त महत्त्वपूर्ण हुन्छ। यो क्षेत्रमा व्यवसायीले ठूलो लगानी गर्नुपर्छ। अन्तर्राष्ट्रिय कम्पनीसँग दीर्घकालीन सम्झौता गर्नुपर्छ र आफूसँग भएका गाडीको स्टक व्यवस्थापन गर्नुपर्छ। त्यसैले अस्थिर नीतिको प्रभाव व्यवसायमा मात्र नभएर उपभोक्तासम्म पर्न जान्छ। यस्तो अस्थिर नीतिमा सुधार ल्याउनेतर्फ नाइमाको धारणा स्पष्ट छ। करको समग्र भार घटाउनुपर्छ र कर संरचना सरल तथा पूर्वानुमानयोग्य बनाउनुपर्छ। हामीले सरकारसँग अटोमोबाइललाई राजस्व उठाउने क्षेत्रका रूपमा नभई रोजगारी, लगानी, यातायात र अर्थतन्त्रसँग जोडिएको क्षेत्रका रूपमा हेर्न आग्रह गरेका छौं। अर्को महत्त्वपूर्ण विषय भनेको वित्तीय पहुँच हो। सवारी खरिदका लागि हायर पर्चेज प्रणालीमा ८० प्रतिशतसम्म ऋण र २० प्रतिशत डाउन पेमेन्टको व्यवस्था निरन्तर राख्नुपर्ने माग हामीले सरकारसमक्ष राखेका छौं। यसले उपभोक्तालाई सहज बनाउनुका साथै बजारलाई पनि चलायमान बनाउन सहयोग गर्छ।

हामी सरकारसँग विरोध गर्न होइन, समाधान खोज्न संवाद गरिरहेका छौं। स्थिर नीति, सरल कर प्रणाली, सहज वित्तीय पहुँच र पारदर्शी भन्सार प्रक्रियाले सरकार, व्यवसायी र उपभोक्ता सबै पक्षलाई फाइदा हुन्छ। अटोमोबाइल क्षेत्रबाट राज्यले ठूलो राजस्व पनि प्राप्त गर्दै आएको छ। त्यसैले उद्योगको विकास र राज्यको राजस्व दुवैलाई सन्तुलनमा राख्ने नीति आवश्यक छ भन्दै आएका छौं। यसले अटोमोबाइल मात्र नभएर बैंकिङ, बिमा, वर्कसप, स्पेयर पार्ट्स, रोजगारीलगायतका धेरै क्षेत्रमा सकारात्मक प्रभाव पार्छ। राजनीतिमा केही स्थिरता आउनु व्यवसायीका लागि सकारात्मक संकेत हो। अहिले सरकारले मुलुकको आर्थिक विकासमा केही गर्ने उत्साह देखाएको छ तर अटोमोबाइल क्षेत्र अझै पनि केही कडा नीतिहरूको मारमा छ। हायर पर्चेज कर्जाको सीमा, जोखिम भार (रिस्क वेटेज) र भन्सार दरका प्रभावबारे हामीले सरकारलाई अवगत गराएका छौं।

**ग्राहकको आकर्षण बन्दै गएको इभी गाडीका चुनौती र चार्जिङ स्टेसनतर्फ नाइमाको धारणा के छ ?**

हामीले नेपालको मोबिलिटी क्षेत्रलाई नयाँ चरणमा प्रवेश गरिरहेको क्षेत्रका रूपमा हेरिरहेका छौं। अब अटोमोबाइल बजार परम्परागत पेट्रोल र डिजेल गाडीमा मात्र सीमित रहने छैन। अब विस्तारै इभी, आइब्रेड, कनेक्टेड सवारी साधन, सेफ्टी टेक्नोलोजी र नयाँ मोबिलिटी सोलुसन बजारको हिस्सा बन्दै जानेछ भन्ने हामीलाई लागेको छ। यसका लागि बजारको विकासका लागि तीन वटा कुरा अत्यन्त महत्त्वपूर्ण छ। नीतिगत स्थिरता, उपभोक्ताको क्रयशक्ति र पूर्वाधार विकास। सरकारले दीर्घकालीन र पूर्वानुमानयोग्य नीति बनाउने, वित्तीय संस्थाले सहज रूपमा कर्जा उपलब्ध गराउने र निजी क्षेत्रले नयाँ प्रविधि तथा सेवामा लगानी गर्ने हो भने नेपालको अटोमोबाइल बजार अझ व्यवस्थित र प्रतिस्पर्धी बन्न सक्छ।

अहिले इभी गाडीमा नेपाली ग्राहकको आकर्षण बढ्दो क्रममा छ। पेट्रोल र डिजेलबाट चल्ने गाडीको तुलनामा अहिले इभी गाडीमा उपभोक्ताको आकर्षण बढेसँगै आगामी दिनमा इभी गाडीको भविष्य उज्ज्वल छ। अहिले निजी प्रयोग गर्नेका लागि घरघरमा इभी गाडी चार्ज गर्ने अवस्था बनिसकेको छ तर यसको विकास गाडी आयात गरेर मात्र सम्भव हुँदैन। जसका लागि इकोसिस्टम नै निर्माण गर्नुपर्छ। सबैभन्दा पहिले चार्जिङ स्टेसनको पूर्वाधार विस्तार गर्नुपर्छ। सहरमा मात्र होइन, लामो दूरीका सवारी साधन गुड्ने मुख्य राजमार्ग र विभिन्न प्रदेश तथा पर्यटकीय गन्तव्यसम्म पर्याप्त चार्जिङ स्टेसन तथा नेटवर्क विकास हुनुपर्छ। यही आवश्यकतालाई ध्यानमा राखेर अहिले निजी क्षेत्रले १५ सय वटा चार्जिङ स्टेसन बनाइसकेको अवस्था छ। लामो दूरीमा चल्ने यात्रुवाहक गाडी चार्ज गर्न भने अझै केही समस्या छ। यो समस्या समाधानतर्फ पनि नाइमाले सरकारको ध्यानाकर्षण गराउँदै आएको छ।

**भारतमा जस्तै नेपालमा पनि सस्तो मूल्यमा गाडी खरिद गर्न पाउने वातावरण बनाउन के गर्न सकिन्छ ?**

भारतमा धेरै ठुलो परिमाणमा सवारी साधान एसेम्बल र उत्पादन गर्ने उद्योगहरू छन्। अहिले भारतमै भएका विभिन्न कम्पनीबिच पनि उपभोक्तालाई कसरी सस्तो मूल्यमा गाडी खरिद गर्ने वातावरण बनाउन सकिन्छ भनेर लागेको देखिन्छ। हामीले पनि त्यसो गर्न सरकारलाई सरल नीति बनाउनेतर्फ ध्यानाकर्षण गराउने हो। यहाँ भारतमा जस्तो उद्योगहरू नै छैनन्। पूर्वाधार पनि छैन। त्यसैले हामीले यहाँको अटो बजारलाई भारतीय बजारसँग तुलना गर्नु हुँदैन। हामीले कर छुट, एसेम्बल गर्ने उद्योगको क्षमता विस्तार र आवश्यक पूर्वाधार बढाउनेतर्फ सरकारलाई घचघच्याउने हो। सरकारी नीति सहज बनाएर लगानीमैत्री वातावरण बनाउनेतर्फ सरकारले ध्यान दिनुपर्छ।

**भारतको ग्ल्यामर क्षेत्रको मान्छे कसरी व्यवसायी सुरज वैद्यसँग जोडिनु भएको हो ?**

सुरज वैद्यसँग धेरैवर्ष अघि मेरो भेट भएको हो। अहिले करिब ३०-३२ वर्ष भइसकेको छ। सुरुमा म 'फेसन सो' को क्रममा नेपाल आएको थिएँ। त्यसबेला म 'फेसन सो' को सोच लिएर काठमाडौं आइपुगेको बेला उहाँले बालमन्दिरको लागि 'फेसन सो' मार्फत च्यारिटी सो गर्न लाग्नुभएको थियो। सोही क्रममा सुरज वैद्यसँग मेरो भेट भएको हो। त्यही भेटकै क्रममा उहाँसँग आत्मीयता बढ्यो, हामी प्रेममा पर्‍यौं। हामीबिच विवाह गर्ने कुरा भयो। त्यसको दुई वर्षपछि विवाह बन्धनमा बाधियौं। हाम्रो विवाह भारतमै भएको हो। विवाहपछि मैले वैद्य अर्जनाइजेसनले विभिन्न क्षेत्रमा गरिरहेको व्यापारमा उहाँसँगै साथ दिइरहेको छु।

**'नाइमा मोबिलिटी एक्स्पो-२०२६' आयोजना गर्नुको उद्देश्य के हो ?**

नाइमाको उद्देश्य सरकार र निजी क्षेत्रबिच पुलको भूमिका निर्वाह गर्ने, उद्योगका समस्यालाई संस्थागत रूपमा उठाउने र उपभोक्तालाई राम्रो विकल्प उपलब्ध गराउने हो। अहिले हामी नेपाली उपभोक्तालाई विश्व अटोमोबाइल बजारमा भइरहेको परिवर्तनसँग प्रत्यक्ष जोड्न चाहन्छौं। हामी सबैलाई एक्स्पोमा आएर नयाँ प्रविधि हेर्न, बुझ्न र अनुभव गर्न आग्रह गर्छौं। नाइमा एक्स्पोको मुख्य उद्देश्य दुईपांग्रे, चारपांग्रे, कमर्सियल सवारी साधन, इभी, हाइब्रिड, अटो कम्पोनेन्ट तथा मोबिलिटीसँग सम्बन्धित प्रविधि र सेवाहरूलाई एउटै छानामुनी प्रस्तुत गर्ने हो। सवारी साधन बिक्रेताका लागि अर्को महत्त्वपूर्ण पक्ष सबै व्यवसायी एक ठाउँमा जम्मा भई एक्स्पोमा स्टल राखेर बसेपछि आफ्ना उत्पादनको राम्रो प्रदर्शनी गरेर आम्दानी गर्नु पनि हो।

**यस एक्स्पोबाट अवलोकनकर्ताले नयाँ के पाउँछन् ?**

अहिले हामीले यस एक्स्पोलाई एउटा पारिवारिक गन्तव्यका रूपमा पनि विकास गरेका छौं। गाडी तथा मोबिलिटी सम्बन्धित उत्पादनहरूको प्रदर्शनीसँगै एक्स्पोमा गुणस्तरीय रेष्टुरेन्टहरू छन्। विभिन्न स्पोन्सरहरूको स्टल तथा मनोरञ्जनको व्यवस्था र सुरक्षाको पूर्ण ग्यारेन्टी गरिएको छ। अहिले मुलुकमा आर्थिक मन्दी कायमै छ। विविध कारणले उपभोक्ताको क्रयशक्ति बढेको छैन। एक्स्पोमा सहभागी हुने उपभोक्ताले सवारी साधन हेर्ने मात्र नभएर नयाँनयाँ प्रविधिबारे बुझ्ने, सुरक्षित ड्राइभिङबारे जानकारी लिने र आगामी दिनमा अटो बजारको भविष्य के हुन्छ र कता जाँदैछ भन्ने बुझ्ने अवसर पाउनेछन्। त्यसैले हामीले एक्स्पोमा रोड सुरक्षा, सिप विकास र उद्योग सञ्चालनका लागि आवश्यक नयाँ प्रविधिसम्बन्धी लर्निङ सेसन पनि राखेका छौं। यस एक्स्पोमा सहभागी हुनेहरूका लागि नाइमाले निःशुल्क सिकाइ सत्र सञ्चालन गर्नेछ। यस पटक विभिन्न क्षेत्रका मोडरेटरले सेसन चलाउने छन्। सम्बन्धित विज्ञ तथा प्रतिष्ठित व्यक्तिहरूसँग छलफल गर्नेछन्। समग्रमा यस्तो एक्स्पोमार्फत नाइमाले सवारी साधन एसेम्बल गर्ने उद्योग र उपभोक्ताबिचको दूरी घटाउने उद्देश्य राखेको छ।

अहिले नेपालमा अटोमोबाइल क्षेत्र कति ठूलो र विविध आएको छ भन्ने जानकारी पनि यो एक्स्पोले दिनेछ। यस एक्स्पोबाट उपभोक्ताले अघिल्लो वर्षभन्दा केही नयाँ प्रविधि, ब्रान्ड र मोडलहरू हेर्न पाउने छन्। यस पटकको एक्स्पोमा सबैभन्दा ठूलो आकर्षण भनेकै विविधता हो। त्यसैले हामीले यस एक्स्पोलाई अवलोकन गर्ने ठाउँभन्दा पनि 'बुझ्ने र निर्णय गर्ने' आकर्षक हब बनाउन खोजेका छौं। एक्स्पोमा आउने उपभोक्ताले आफ्नो आवश्यकता र बजेटअनुसार सही निर्णय गर्न सकुन् भन्ने हाम्रो प्रयास हो। यसपाली वित्तीय साझेदारमार्फत विशेष सवारी फाइनान्सिङ सुविधा पनि उपलब्ध गराउने व्यवस्था गरेका छौं।

**एक्स्पोको विशेषता के के हुन् ?**

काठमाडौंको भृकुटीमण्डपमा (आज) २६ देखि ३१ साउनसम्म सञ्चालन हुने दोस्रो संस्करणको 'नाइमा मोबिलिटी एक्स्पो-२०२६' मा ५१ वटा स्टल, ५५ भन्दा बढी ब्रान्ड र ४० भन्दा धेरै नयाँ गाडी, उत्पादन तथा मोडल सार्वजनिक हुँदैछन्। यस एक्स्पोलाई हामीले सवारीसाधन देखाउने वा बिक्री गर्ने 'अटो सो' का रूपमा मात्र हेरेका छैनौं। यो एक्स्पोले मुलुकको अटोमोबाइल्स क्षेत्रलाई नै एउटै प्लेटफर्ममा ल्याउने प्रयास गरेको छ। अघिल्लो वर्षको एक्स्पोमा ४२ वटा ब्रान्ड थियो। यसपटक अघिल्लो वर्षभन्दा धेरै नयाँ उत्पादन तथा मोडलहरू सार्वजनिक हुनेछन्। गतवर्ष हामीले पहिलो पटक 'मोबिलिटी एक्स्पो'को अवधारणा ल्याएका थियौं। यस एक्स्पोलाई उपभोक्ता र व्यवसायी दुवैले निकै रूचाएका छन्। यो एक्स्पो गाडी प्रदर्शनी मात्र नभएर नेपालको अटोमोबाइल क्षेत्रको एउटा उत्सव पनि हो। सामान्य उपभोक्ताले प्रयोग गर्ने सस्तोदेखि करोडौं मूल्य पर्ने महँगा गाडी पनि प्रदर्शनीमा राखिएको छ।

नाइमाले पहिलेदेखि पूर्वाधार र लगानीको वातावरण आवश्यक रहेको बताउँदै आएको छ। प्रविधि जुनसुकै होस्, त्यो ग्राहकको आवश्यकता र देशको पूर्वाधारसँग सुहाउँदो हुनुपर्छ। हाल मुलुकमा देखिएको इभी गाडीको यस आकर्षणले नेपालको अटोमोबाइल क्षेत्रलाई आधुनिकतातर्फ डोऱ्याइरहेको छ। यस एक्स्पोमा सहभागी हुनेहरूलाई निःशुल्क पार्किङ, निःशुल्क सिकाइको व्यवस्था गरिएको छ। प्रवेश शुल्क तिर्नका लागि क्युआरको व्यवस्था गरिएको छ।

**अहिले नेपालको अटोमोबाइल बजारमा के परिवर्तन हुँदै छ ? यसबारे केही बताइदिनुस् न ?**

अहिले गाडी विलासिताको साधन नभएर अनिवार्य साधन बनिरहेको छ। त्यसैले हरेक मान्छेले नयाँनयाँ ब्रान्ड र मोडलका सवारी साधन खोजिरहेका छन्। नेपालको अटोमोबाइल बजार अहिले परिवर्तनको चरणमा छ। अहिले उपभोक्ताको आवश्यकता र रोजाइ पनि निकै बदलिएको छ। पहिले गाडी किन्दा ब्रान्ड, मूल्य र डिजाइनलाई मुख्य आधार मानिन्थ्यो भने अहिले फ्युल इफिसियन्सी, सुरक्षा, प्रविधि, बिक्रीपछिको सेवा, स्पेयर पार्ट्सको उपलब्धता र पुनः बिक्री मूल्यजस्ता कुरालाई पनि उत्तिकै महत्त्व दिन थालिएको छ।

हाल विशेषगरी विद्युतीय सवारी साधनतर्फ उपभोक्ताको आकर्षण बढेको छ। उपभोक्ताले खोजेको संसारभरका गाडी नेपाली बजारमा आएका छन्। अहिले धेरै नयाँनयाँ ब्रान्ड र मोडल आएका छन्। यसले उपभोक्तालाई छनोटको राम्रो अवसर दिएको छ। यसले बजारमा प्रतिस्पर्धा पनि बढाएको छ। बजार विस्तारका लागि उपभोक्ताको क्रयशक्ति, सहज वित्तीय पहुँच र स्थिर सरकारी नीति महत्त्वपूर्ण हुन्छन्। अटोमोबाइल क्षेत्रलाई विलासिताको वस्तु बिक्री हुने क्षेत्रका रूपमा नभई रोजगारी, लगानी, यातायात र समग्र अर्थतन्त्रसँग जोडिएको क्षेत्रका रूपमा हेर्नुपर्छ भन्ने हाम्रो धारणा हो। हामीले सरकारसँग हुने हरेक छलफलमा यसैलाई जोड दिएका छौं।

**इभीको बढ्दो बजारलाई नाइमाले कसरी हेरिरहेको छ ?**

संसारभर देखिएको अवस्थालाई हेर्दा विद्युतीय सवारी साधनको विकासलाई रोक्न सकिने अवस्था छैन। विश्वभर मोबिलिटीको भविष्य विद्युतीय गाडीतर्फ अघि बढिरहेको छ। हाम्रो देश पनि जलस्रोतक्षेत्रको धनिमध्ये एक मानिन्छ। त्यसैले विद्युतीय गाडीमा सक्दो छुट दिएर पेट्रोल र डिजेलको आयात घटाउनेतर्फ सरकार अग्रसर हुनुपर्छ भन्नेबारे नाइमाले सरकारलाई ध्यानाकर्षण गराइरहेको छ। नेपाल पनि यस्तो इभी गाडीको लहरबाट अलग रहन सक्दैन।

नेपालजस्तो भौगोलिक विविधता भएको देशमा सबै प्रकारका सवारी साधनका लागि एउटै समाधान उपयुक्त हुन्छ भन्ने हुँदैन। यहाँका सडक त्यति राम्रा छैनन्। ट्राफिक व्यवस्थापन पनि त्यति राम्रो छैन। अहिले नेपाल सरकारले इभी गाडी खरिद गर्न कर छुटको राम्रो अवसर दिएको छ। अझै लामो रुटमा चल्ने सवारी साधनको ब्याट्री चार्ज गर्न आवश्यक चार्जिङ स्टेसन र बिग्रिएको गाडी मर्मत गर्ने ठाउँ पनि कम छ। त्यसैले हामीले इभी सवारी साधन सञ्चालनका लागि आवश्यक पूर्वाधारमा जोड दिनुपर्छ भनिरहेका छौं। सहरमा दैनिक आवतजावत गर्ने उपभोक्ताको आवश्यकता र लामो दूरी वा दुर्गम क्षेत्रमा यात्रा गर्ने उपभोक्ताको आवश्यकता फरक हुन्छ। त्यसैले हामी प्रविधिका आधारमा कुनै एउटा विकल्प मात्र रोज्नुपर्छ भन्ने पक्षमा छैनौं। इभीको विस्तारसँगै चार्जिङ पूर्वाधार, दक्षजनशक्ति, ब्याट्री व्यवस्थापन, बिक्रीपछिको सेवा र रिसाइक्लिङ जस्ता विषयमा पनि सरकार र निजी क्षेत्रले मिलेर काम गर्नु आवश्यक छ।

# पर्यटक आकर्षित गर्दै माई नगर

भीम चापागाई

*इलाम, साउन २५*



माई नगरपालिकाको पर्यटकीय चियाबारी। *तस्बिर : भीम/नागरिक*

इलामको माई नगरपालिका पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ। तराईदेखि चुरेसम्मको मनोरम संगमझैं देखिने माई नगरपालिका जैविक विविधता, ऐतिहासिक चियाबारी, सुखानीलगायत क्षेत्रले पर्यटकीय आकर्षण बन्दैछ।

यहाँका सोक्तिम र चिलिमकोट चिया बगान, ऐतिहासिक चिया उद्योग, तेह्रकुने पोखरी, मैनाचुली, गिटीडाँडा, झन्डीडाँडा र छुरेजस्ता अर्गानिक पर्यटकीयस्थलले पर्यटक लोभ्याइरहेका छन्। किराँत हाङसाम वोरक, फागुनन्द हाङसाम्मा माङहिम, बौद्धगुम्बा र मठमन्दिर पनि पर्यटकीय केन्द्र बनिरहेका छन्। नमुना सामुदायिक वनको पर्या-पर्यटन क्षेत्रले पनि पर्यटक आकर्षित गरिरहेको छ।

माई नगरपालिका साविकका दानबारी, चिसापानी, महमाई गाविस र लक्ष्मीपुरको वडा ५ मिलाएर बनाइएको इलामकै कान्छो नगरपालिकाको हो। १९२२ सालमा चिया खेती गरिएको सोक्तिम चिया बगान र १९४० सालमा यही चियाबारीभित्र बनाइएको नेपालकै जेठो उद्योगमध्येको सोक्तिम चिया कारखाना पर्यटकीय छन्। बुढीसुखानीदेखि बेलासेसम्म १९ किलोमिटर तन्किएको केचना-कन्चनजंघा मार्ग र सुखानीबाट नगरको केन्द्र सितलीलाई चिर्दै चन्डालघाट तरेर चुलाचुली प्रवेश गरेको २५ किलोमिटरको मदन भण्डारी राजमार्ग नगरबासीको आशा बनिरहेका छन्।

माई नगरका मेयर खम्बासिंह लिम्बू पछिल्लो समय नगरले पर्यटकीय पूर्वाधारमा लगानी बढाएको बताउँछन्। 'माई नगरमा पर्यटक आकर्षित गर्न धेरै क्षेत्रहरू छन्,' उनले भने, 'तर पूर्वाधार विकासमा स्थानीय सरकारको लगानी मात्रै पर्याप्त हुँदैन, प्रदेश र केन्द्रमा पनि पहल भइरहेको छ।'

वडा १ र ६ बिचमा पर्ने ८२० मिटर लामो झोलुङ्गे पुल पनि पर्यटकका लागि आकर्षण बन्ने गरेको छ। झापाबाट नजिकै पर्ने भएर पनि माई नगरमा विशेषगरी हरियाली सिजनमा पर्यटक धेरै आउँछन्। यतिबेला गर्मी मौसम भएकाले पनि माईका शीतल ठाउँमा झापाका पर्यटक आउने गरेको देखिएको छ।

वडा नम्बर २ मुख्य पर्यटकीयस्थलका रूपमा निजी क्षेत्रबाट विकास गरिएको चेप्टी फनपार्क चाहिँ पोहोर असोज १८ र १९ को बाढी र डुबानले क्षतिग्रस्त भएको छ। वरपरको प्राकृतिक वातावरणमा रमाउँदै मनोरम कृत्रिम ठाउँको आनन्द लिन टाढा-टाढाबाट मानिस आउने गरेका छन्। नजिकै रहेको धार्मिक तथा पर्यटकीय शिवपोखरी पनि पर्यटक अल्झाउने गन्तव्य बनिरहेको छ। वडा १ को तेह्रकुने सिमसार महत्त्वपूर्ण पर्यटकीयस्थल हो। वरिपरि शान्त वनजंगलले घेरिएको सफा देखिने पोखरीमा शीतल आनन्द लिन तराईतिरका पर्यटक बढी आकर्षित भइरहेका छन्। माई नगरको केन्द्र शीतलीबाट करिब १३ किलोमिटरमा रहेको तेह्रकुनेमा अहिले गाडी चढेर र पैदल पनि पुग्न सकिन्छ। स्थानीय घरहरूमा होमस्टे व्यवस्थापन गर्नसके तेह्रकुने पोखरीले बर्सेनि हजारौं पर्यटक भित्र्याउने सम्भावना आँखाअगाडि देखिन्छ। स्थानीय, व्यवसायी र सरकारको समन्वयमा तेह्रकुनेको विकास र प्रचार गर्न सक्दा यो पोखरी विशेषगरी गर्मी ठाउँका आगन्तुकको एक मुख्य गन्तव्य बन्नसक्ने सम्भावना प्रचुर देखिएको मेयर लिम्बू बताउँछन्।

माई नगरपालिका वडा ४ मा रहेको सुखानीलाई पनि पर्यटकीय क्षेत्रकै रूपमा विकास गरिएको छ। २०२९ साल फागुन २१ गते तत्कालीन राजनीतिक आन्दोलनक्रममा कम्युनिस्टका पाँच योद्धालाई गोली हानेर मारिएको यो ठाउँ हेर्न पर्यटक आउने गरेका छन्। झापाबाट इलाममा जेल सार्नेक्रममा रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र वीरेन राजवंशी गरी पाँच जनाको हत्या गरिएको स्थान वरपर पार्कसमेत बनाइएपछि पर्यटकको संख्या थपिएको छ।

पूर्वेझोडा यहाँको अर्को पर्यटकीय आकर्षणको केन्द्र हो। वडा नम्बर २ मा पर्ने पूर्वेझोडा डाँडामा पछिल्लो समय धेरै संख्याका पर्यटक आकर्षित हुन थालेपछि समुदायस्तरबाट होमस्टे व्यवस्थापनसमेत गरिएको छ। झापाको सुरुंगाबाट तीन किलोमिटरमा पुग्न सकिने यो ठाउँ विभिन्न हिमशृंखला दृश्यावलोकनका लागि प्रसिद्ध छ। 'तराईबाट मात्र नभई भारतबाटसमेत नजिक पर्ने भएकाले माई नगरपालिका पर्यटकीय सम्भावना रहेको ठाउँ हो', प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी भट्टराईले भने, 'नगरले विभिन्न ठाउँलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने नीति र कार्यक्रम ल्याएको छ।'

माई- ८ मा पर्ने मैनाचुली अर्को पर्यटकीयस्थल हो। झापा शिवसताक्षीबाट तीन किलोमिटरमै रहेको मैनाचुलीमा पर्यटक लोभ्याउने आकर्षक पोखरी छ। वरपरको दृश्यले मोहित बनाउने मैनाचुलीको सौन्दर्यसँग रमाउन पर्यटकको चहलपहल बढिरहेको छ। राष्ट्रिय विभूति फाल्गुनन्दको तपस्यास्थल फुलुंगी-खत्रक्पा, माई १ को ऐतिहासिकस्थल तारेभिर, वडा ४ का गिटीडाँडा र झन्डीडाँडा तथा वडा ५ को छुरेलगायत विभिन्न पर्यटकीयस्थलबाट माई नगरपालिकाले प्रसस्त लाभ लिनसक्ने आधार देखिएका छन्।

# प्रिन्स दाहाल पहिलो खेलमै पराजित

शीर्ष आठ वरीयता प्राप्त महिला तथा पुरुषका खेल लिग कम नकआउटका आधारमा हुनेछन्। शीर्ष आठका खेलाडीलाई दुई समूहमा विभाजन गरिनेछ। समूहबाट शीर्ष दुई स्थान प्राप्त गर्ने खेलाडी सेमिफाइनलमा प्रवेश गर्नेछन्। विजेताले नगद ५० हजार, उपविजेताले नगद ३५ हजार, तेस्रो हुने खेलाडीले १५ हजार प्राप्त गर्नेछन्।

काठमाडौं, साउन २५ (नागरिक)- नेपाल नम्बर एक खेलाडी प्रिन्स दाहाल १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको पहिलो खेलमा नै पराजित भएका छन्।

ग्वार्कोस्थित सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा सोमबारदेखि सुरु भएको प्रतियोगितामा समूह 'ए' तर्फ प्रिन्स पहिलो खेलमै पराजित भएका हुन्। एपिएफका प्रिन्स आफ्नै विभागका क्षितिज खनालसँग २-१ सेटमा पराजित भए। प्रिन्स पूर्वविश्व जुनियर नम्बर एक खेलाडी पनि हुन्। पहिलो दिन पुरुष एकलमा शीर्ष आठ वरीयता प्राप्त खेलाडीबिच भएको खेलमा राष्ट्रिय नम्बर एक खेलाडी प्रिन्स पराजित भए। एसियन गेम्सको छनोटमा पनि प्रिन्स क्षितिजसँग नै पराजित भएका थिए। जुन हारको शृंखला पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टनमा पनि दोहोरिएको छ। प्रिन्सले पुनरागमन गर्ने प्रयास गरे पनि सफल भएनन्। उनले पहिलो सेट १६-२१ ले गुमाए। तर, प्रिन्सले दोस्रो सेट २१-१३ ले आफ्नो पक्षमा पारे।

तेस्रो तथा निर्णायक सेटमा पुनः १६-२१ ले पछि परेसँगै प्रिन्सले लगातार स्तब्धपूर्ण नतिजा सामना गरे। १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन सोमबारबाट सुरु भएको हो। नेपाल खेलकुद महासंघको आयोजना एवं यल स्पोर्ट्स एकेडेमीको सहआयोजनामा भएको प्रतियोगिताको नेकपा एमाले संगठन प्रमुख एवं पूर्वमन्त्री भानुभक्त ढकालले उद्घाटन गरेका थिए। समूह 'ए' कै पुरुषको अर्को खेलमा नेपाल पुलिस क्लबका सुनील जोशीले सफलता पाए। उनले पुलिसकै जीवन आचार्यलाई १६-२१, २१-१५, २१-१५ ले हराए। समूह 'बी' को खेलमा आर्मीका प्रफुल महर्जनले पुलिसका दीपक बोहरालाई २१-५, २१-१७ र पिस फिटनेस सेन्टरका विष्णु कटुवालले पुलिसका देवराज रानालाई २१-१७, २१-१९ ले हराए।




पुरुष एकलको शीर्षभन्दा बाहिरको वरीयतामा प्रतिस्पर्धा गर्दै सुनसरीका नगेन्द्र लिम्बु। *तस्बिर : दामोदर अर्याल*

## पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन

महिला एकलमा समूह 'ए' को खेलमा पुलिसकी सुष्मा श्रेष्ठले आर्मीकी अनुमाया राईलाई २१-१६, २०-२२, २१-१६ ले हराइन्। महिलामा पनि नेपालको शीर्ष आठ वरीयतामा प्रतिस्पर्धा भएको हो। आर्मीकी रसिला महर्जनले पुलिसकी शेष्मा श्रीपालीलाई २१-८, २१-११ ले हराउँदै सुखद सुरुआत गरिन्। समूह 'बी' को प्रतिस्पर्धामा एपिएफकी रिहाना शेरचन र पुलिसकी निता लम्साल विजयी भए। रिहानाले आर्मीकी अमिता गिरीलाई २१-१३, २१-१२ र निताले सिटिजन बैंककी नङ्सल तामाङलाई २१-१६, ११-२१, २१-१७ ले हराइन्। शीर्ष आठबाहेक पुरुष एकलमा कर्णालीका रमेश कामी, कस्तुरी कलेजका मिसेक छोङवाङ, आर्मीका सौर्य महर्जन र शिशिर राना, एपिएफका सुमित थोकर, आर्मीका विशाल तामाङ अन्तिम ३२ मा पुगे।

पुलिसका टोपलाल कुमाल, मन्डला ब्याडमिन्टन एकेडेमीका अनन्त पाखिन, आर्मीका प्रतीक विष्ट, पुलिसका जोन जसराज बालकुमारी रिमिक्सका सम्यक शाक्य, एपिएफका सुजन थापा, विनय चौधरी र सुनसरीका नरेन्द्र लिम्बु आआफ्ना प्रतिद्वन्द्वीलाई हराउँदै अन्तिम ३२ मा पुगे। नेपाल ब्याडमिन्टन संघसँग आबद्ध ६० जिल्ला, तीन विभागीय टोली आर्मी, पुलिस र एपिएफ का ४८२ खेलाडीले १५ विधामा प्रतिस्पर्धा गर्दै छन्। आगामी साउन ३० गतेसम्म आयोजना हुने प्रतियोगितामा ब्याडमिन्टनका शीर्ष आठ वरीयताका महिला/पुरुष एकल, शीर्ष आठ वरीयताबाहेक महिला/पुरुष एकल, महिला/पुरुष युगल खुला, यु-११, यु-१५ र यु-१९ छात्र तथा छात्रा खुला एकल, ३५ वर्ष माथिको खुला युगल, ४५ र ५५ वर्षमाथि मास्टर्स खुला युगल गरि १५ विधामा प्रतिस्पर्धा हुनेछ।

प्रतियोगितामा ४५ र ५५ वर्षमाथि मास्टर्स खुला युगलतर्फ विदेशी खेलाडीहरूले पनि सहभागिता जनाउने र त्यसका लागि विदेशी खेलाडीलाई आमन्त्रण गरी सकिएको महासचिव सुनीलमान शाक्यले बताए। प्रतियोगितामा लगातार तीन संस्करणमा जित हात पार्ने खेलाडीले मोटरसाइकल/स्कुटर प्राप्त गर्नेछन्। यसअघि लगातार तीन संस्करण जितेका प्रिन्सले मोटरसाइकल प्राप्त गरेका थिए। शीर्ष आठ वरीयता प्राप्त महिला तथा पुरुषका खेल लिग कम नकआउटका आधारमा हुनेछन्। शीर्ष आठका खेलाडीलाई दुई समूहमा विभाजन गरिनेछ। समूहबाट शीर्ष दुई स्थान प्राप्त गर्ने खेलाडी सेमिफाइनलमा प्रवेश गर्नेछन्। विजेताले नगद ५० हजार, उपविजेताले नगद ३५ हजार, तेस्रो हुने खेलाडीले १५ हजार प्राप्त गर्नेछन्।

## पदक वितरण अनियमितता

# तीन सदस्यीय छानबिन समिति गठन

सन्देश श्रेष्ठ

*पोखरा, साउन २५*

गण्डकी खेलकुद परिषद् (गखेप) को पदक वितरणमा भएको अनियमितताको छानबिन हुने भएको छ। गखेपले गत असार ३० गते वितरण गरेको खेलकुद पदकमा चरम लापरबाही र मिलेमतो भएको आशंकामा छानविन गर्न गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले तीन सदस्यीय छानबिन समिति बनाएको हो।

मन्त्रीस्तरीय निर्णयले बनेको छानबिन समितिको संयोजकमा मन्त्रालयका सचिव शेषनारायण पौडेल रहेका छन् भने सदस्यमा मन्त्रालयका प्रवक्ता तथा खेलकुद महाशाखा प्रमुख घनश्याम पौडेल र मन्त्रालयका युवा महाशाखा प्रमुख नारायणप्रसाद बास्तोला रहेको गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङले जानकारी दिइन्। 'छानबिन समितिलाई ५ दिनको समय दिइएको छ। छानबिन समितिलाई छिटोभन्दा छिटो छानबिन गरेर प्रतिवेदन बनाउन भनिएको छ,' मन्त्री गुरुङले भनिन्,'त्यसका लागि कार्यादेश बनिरहेको छ।' सेटिङमा पदक वितरण गरेको आरोप लागेका शर्मा भने छानबिन समिति बनेपछि काठमाडौं हान्निएका छन्। छानबिन समितिलाई सहयोग गर्नुको सट्टा उनी दसौं राष्ट्रिय खेलकुदको बैठकमा सहभागी हुन भन्दै काठमाडौं गएका हुन्। साउन २८ गते बस्ने बैठकमा सहभागी हुन उनी ४ दिनअघि नै काठमाडौं गएपछि मन्त्री गुरुङले चासो राखेकी छन्।

गखेपले वितरण गरेको पत्रकारितातर्फको पदक गखेपका वर्तमान सल्लाहकार तथा संघसंस्था समन्वय उपसमिति संयोजक केशव पाठकलाई प्रदान गरिएको छ। पदक सिफारिस समितिका आमन्त्रित सदस्य पाठकले आफैलाई पदक सिफारिस गरेर पदक लिएका हुन्। उनले जुन आर्थिक वर्ष २०८१/८२ को पदक लिएका छन् त्यो वर्ष उनी गखेपको बोर्ड सदस्य तथा निमित्त सदस्य सचिवसमेत भएका थिए। त्यतिमात्र होइन पदक सिफारिस समितिका आमन्त्रित सदस्यद्वय हरि पराजुली र चित्रबहादुर थापाले समेत आफ्नो संघलाई पदक दिलाएका थिए। पराजुलीले आफू निवर्तमान अध्यक्ष रहेको भूतपूर्व खेलाडी मञ्च र थापाले आफू अध्यक्ष रहेको ह्यान्डबल संघलाई पदक दिलाएका हुन्।

## एन्जल्स हार्ट र नेरिक विजयी



काठमाडौं साउन २५ (नागरिक)- आयोजक एन्जल्स हार्ट नेसनल स्कुल र नेरिक एकेडेमीले जुनियर क्रिकेट लिग (जेसिएल) सिजन २ मा जित हात पारेका छन्।

मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा एन्जल्सले क्रिएटिभ एकेडेमीलाई २४ रनले पराजित गर्‍यो। नेरिकले मिश्रित नतिजा निकाल्यो। चेल्सी वर्ल्ड स्कुललाई ६ विकेटले पराजित गरेको नेरिक मानसिंह धर्मविरुद्ध ९ विकेटले चुक्यो। मानसिंहले स्कोलर्स होम एकेडेमीलाई ६ विकेट, सत्य साई शिक्षासदनले एन्जल्स हार्ट माविलाई ६२ रन, चेल्सीले एसिया प्यासिफिकलाई ७ विकेट, डिएभी (नीलो) ले स्कोलर्स होमलाई १ सय ७९, श्री गम्भीर समुन्द्र सेतुले मनमैजुलाई २ रन, हिमालयन ह्वाइटहाउसले पारामाउन्ट एकेडेमीलाई ५४ रन र डिएभी (रातो) ले आरम्भ एकेडेमीलाई ९७ रनले हराए। योसँगै समूहचरणका १८ खेल सम्पन्न भएका छन्। मंगलबार समूह चरणका १० खेल हुनेछन्। एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा काठमाडौं गोर्खाजको सहयोगमा भइरहेको टी टेन इन्डोर छात्र क्रिकेटमा २४ टोली सहभागी छन्। विजेताले ३० हजार तथा उपविजेताले २० हजार नगद पुरस्कार पाउनेछन्।

## संस्कृति इन्टरनेसनल र कान्जिरोवाको जित

काठमाडौं साउन २५ (नागरिक)- संस्कृति इन्टरनेसनल स्कुल र कान्जिरोवाले दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ सोमबार जित हात पारेका छन्। क्वालिटी काठमाडौं स्कुल (क्युकेएस) को वार्षिक कार्यक्रमअनुसार भइरहेको प्रतियोगितामा संस्कृतिले मेरिडियनलाई ३-२ तथा कान्जिरोवाले इम्पेरियल वर्ल्डलाई ३-० गोलले पराजित गरे।

सोही स्पर्धामा युरो, हात्तीगौडा र संस्कृति तथा भक्तपुर निस्ट र जोन डेवीले गोलरहित बराबरी खेले। काठमाडौं प्रज्ञा कुञ्ज र युरो, बानियाँटारबिचको खेल १-१ गोलको बराबरीमा सकियो। मण्डिखाटारस्थित आयोजक काष्ठमण्डप विद्यालयमा भएको सिनियर गर्ल्सको खेलमा जोन डेवीले मेरिडियनलाई ३-० तथा इम्पेरियलले युरो, बानियाँटारलाई १-० गोलले हराए। संस्कृतिविरुद्ध भने इम्पेरियल गोलरहित बराबरीमा रोकियो। जुनियर ब्वाइजमा भक्तपुर निस्टले संस्कृतिलाई ४-० तथा काठमाडौं प्रज्ञा कुञ्जले युरो, बानियाँटारलाई १-० गोलले पन्छाए। मेरिडियन र इम्पेरियलबिचको गोलरहित बराबरीमा टुंगियो।

## तेजस्वी र महामञ्जुश्रीलाई सफलता

काठमाडौं साउन २५ (नागरिक)- तेजस्वी एकेडेमी र महामञ्जुश्रीले १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सफलता हात पारेका छन्। तेजस्वीले आयोजक ग्रिनफिल्ड 'बी' लाई २२-१३ ले पराजित गर्‍यो। तेजस्वीको जितमा सुवर्ण गौतमले १२ अंक योगदान गरे। नीरज तामाङको १५ अंक सहयोगमा महामञ्जुश्रीले नेपालयलाई २८-२० ले हरायो। जुनियर ब्वाइजमै पिपुल्स एकेडेमीले काठमाडौं भ्यालीलाई २४-१४ तथा ग्रिनफिल्ड 'ए' ले नवीन ज्योतिलाई ३०-१५ ले पाखा लगाए। पिपुल्सका सुख गुरुङले १३ तथा ग्रिनफिल्ड 'ए' का अजय मगरले १५ स्कोर गरे। सिनियर ब्वाइजमा सेबले काठमाडौं भ्यालीलाई ५७-४९, ग्रिनफिल्ड 'ए' ले पिपुल्स एकेडेमीलाई ४६-३४, मार्वलसले स्वर्णिमलाई ५८-३९ र राइजिङ स्टारले न्यु जेनिथलाई ३९-२३ ले पन्छाए।

सेबका युविन तामाङले २१, ग्रिनफिल्ड 'ए' का रिसन तामाङले १४, मार्वलसका रोशन कुशवाहले ११ र राइजिङका प्रोहर प्रजापतिले १६ अंक जोडे। सिनियर गर्ल्समा काठमाडौं भ्यालीले पिपुल्सलाई १८-१६, आर्याले संस्कृतिलाई १७-१६ र स्वर्णिमले ज्ञानोदयलाई १९-१४ ले पराजित गरे। काठमाडौं भ्यालीकी सर्वानी रायमाझीले १२, आर्याकी सुरक्षाले ५ र स्वर्णिमकी हिसी लामाले ११ अंक बटुले।

# समावेशी कोचिङ प्रशिक्षकको प्रशिक्षण सम्पन्न




काठमाडौं साउन २५ (नागरिक)- ह्विलचेयर बास्केटबल तथा अन्य अपाङ्गता खेलकुदमा समावेशी कोचिङसम्बन्धी प्रशिक्षकको ज्ञान, सीप र व्यावहारिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित तीनदिने प्रशिक्षण सम्पन्न भएको छ।

नेपाल स्पाइनल कर्ड इन्जरी स्पोर्ट्स एसोसिएसनको आयोजना तथा युरोपेली युनियनको सहयोगमा सञ्चालित मेनस्ट्रिमिङ इन्क्लुसिभ स्पोर्ट्स इन नेपालअन्तर्गत ट्रेनिङ कोचेस इन इन्क्लुसिभ कोचिङ प्रशिक्षण सञ्चालन गरिएको हो।

गत शनिबारदेखि सुरु भएको प्रशिक्षण सोमबार काठमाडौंको ज्ञानेश्वरस्थित होटल एटिक एम्पायर तथा ग्यालेक्सी पब्लिक स्कुलमा सम्पन्न भएको हो। प्रशिक्षणमा सातै प्रदेशबाट समान एक जनासहित १५ जना प्रशिक्षकको सहभागिता रहेको थियो। प्रशिक्षणको मुख्य उद्देश्य प्रशिक्षकलाई ह्विलचेयर बास्केटबललगायत अपाङ्गता खेलकुदमा प्रभावकारी र समावेशी रूपमा प्रशिक्षण सञ्चालन गर्न सक्षम बनाउनु रहेको आयोजकले जनाएको छ।

अपाङ्गता भएका खेलाडीको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सुरक्षित, पहुँचयोग्य र समावेशी खेल वातावरण निर्माण गर्न सक्षम प्रशिक्षक तयार गर्ने लक्ष्य राखिएको थियो। प्रशिक्षण प्रेमसुन्दर होना र उनको टोलीले सञ्चालन गरेको थियो।

प्रशिक्षणका क्रममा ह्विलचेयर बास्केटबलको कोचिङ प्रविधि, खेलाडीको आवश्यकता पहिचान तथा समावेशी प्रशिक्षण पद्धतिसम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। कार्यक्रममा नेपाल स्पाइनल कर्ड इन्जरी स्पोर्ट्स एसोसिएसनकी अध्यक्ष देवी आचार्य, संघका उपाध्यक्ष सुपर राई र कोषाध्यक्ष बिरु ढुंगानालगायत उपस्थित थिए।

## राखेप बोर्ड सदस्यमा धनीराम र ललिता



काठमाडौं साउन २५ (नागरिक)- एथलेटिक्सका प्रशिक्षक धनीराम चौधरी र भलिबलकी पूर्वखेलाडी ललिता नाथ राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्ड सदस्यमा मनोनित भएका छन्।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ उपदफा (२) को खण्ड (ट) बमोजिम राखेपको रिक्त सदस्य पदमा मन्त्रीस्तरीय निर्णयबाट दुवैलाई मनोनयन गरिएको हो। दुवैको कार्यकाल चार वर्षको हुनेछ। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सिंहदरबारस्थित मन्त्रालयमा उनीहरूलाई पत्र हस्तान्तरण गरेका थिए। चौधरी पूर्वखेलाडी तथा नेपाल एथलेटिक्स संघका पूर्वमहासचिव हुन्। ललिताले न्यु डायमन्ड एकेडेमीबाट घरेलु प्रतियोगिता खेल्ने गर्थिन्। पछिल्ला वर्ष उनी प्रशिक्षण करियरतर्फ अग्रसर छिन्।

# फेरि नेपालको कप्तानमा सन्दीप

प्रिमियर कपका लागि अनुभवी खेलाडीको तुलनामा युवा खेलाडीलाई बढी अवसर दिइएको छ।




काठमाडौं, साउन २५ (नागरिक)- स्टार लेग स्पिनर सन्दीप लामिछाने नेपाली क्रिकेट क्रिकेट टोलीको कप्तानको भूमिकामा फर्किएको दिन दुई प्रतियोगिताका लागि महत्त्वपूर्ण परिवर्तन पनि भएका छन्।

नेपाल क्रिकेट संघ (क्यान) ले रोहितकुमार पौडेलको स्थानमा एकदिवसीयको कप्तानमा सन्दीपलाई नै पुनः जिम्मेवारी दिएको दिन आगामी एसिसी मेन्स प्रिमियर कप र अस्ट्रेलियामा तय टप एन्ड टी ट्वान्टी सिरिजका लागि नेपाली टोलीमा महत्त्वपूर्ण परिवर्तन गरिएको हो। एक नाबालिकामाथि शारीरिक शोषणको आरोपसँगै अनुशासनको कारबाहीपछि सन्दीप नेपाली राष्ट्रिय टोलीको कप्तानी जिम्मेवारीबाट हटेका थिए। उनको स्थानमा रोहित नै कप्तान भएका थिए। रोहितको कप्तानीमा नेपालले लगातार दुईवटा विश्वकप र एकदिवसीय विश्वकप छनोटसमेत खेल्यो। केही महिनाअगाडि मात्र रोहितलाई टी ट्वान्टी फरम्याटको कप्तानबाट हटाउँदै दीपेन्द्रसिंह ऐरीलाई जिम्मेवारी दिइएको थियो।

आइसिसी विश्वकप लिग-२ मा लगातार खराब प्रदर्शनसँगै रोहितले एकदिवसीयमा पनि कप्तानको जिम्मेवारी गुमाए। एकदिवसीय टोलीमा पनि केही परिवर्तन भएको छ। एकदिवसीय फरम्याटको लिग-२ मा लगातर खराब प्रदर्शन गरेपछि कुशल भुर्तेल सोही फरम्याटको प्रिमियर कपका लागि टोलीमा परेनन्। उनीसँगै अनुभवी तीव्र गतिका बलर सोमपाल कामी पनि टोलीमा परेका छैनन्। अर्का महत्त्वपूर्ण मध्यम गतिका बलर नन्दन यादव पनि टोलीमा समावेश भएनन्। उनी चोटका कारण बाहिरिएका हुन्। नन्दन भने पछिल्लो समय चोटका कारण टोलीबाट बाहिरिएका थिए। उनले लिग-२ अन्तर्गत नामिबियाविरुद्धको एक खेल खेलेपछि चोट बोकेका थिए। उनीहरूको स्थानमा करण केसी र हेमन्त धामीलाई निरन्तरता दिइएको छ।

अनुभवी फास्ट बलर सोमपालले पछिल्लो नेदरल्यान्ड्स भ्रमणमा अपेक्षाअनुसार प्रदर्शन गर्न सकेनन्। उनले लिग-२ का तीन खेलमा दुई विकेट मात्र लिएका थिए। चौथो खेलमा भने उनलाई अन्तिम-११ बाट बाहिर राखिएको थियो। त्यसैले प्रिमियर कपका सोमपाल टोलीमा परेनन्। तर, कुशल भुर्तेललाई पनि प्रिमियर कप टोलीबाट बाहिर राखिएको छ। उनी अस्ट्रेलियामा हुने टप एन्ड टी ट्वान्टी सिरिजका लागि नेपाल 'ए' टोलीमा समावेश भएका हुन्। पछिल्लो नेदरल्यान्ड्स भ्रमणमा कुशलको प्रदर्शन निराशाजनक थियो। उनले चार खेलमा कुल ४५ रन मात्र बनाउन सकेका थिए। सन् २०२५ यता १७ एकदिवसीयमा पनि कुशलको ब्याटबाट अपेक्षाअनुसार प्रदर्शन हुन सकेको छैन। यस अवधिमा उनले एक शतक र एक अर्धशतक मात्र बनाउन सकेका छन्।

सन् २०२६ मा घरेलु मैदानमा अमेरिकाविरुद्ध शतक प्रहार गरेका कुशलले त्यसबाहेक उल्लेख्य अर्धशतकीय इनिङ खेल्न सकेका छैनन्। उनको स्थानमा पछिल्लो समय राम्रो सम्भावना देखाएका युवा ब्याटरहरूलाई अवसर दिएको छ। प्रिमियर कपका लागि अर्जुन कुमाल, देव खनाल, सन्दीप जोरा र बसिर अहमदलगायत टोलीमा समावेश भए। टप एन्ड टी टेन सिरिजका लागि घोषणा गरिएको नेपाल 'ए' टोलीमा मध्यम गतिका बलर रिजन ढकाल र आकाश चन्द छन्। बलिङ अलराउन्डरतर्फ रासिद खान र नारायण जोशीलाई समावेश गरिएको छ। प्रिमियर कपका लागि अनुभवी खेलाडीको तुलनामा युवा खेलाडीलाई बढी अवसर दिइएको छ। ब्याटिङमा अर्जुन कुमाल, देव खनाल, सन्दीप जोरा र बसिर अहमदलाई अवसर दिँदा बलिङमा करण केसी र हेमन्त धामीले मुख्य जिम्मेवारी सम्हाल्नेछन्।

एसिसी प्रिमियर कप एसिया कप छनोटको माध्यम हो। जुन यसपल्ट बंगलादेशमा एकदिवसीय फरम्याटको हुँदै छ। प्रिमियर कपका शीर्ष तीन टोलीले एसिया कपमा स्थान बनाउने प्रावधान छ। गत संस्करण टी ट्वान्टी फरम्याटमा नेपाल तेस्रो हुन असफल भएको थियो। नेपाल त्यति बेला तेस्रो स्थानको प्लेअफमा हङकङसँग पराजित भएको थियो। हङकङले त्यसपछि एसिया कप राइजिङ स्टार्समा स्थान बनाएको थियो।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी